सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.com.np

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष २५ ● अंक २८ ● FRIDAY, 29 NOVEMBER 2019 ● काठमाडौं शुक्रबार, मंसिर १३, २०७६ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



# खेल महाकुम्भ


## आफैंलाई चिनाउने अवसर

पृष्ठ १८ मा



जनसरोकार

# विवादमा राइडिङ



यातायात व्यवस्था विभागले ३ मंसिरमा निजी सवारी साधनको प्रयोग तथा सञ्चालन सम्बन्धमा सूचना जारी गरेपछि राइडिङ सेयरिङ सेवा दिइरहेका टुटल र पठाओको सेवा अन्योलमा परेको छ । निजी सवारी साधन सञ्चालनमा ल्याउँदै आएका व्यवसायीले टुटल र पठाओले सार्वजनिक सवारीका रूपमा यात्रु बोकेर धेरै पैसा असुल्ने गरेको गुनासो बढेपछि यातायात व्यवस्था विभागले कानुनविपरीत भन्दै यात्रु बोक्न रोक लगाएको हो ।

टुटलले २ वर्षदेखि तथा पठाओले ६ महिनायता उपत्यकाभित्र मोटरसाइकल तथा स्कुटर भाडामा लिएर राइडिङ सेयरिङमार्फत सेवा प्रदान गर्दै आएका थिए । उनीहरूले मोबाइल एप्सको माध्यमबाट यात्रुहरूलाई उनीहरूको गन्तव्यसम्म पुऱ्याउने काम गरिरहेका थिए । तर, यातायात व्यवस्था विभागले पछिल्लो सूचनामा भने राइडिङ सेयरिङ सेवालाई अवैध करार गरेको छ । उक्त सूचनामा विभागले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ८ (२) मा 'निजी सवारी यातायात सेवाका लागि प्रयोग गर्न पाइने छैन' उल्लेख गर्दै कानुनको उल्लंघन गरी सार्वजनिक यातायातको रूपमा निजी सवारी साधन प्रयोग गरे विभागले कानुनअनुसार कारबाही गर्ने बताएको छ । यससँगै टुटल र पठाओको वैधानिकतामाथि समेत प्रश्न उठेको छ ।

विभागको उक्त कदमको पक्ष/विपक्षमा सामाजिक सञ्जालमा बहस सुरु भएको छ । यसका प्रयोगकर्ताले सामाजिक सञ्जालमा विरोध गरेका छन् । सूचना जारी भएलगत्तै ट्राफिक प्रहरीले पठाओ तथा टुटललाई समाएर कारबाही गर्न सुरु गरेको छ । गत आइतबार कानुनविपरीत मोटरसाइकल चलाएको भन्दै ट्राफिक प्रहरीले स्वयम्भूबाट १ जना पठाओ चालकलाई नियन्त्रणमा लिएको थियो । त्यस्तै ट्राफिक प्रहरीले टुटल तथा पठाओलाई चिट काटेर कारबाही पनि गरिरहेको छ । यातायात व्यवस्था विभागको निर्देशनअनुसार काम गरेको ट्राफिक प्रहरी महाशाखाले बताएको छ । ११ महिनाअघि पनि ट्राफिक प्रहरीले कानुनविपरीत सवारीसाधन सञ्चालनमा ल्याएको भन्दै पठाओ र टुटलमा प्रयोग भएका मोटरसाइकल तथा स्कुटरलाई कारबाही गरेको थियो । तर, त्यसको जनस्तरमा चर्को विरोध भएपछि प्रधानमन्त्री केपी ओलीले निर्बाध रूपमा चल्न निर्देशन दिएका थिए । टुटलमा करिब ९ हजार मोटरसाइकल तथा स्कुटर आबद्ध छन् भने पठाओसँग ८ हजार आबद्ध छन् ।

> विभागको पछिल्लो निर्देशनपछि ट्याक्सी तथा यातायात सेवा दिइरहेका निजी कम्पनीहरु हर्षित देखिएका छन् । तर, सर्वसाधारणमा भने यो कदमले असन्तुष्टि चुलिएको छ ।

विभागको पछिल्लो निर्देशनपछि ट्याक्सी तथा यातायात सेवा दिइरहेका निजी कम्पनीहरू हर्षित देखिएका छन् । तर, सर्वसाधारणमा भने यो कदमले असन्तुष्टि चुलिएको छ । 'बेरोजगार युवाले टुटल/पठाओबाट आम्दानी गरेका थिए,' कुमार मणि नामका सामाजिक सञ्जाल प्रयोगकर्ताले लेखेका छन्, 'सरकारले रोजगार नदिने, आफैं काम गरेर खान्छौं भन्दा पक्राउ गर्ने । कानुन छैन भने बनाउने हो । काम गरेर खाने अधिकार संविधानले दिएको होइन र ?'

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

मंसिर १५ गते
विवाहपञ्चमी,
विश्व एड्स दिवस

मंसिर १६ गते
अन्तर्राष्ट्रिय दासता उन्मूलन दिवस

मंसिर १७ गते
विश्व अपाङ्ग दिवस

## मेष
प्रतिभा प्रदर्शन गर्दा नयाँ साथी भेटिने सम्भावना छ । आर्थिक पक्ष सबल भई विदेश भ्रमण गर्ने अवसर जुट्न सक्छ । परिस्थितिको हेक्का राखी अवसरलाई चुनौतीका रूपमा शिरोधार्य गरी प्राप्त मौका नगुमाउनुहोला । साताको अन्त्यमा मान-प्रतिष्ठा प्राप्त हुने योग देखिन्छ ।

## वृष
विविध नयाँ कार्य क्षेत्र पहिचान गरी सफलतासमेत हात पार्दा देखासिकी गर्नेहरूको मन लोभिनेछ । कार्यव्यस्तता बढी हुँदा स्वास्थ्यमा विशेष ध्यान दिनुपर्नेछ । नीलो रंग अवलम्बन गर्न सके थप चुनौती सामना गर्न सहज हुनेछ । साताको अन्त्यमा स्वास्थ्यमा विशेष ध्यान पुऱ्याउनुहोला ।

## मिथुन
कमजोरीहरू सच्याउँदै बिग्रिएको सम्बन्ध पुनः सुमधुर बनाउन सकिनेछ । अरूको मन जित्दाले सजिलै सहयोग जुट्नेछ । अध्ययन-अध्यापनमा ध्यान केन्द्रित हुनेछ । आध्यात्मिक चिन्तनले समाजसेवातर्फ अभिप्रेरणा जगाउन सक्छ । प्रतिस्पर्धीहरूलाई पछि पार्दै विशेष कामको जग बसाउन सकिनेछ ।

## कर्कट
मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । प्रतिस्पर्धीहरूलाई उछिन्दै विशेष अवसर हात पार्न सकिनेछ । प्रेम र मित्रताको बन्धन कसिन सक्छ । रमाइलो जमघटमा सहभागी बन्ने अवसर प्राप्त हुनेछ । सोमबार र मंगलबार मन खिन्न रहे पनि सप्ताहन्तमा पुनः उत्साह जाग्नेछ ।

## सिंह
छोटो समयमा विशेष उपलब्धि हासिल गर्न सकिनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ । परिस्थितिले खराब आचरण हुनेहरूको संगतमा पुऱ्याउन सक्छ । प्रलोभन देखाउनेहरूबाट टाढा रहँदै प्रतिष्ठा जोगाउने चेष्टा गर्नुहोला । साताको अन्त्यमा टाढाका साथीभाइसँग सम्बन्ध बढ्नेछ ।

## कन्या
कलाकौशल देखाएर प्रशंसकहरूलाई फरक अनुभूति प्रदान गर्न सकिनेछ । केही दिनको अन्तरमा मायालुसँग भेट हुँदा मन प्रफुल्लित हुनुका साथै ठाकठुकसमेत पर्न सक्छ । परोपकारमा सक्रिय हुँदा आत्मसन्तुष्टि प्राप्त हुन सक्छ । तपाईंको सामाजिक सक्रियताले परिवारकै प्रतिष्ठा वृद्धि गराउने योग छ ।

## तुला
मेहनतले कामको अवसर जुटाउन सक्छ । अँटिका काममा विशिष्ट व्यक्तिहरूको सहयोग जुट्न सक्छ । दिगो फाइदा हुने काम वा नोकरी भेटिने सम्भावना छ । राम्रै आम्दानी हुनेछ भने भौतिक साधनहरूसमेत जुटाउन सकिनेछ । विद्वान्हरूको संगतमा नयाँ कुरा सिक्ने अवसर प्राप्त हुनेछ ।

## वृश्चिक
अवरोध खडा गर्नेहरू सक्रिय रहे पनि हिम्मतका साथ काममा जुट्नुहोला । प्रतिस्पर्धीहरूलाई उछिन्दै विशेष उपलब्धि हात पार्ने समय छ । राम्रै आम्दानी हुने रोजगारी प्राप्त हुनेछ । अभिभावकजनसँग वैचारिक द्वन्द्व हुनेछ भने आफ्ना कमजोरीप्रति गुनासो बढ्न सक्छ ।

## धनु
खर्चको मात्रा बढे पनि धेरै आवश्यकता पूरा हुनेछन् । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । रोकिएका काममा दोहोऱ्याएर प्रयास गर्दा फाइदा हुनेछ । विदेश भ्रमणको प्रयत्न सफल हुन सक्छ । नजिकका साथीभाइ टाढिए पनि नयाँ साथी भेटिएलान् । प्रेमको बन्धन कसिने सम्भावना छ ।

## मकर
प्रतिकूल परिस्थितिमा शुभचिन्तकहरू कमै हुनेछन् भने फाइदा उठाउनेहरू प्रशस्त भेटिनेछन् । आइतबारदेखि प्रगतिको मार्ग पहिल्याउन सकिनेछ । पुरुषार्थले अप्ठ्यारा समस्या सुल्झाउँदै धन एवं प्रतिष्ठा दिलाउन सक्छ । काम देखाएर धेरैको प्रशंसा बटुल्न सकिनेछ । समाजसेवातर्फ आकर्षित भइनेछ ।


## कुम्भ
पारिवारिक सुझावमुताबिक व्यवसाय सञ्चालन गर्दा उचाइ लिन लामो समय कुर्नुपर्ने छैन । साथी-संगीसँग नगदको कारोबार गर्दा विवेक पुऱ्याएर गर्नुपर्नेछ । भोजभतेरमा संलग्न भई अबेरसम्म मनोरञ्जन गर्दा समयको ख्याल गर्नुपर्नेछ । नीलो रंगको अवलम्बनले सहयोगी भूमिका निर्वाह गर्नेछ ।

## मीन
जीवनशैलीमा परिवर्तन ल्याउन दृढ संकल्पको खाँचो पर्नेछ । पहिलेदेखिको योजना कार्यान्वयनमा ढिलाइ गर्नाले पछि परिनेछ । भविष्यका निम्ति ठोस निर्णय गर्न पारिवारिक मत मिल्नेछ । सवारी साधन तथा विद्युतीय उपकरण सञ्चालन गर्दा होस पुऱ्याउनुपर्नेछ ।



तस्बिर : राजाराम पौडेल

कान्तिपुर गाथा



किशोर नेपाल

# पर्यटन वर्षको सँघारमा पोखरा

> पर्यटनका लागि संसार प्रसिद्ध सहरमा पर्यटकहरूको आगमन निश्चय पनि राम्रो कुरा हो । तर, पोखराको पर्यावरणको सुरक्षाका लागि अलिकति पनि काम भएको छैन । फेवाको स्वरूप खुम्चिंदैछ । जलकुम्भीको प्रकोप कुनै पनि बेला बढ्न सक्छ ।

महानगर पोखराका सम्झनालाई ताजा तुल्याएर वर्तमान परिस्थितिको सामान्य आँकलन गर्न मिलाइएको समय खेर गयो । दिग्गज नाटक निर्देशक तथा कलाकार अनुप बरालसँग भेटघाट नहुने भयो । अरू व्यक्तित्वहरू पनि विविध कारणले भेट हुन सकेनन् । राजनीतिक व्यक्तिहरू उप-चुनावमा व्यस्त थिए । अनुप बरालसँग भेट हुन नसक्नुको कारण रमाइलो थियो । अहिले धान काट्ने, चुट्ने र थन्क्याउने समय हो । अनुपले पनि खेतबाट धान जम्मा पारेर ल्याउनैपर्ने भयो घरमा । घरका पुरुष सदस्यमा अनुप र उनका बुवा, अर्का दिग्गज कलाकार, दुर्गा बराल मात्रै । अनुप बताउँदै थिए, ‘बुवा अलिकति काममा व्यस्त हुनुहुन्छ’ र ‘आमा बिरामी । आमा यो मौसममा पानी पिउन गाह्रो मान्नुहुन्छ । पानी नपिएपछि उहाँको पिसाबमा इन्फेक्सन भइहाल्छ ।’

अनुपसँगको मेरो टेलिफोन वार्ता नाटक-संवादभन्दा कम थिएन । उनी आफ्नो घरेलु परिस्थिति बताइरहेका थिए । म रमाइलो मानेर सुनिरहेको थिएँ । केही समयअघि अनुपले काठमाडौं छोड्ने र पोखरा फर्किने निर्णय लिंदा मलाई अचम्म लागेको थिएन । त्यति बेला लागेको थियो, नेपाली नाटकको आकाशमा पोखरा प्रस्ट देखिने भयो । यो एक हिसाबले अनुपको मनको शान्ति पनि थियो ।

अर्थात, बिहान पोखरामा स्वादिलो कफी र सुकिलो कफीसँगै हुन लागेको अनुपसँगको कफी गफ नहुने भए पनि पोखराको प्राकृतिक सौन्दर्यको आँकलन रोकिने भएन । हामीले टेलिफोनबाटै पोखरा छलफल चलाउने निधो गर्‍यौं । त्यसपछि अनुप आमालाई लिएर अस्पताल गए होलान । म सोच्न थालें, सिर्जनाको संसारमा रमाउने अनुप बराल घर-व्यवहारमा पनि उत्तिकै रमाउँदा रहेछन् ।

मेरो मनमा अरू नै कुरा खेलिरहेका थिए । म चाहन्थें, अनुप जन्मिएको प्रकृतिको यो सहरको स्वरूप कसरी क्रमशः नष्ट हुँदै गएको छ । अनुपको तन्नेरी अवस्थामा कस्तो थियो फेवा ? र कस्तो थियो अरू तालहरूको अवस्था ? कति खुम्चियो फेवाताल ? सहर वरपरका जंगलहरूमा कस्तो परिवर्तन आयो ? यी विवरण अर्को कुनै अंकमा । अहिलेका लागि अहिले कै पोखरा । त्यो पनि फेवा किनाराको पर, पामेजाने बाटोको छेउमा रहेको, कफी ब्रेक क्याफेबाट ।

पोखरा अहिले मेसिनीकरणको होडमा लागेको छ । मानिसको मन यसको प्राकृतिक सौन्दर्यमा भन्दा पनि प्याराग्लाइडिङ, बन्जी र अरू यस्तै उड्ने र गुड्ने कुरामा रम्न थालेको छ । यसका साथै, पोखराको पर्यावरण संकटमा फस्दै गएकोमा स्थानीय चेतनशील समाज चिन्तित छ । यो चिन्ताको कुनै सीमा छैन । यति बेला लेकसाइडमा पर्यटकहरूको मेला लागेको छ । पोखराका लागि र नेपालकै लागि यो शुभसंकेत हो ।

पर्यटनका लागि संसार प्रसिद्ध सहरमा पर्यटकहरूको आगमन निश्चय पनि राम्रो कुरा हो । तर, पोखराको पर्यावरणको सुरक्षाका लागि अलिकति पनि काम भएको छैन । फेवाको स्वरूप खुम्चिँदैछ । जलकुम्भीको प्रकोप कुनै पनि बेला बढ्न सक्छ । पोखराका अन्य तालहरूको आकर्षणको आवश्यक प्रचार हुन सकेको छैन । जनसंख्याको ठूलो भाग फेवातिरै बराल्लिन चाहन्छ भने त्यसको कारण फेवा किनारामा पाइने सुविधाको परिकल्पना अन्यत्र गर्न सकिँदैन । बेगनास र रूपातालमा पनि त्यसप्रकारको सुविधा भए ती पनि एक नम्बरका डेस्टिनेस नहुन्थे ।

एक महिनापछि सुरु हुने पर्यटन वर्ष सफल बनाउने हो भने पोखराका अन्य तालहरूको महत्व र आकर्षणको प्रवर्द्धन आवश्यक छ । आखिर, जसले जे भने पनि, पर्यटन वर्षमा मानिसलाई तान्ने र लोभ्याउने एकमात्र पर्यटक सहर त पोखरा नै हो ।

पोखरा सहरको स्वरूप बडे बडे भवनहरूले बिगार्न थालेका छन् । यो प्रवृत्तिलाई रोक्न सकिएन भने पोखरा ‘सौन्दर्यको सहर’ रहने छैन । यो सहरका आकर्षणका विभिन्न आयामलाई बिग्रिन दिनु हुँदैन । सहरमा केबुलकार आउने कुरा सुनिएको छ । त्यो पर्यटन प्रवर्द्धनका लागि आवश्यक छ । त्यसले पोखराको सौन्दर्यको प्रवर्द्धनलाई सघाउनुपर्छ । अहिलेसम्म पोखराले धनी र गरिब पर्यटकमा विभेद गरेको छैन । बढ्दै गएका विभिन्न प्रकारका सुविधा र सहुलियतले यसको रूप बिथोल्न सक्छ । त्यतातिर आवश्यक छ पोखरेली समाजको सक्रियता ।

पत्रकार दीपेन्द्र श्रेष्ठका शब्दमा, ‘पोखराले यसको मौलिकता गुमाउँदै गएको छ । पोखरा भनेको ताल र हिमालको सहर हो । पहिले पोखराको सडकमा हिँड्दा हिमाल सँगसँगै हिँडेजस्तो लाग्थ्यो । अहिले हिमालको आफ्नै सौन्दर्य खस्किन थालेको छ । हिमश्रृंखलाका धेरै भाग हिउँबिनाका काला डाँडा देखिन्छन् । सहरलाई हरित सहर बनाउने चर्चा सुनिएको धेरै भयो । त्यसलाई यथार्थमा परिणत गर्न सकिएको छैन । सुकुम्वासीको व्यवस्थापन गर्न नसक्दा बसपार्क बन्न सकेको छैन । सहरमा प्रदूषण बढेको छ । कतिपय मानिस ‘मास्क’ लगाएर हिँड्न थालेका छन् ।’

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक
सूचना तथा मनोरञ्जनको सँगालो साप्ताहिक पत्रिकाको आधिकारिक वेबसाइट
www.saptahik.com.np
GET IT ON Google Play
Available on the App Store

फिचर

# घोषणा महत्वकांक्षी काम शून्य



■ उमेश थापा, अभिनेता तथा कविता गुरुङ, अभिनेत्री

"

एक्सन अभिनेताका रूपमा परिचित निखिल उप्रेतीको चलचित्र 'कमिटमेन्ट सिक्सटी आवर्स' पनि छायांकनकै बीचमा रोकिएको छ । महँगो बजेट भनिएको यो चलचित्रमा बलिउडका कलाकारको अभिनय रहे पनि यसको काम सकिएको छैन ।

नेमिष गौतम

२०७४ वैशाख १७ गते चलचित्र 'लभ लभ लभ' की निर्मात्री शर्मिला पाण्डेले नेपालबाट हिँडेरै अमेरिका पुग्ने तीन नेपालीको कथामा आधारित रहेर नयाँ चलचित्र निर्माण गर्ने घोषणा गरिन् । दीपेन्द्र के खनालले निर्देशन गर्ने भनिएको यो अनटाइटल चलचित्रका अन्य दुई कलाकारपछि फाइनल गर्ने गरी अभिनेता खगेन्द्र लामिछाने मात्र सार्वजनिक गरियो । दीपेन्द्रकै कथा रहने भनिएको यो चलचित्रको वर्तमान अवस्था के छ, स्वयं निर्माण पक्ष र निर्देशक मात्र जानकार छन् ।

२०७४ जेठ २१ गते आशुसेन फिल्म्सले तत्कालीन राजा दीपेन्द्र शाहमाथि आधारित रहेर चलचित्र 'दीपेन्द्र सरकार' निर्माणको घोषणा गर्‍यो । राजधानीको याक एन्ड यती होटलमा निकै तामझामका साथ आयोजित घोषणा कार्यक्रममा चलचित्रका केन्द्रीय पात्र दीपेन्द्रका रूपमा अभिनेता प्रदीप खड्कालाई युवराजधिराजकै गेटअपमा उपस्थित गराइयो । चलचित्रका निर्माता सन्तोष सेनले नेपाल, बेलायत र अमेरिकामा भव्य सेट खडा गरेर चलचित्र 'दीपेन्द्र सरकार' छायांकन गर्ने भने पनि यो चलचित्रको अहिले 'चाइचुइँ' केही छन् ।

चलचित्र 'दीपेन्द्र सरकार' र अनटाइटल चलचित्रजस्तै पछिल्लो दशकमा धेरै चलचित्र निर्माण गर्ने घोषणा गरिए पनि नबनेका उदाहरण उस्तै छन् । निकै तामझाम र प्रचारप्रसार गरी चलचित्र निर्माणको घोषणा गरे पनि पछि भने निर्माण पक्ष चापचुप नै छन् । एभरेस्ट सूर्य बोहोराको 'भैरे-२', अभिनेत्री रेखा थापाको 'कसले चोर्‍यो मेरो मन फेरि', 'रत्ना', विचल किराँतीको 'राजा साहेब', प्रदीपकुमार उदयको 'अधकट्टी-२', रविन श्रेष्ठको 'मुखौटा-२', भुवन केसीको 'करोडपति-२', करण केजी श्रेष्ठको 'ल्याइल्याङ' निर्माण हुने हल्लाखल्ला भए पनि निर्माण नभएका चलचित्रमा पर्छन् । चलचित्र 'राजा साहेब'ले त काठमाडौंमा कलाकार सार्वजनिक गरेरै चाँडै सुटिङ गर्ने घोषणा गरेको थियो, तर व्यवहारमा कहींकतै देखिएन ।

## हल्लै बढी

करिब ५ करोड रुपैयाँको लागतमा निर्माण गर्ने भनिएको शर्मिलाको अनटाइटल प्रोजेक्टको चलचित्र नेपालबाट सुरु भई भारत, थाइल्यान्ड, ब्राजिल, कोलम्बिया, मेक्सिको हुँदै अमेरिकामा टुंगिने भनिएको थियो, तर त्यो यात्रा न त सुरु भयो, न त टुंगियो नै । नेपालबाट अमेरिकासम्म पुगेर यो चलचित्र नबनाए पनि शर्मिलाले नेपालमै 'चंगाचेट', 'घर' र हाल पोस्ट प्रोडक्सनमा रहेको चलचित्र 'आमा' बनाइन् । चलचित्र 'चंगाचेट' र 'आमा'का निर्देशक दीपेन्द्र के खनाल नै हुन् ।

सन्तोषले 'दीपेन्द्र सरकार'को घोषणा कार्यक्रममा चलचित्रका लागि ५ करोड ५० लाख रुपैयाँको लगानी रहने बताएका थिए । उनले नेपाल, बेलायत र अमेरिकामा भव्यसेट बनाएर चलचित्र छायांकन गरिने भने पनि त्यो घोषणालाई थाँती राखेर उनी यतिबेला 'प्रेमगीत'को तेस्रो सिरिज 'प्रेमगीत ३'को निर्माण गरिरहेका छन् । यो निर्माणाधीन चलचित्रका लागि उनले कीर्तिपुरमा सेट नै बनाएका छन् । जुन चलचित्रमा अभिनेता प्रदीप खड्का प्रमुख भूमिकामा छन् ।

विचल राईको चलचित्र 'राजा साहेब'मा मुख्य भूमिकामा देखिन लागेका अभिनेता रमित ढुंगानाले चलचित्रकै लागि १८ लाख रुपैयाँ पारिश्रमिक लिएको चर्चा चल्यो । चलचित्रका लागि रमित फरक गेटअपमा देखिने भनिए पनि घोषणा कार्यक्रममा लामो दाह्रीमा देखिएका रमित 'राजा साहेब'का लागि के गर्दैछन् भन्ने निर्माण पक्षबाहेक अन्यलाई अत्तोपत्तो छैन ।

एक्सन अभिनेताका रूपमा परिचित निखिल उप्रेतीको चलचित्र 'कमिटमेन्ट सिक्सटी आवर्स' पनि छायांकनकै बीचमा रोकिएको छ । महँगो बजेट भनिएको यो चलचित्रमा बलिउडका कलाकारको अभिनय रहे पनि यसको काम सकिएको छैन । बरु निखिल 'भैरव'को सिरिज 'आयो भैरव'को काममा व्यस्त छन् ।

"

चलचित्र 'दीपेन्द्र सरकार' र अनटाइटल चलचित्रजस्तै पछिल्लो दशकमा धेरै चलचित्र निर्माण गर्ने घोषणा गरिए पनि नबनेका उदाहरण उस्तै छन् । निकै तामझाम र प्रचारप्रसार गरी चलचित्र निर्माणको घोषणा गरे पनि पछि भने निर्माण पक्ष चापचुप नै छन् ।

वास्तविक प्रेमकथामा आधारित रहेर निर्माण गरिएको चलचित्र 'बोबी' को सिक्वेल 'बोबी-२ : बाँकी कथा' निर्माण घोषणा गरिएको एक वर्ष हुन लाग्दा यसको पनि अत्तोपत्तो छैन । उमेश थापा र कविता गुरुङको वास्तविक प्रेमकथा प्रस्तुत गरिएको चलचित्र 'बोबी'ले औसत सफलता पाएपछि निर्देशक मिलन चाम्सले आफ्नै निर्माण र निर्देशनमा 'बोबी-२ : बाँकी कथा'को घोषणा गरेका थिए । चाम्स इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुने भनिएको यो चलचित्र गत वर्षको चैतमै फ्लोरमा जाने भने पनि अहिलेसम्म छायांकन सुरु भएको र सकिएको कहींकतैबाट खबर आएको छैन ।

मिलनकै निर्देशन तथा निर्माता सुदीप खड्काको निर्माण बन्ने भनिएको चलचित्र 'ब्याचलर बन्टी' पनि चर्चा पाएर नबनेको अर्को चलचित्र हो । यो चलचित्रका लागि अभिनेता अनमोल केसीले ५० लाख पारिश्रमिक लिएको खबरले चलचित्र क्षेत्र गर्माएको थियो, तर सम्झौताको केही समय बित्न नपाउँदै अनमोलले चलचित्र नगर्ने निर्णय लिए । अनमोलले चलचित्र नगर्ने निर्णय लिएको केही समयपछि निर्देशक मिलनले पनि आफूले चलचित्र नगर्ने केही अनलाइन सञ्चारमाध्यमलाई बताएका थिए ।

## किन रोकिए चलचित्र ?

घोषणा भएका चलचित्र नबन्नुमा निर्माता तथा निर्देशकको आ-आफ्नै धारणा छ । कोही बजेटको अपुग, कोही स्क्रिप्टको काम त कोही सरकारी पक्षबाट ढिला भइरहेको दाबी गर्छन् । चलचित्र 'दीपेन्द्र सरकार'का निर्माता सन्तोष सेन आफ्नो चलचित्र अहिलेसम्मकै ठूलो प्रोजेक्ट भएको र त्यसलाई दुई चरणमा लैजानुपर्ने भएकाले समय लागेको बताउँछन् । 'हामीले दरबारको कथा देखाउन लागेका हौं । चलचित्रको स्क्रिप्टको काम भइरहेको छ । दरबारसम्बन्धी कथाको चलचित्र भएकाले दरबार र सरकारले चलचित्रको स्क्रिप्ट फाइनल गरेपछि काम अघि बढ्छ । हामी अहिले त्यही काम गरिरहेका छौं', सेन भन्छन्, 'एउटा वास्तविक कथालाई चलचित्रको कथात्मक शैलीमा मिलाएर लैजाँदा समय लाग्दो रहेछ ।'



■ दीपेन्द्र के. खनाल, निर्देशक तथा खगेन्द्र लामिछाने, अभिनेता




■ चलचित्र दीपेन्द्र सरकारको घोषणा कार्यक्रम

## दर्ताको बाढी

कुनै पनि चलचित्र बनाउनका लागि चलचित्र विकास बोर्डबाट निर्माण इजाजत प्रमाणपत्र लिनुपर्छ । यो प्रक्रिया पूरा गर्नका लागि उक्त चलचित्र बोर्डमा दर्ता हुनुपर्छ । बोर्डको तथ्यांक हेर्ने हो भने बोर्डबाट चलचित्र निर्माणको इजाजत पत्र प्राप्त गर्ने चलचित्रको सूची लामै छ । डिजिटलतर्फ आर्थिक वर्ष ०६६/६७ मा ८०, ०६७/६८ मा ५८, ०६८/६९ मा २९, ०६९/७० मा १ सय २४, ०७०/७१ मा १ सय ७७, ०७१/७२ मा १ सय ३६, ०७२/७३ मा १ सय ३९, ०७३/७४ मा १ सय ९३, ०७४/७५ मा १ सय ९३, ०७५/७६ मा १ सय ६७ र ०७६/७७ मा १७ (भदौ १८ सम्म) चलचित्र दर्ता भएका छन् ।

त्यस्तै सेल्युलाइडतर्फ ०५०/५१ मा १ सय ५२, ०५२/५३ मा २६, ०५३/५४ मा २७, ०५४/५५ मा ४४, ०५५/५६ मा ५८, ०५६/५७ मा ६९, ०५७/५८ मा ५९, ०५७/५८ मा १५, ०५८/५९ मा ६२, ०५९/६० मा ४८, ०६०/६१ मा २६, ०६१/६२ मा ३०, ०६२/६३ मा ३९, ०६३/६४ मा ६२, ०६४/६५ मा ५६, ०६५/६६ मा १ सय ४, ०६६/६७ मा ८५, ०६७/६८ मा २८, ०६८/६९ मा ८, ०६९/७० मा १ र ०७२/७३ मा १ चलचित्र दर्ता भएका छन् ।

हामी दर्शकलाई भ्रम र दरबारलाई अप्ठ्यारो नपर्ने हिसाबले चलचित्र बनाउँछौं । त्यसकारण पनि समय लागेको हो ।'

निर्देशक खनाल नेपालबाट हिँडेरै अमेरिका पुग्ने कथाको चलचित्रमा केही अप्ठ्यारा आएकाले चलचित्र बन्न समय लागेको बताउँछन् । 'चलचित्रको काम गर्न केही अप्ठ्यारा समस्या देखिएका छन् । मुख्य कुरा त बजेट नै पुगेको छैन । चलचित्रको कथाअनुसार प्रमुख कलाकार विभिन्न देशको यात्रा गर्दै अमेरिका पुग्नुपर्ने हुन्छ । चलचित्रका लागि प्रतिबद्ध कलाकारको खाँचो छ । यो चलचित्रका काम गरेपछि केही समयका लागि कलाकारले घरपरिवार र देश नै छोड्नुपर्ने हुन्छ, तर नेपालका कलाकारहरू एउटा चलचित्रको काम सक्न पाएको छैन, अर्को चलचित्रमा अभिनय गर्न हतारिन्छन्', उनी भन्छन्, 'अर्को प्रमुख समस्या भनेको सुरक्षा पनि हो । नेपालबाट सुरु भएको चलचित्रको कथा भारत, थाइल्यान्ड, ब्राजिल, कोलम्बिया, मेक्सिको हुँदै अमेरिकामा टुंगिन्छ । नेपालबाहेकका देशमा सुटिङ गर्नका लागि सुरक्षाको प्रबन्ध कसरी गर्ने भन्ने सल्लाह भइरहेको छ । कलाकार र प्राविधिकको ठूलो टोलीलाई सुरक्षाको ग्यारेन्टी नभएसम्म सुटिङ गर्न त समस्या भइहाल्छ नि ।'

निर्मात्री तथा निर्देशक रेखा थापा आफ्नो योजनामा चलचित्र 'कसले चोर्‍यो मेरो मन'को सिक्वेल 'कसले चोर्‍यो मेरो मन फेरि' परे पनि त्यसका लागि केही समय लाग्ने बताउँछिन् । 'कसले चोर्‍यो मेरो मन फेरि र रत्ना बनाउने चर्चा चलिरहँदा रुद्रप्रिया बनाएँ', रेखा भन्छिन्, 'कुनै पनि चलचित्र घोषणा गर्नासाथ बन्छ भन्ने पनि छैन । त्यसका लागि आन्तरिक तयारी भइरहेको छ ।'

चलचित्र 'बोबी-२ : बाँकी कथा'का निर्माता तथा निर्देशक मिलन चाम्स चलचित्रको स्क्रिप्टको काम सकिए पनि निर्माणको काम भने केही समय लम्बिने बताउँछन् । 'चलचित्र नबन्ला कि भन्ने कुरामा शंका नगर्दा नै राम्रो हुन्छ । चलचित्र भन्नासाथ नै निर्माण हुँदैन', उनी भन्छन् । मिलन अहिले 'गोर्खा वारियर' मा व्यस्त छन् ।

### बन्लान् त रोकिएका चलचित्र ?

घोषणा गरिएका चलचित्र बन्नेमा निर्माता तथा निर्देशकहरू ढुक्क छन् । अहिले तयारी चरणमा रहेको बताउने उनीहरूले आफ्नो चलचित्र बन्नेमा ढुक्क रहन दर्शकसँग आग्रह गरेका छन् । निर्देशक खनाल चलचित्रको स्क्रिप्टको काम भइरहेकाले चलचित्र बन्ने वा नबन्ने भन्ने दोधारमा नरहन आग्रह गर्छन् । । 'स्क्रिप्टको काम अन्तिम चरणमा पुगेको छ । हामीलाई मेथड एक्टिङ गर्ने कलाकार चाहिएको छ । त्यस्तो कलाकारको खोजी भइरहेको छ', दीपेन्द्र भन्छन्, 'हामी मेथड मेकिङ गर्दैछौं । यसको प्रयोग चलचित्र आमामा पनि गरेका छौं । यो केही भिन्न र संवेदनशील मेकिङ भएकाले यसमा केही समय लाग्छ ।'

निर्मात्री तथा अभिनेत्री रेखा चलचित्र 'कसले चोर्‍यो मेरो मन फेरि' ठूलो क्यानभासको हुने भएकाले समय लागेको दाबी गर्छिन् । 'कसले चोर्‍यो मेरो मन फेरि ठूलो क्यानभासको चलचित्र हो । त्यो बनाउन केही समय त लाग्छ नै । कस्तो क्यानभासको बनाउने, बजेट कति दिने र कलाकार को राख्ने भन्ने केही सोचेको छैन', रेखा खुल्छिन्, 'यो चलचित्र बन्छ भन्नेमा हामी ढुक्क छौं । अहिले समय लागेकाले मात्र नबन्ला कि भन्ने शंका उब्जिनु स्वाभाविक नै हो ।' रेखा हाल नयाँ चलचित्रको स्क्रिप्टको काममा व्यस्त छिन् । रेनेशा बान्तवा राईले निर्देशन गर्ने चलचित्रको छायांकन फागुनबाट सुरु हुनेछ ।

> नयाँ निर्माताहरू योजना बिना नै चल्छन्, तर पुराना निर्माताहरू योजनाबद्ध किसिमले हिँड्छन् । त्यसकारण पुराना निर्मातामा यो समस्या देखिँदैन ।
>
> सोभित बस्नेत, निर्माता

निर्माता तथा निर्देशक चाम्स स्क्रिप्टको काम सकिए पनि अन्य कलाकारको छनोटदेखि लिएर प्राविधिक काम बाँकी रहेको बताउँछन् । 'ती काम सकिनासाथ चलचित्रको काम सुरु हुन्छ, तर त्यसका लागि दर्शकले केही समय पर्खनैपर्छ', मिलन भन्छन् ।

निर्माता सेनले विवेककुमार शाहको पुस्तक 'मैले देखेको दरबार'बाट प्रभावित भई 'दीपेन्द्र सरकार' बनाउन लागेका हुन् । 'मैले यो पुस्तकबाट चलचित्र बनाउने अधिकार लिइसकेको छु । त्यो नामबाट चलचित्र बनाउन सजिलो नहुने भएकाले 'दीपेन्द्र सरकार' नाम राखेको हुँ', सेन भन्छन्, 'दरबारबाट चलचित्र निर्माणका लागि मौखिक इजाजत पाइसकेको छु । केवल लिखितम् प्रतिबद्धता बाँकी छ ।' शाह आफू हाल चलचित्र 'प्रेमगीत-३' पछि अर्को नयाँ प्रोजेक्टको काम सकेर 'दीपेन्द्र सरकार' तिर लाग्ने बताउँछन् ।

### विगतमा झन् बढी समस्या

चलचित्रकर्मीहरूका अनुसार अहिले मात्र होइन, वर्षौ अघिसम्म पनि यो समस्या ज्यूँका त्यूँ नै थियो । पुराना चलचित्र निर्माता तथा निर्देशक शोभित बस्नेतको अनुभवमा अहिले भन्दा पहिले एकै पटक धेरै चलचित्र घोषणा गर्ने चलन बढी थियो । 'अहिले त घोषणा गरिएका चलचित्र निर्माता र निर्देशकले बनाइ नै रहेका हुन्छन्, तर पहिला त एउटै मान्छेले सातदेखि १० वटासम्म चलचित्रको घोषणा गर्थे । अनि बल्लतल्ल एउटा चलचित्र बनाउथे, त्यो फ्लप भएपछि निर्माताको भागाभाग नै हुन्थ्यो', शोभितको बुझाइ छ, 'अहिले घोषणा गरिएका चलचित्रहरूमध्ये १० प्रतिशत मात्र बन्दैनन् । पहिला त ५० प्रतिशत बन्थे, ५० प्रतिशतको नामो निशान हुँदैन थियो ।'

शोभितको अनुभवमा निर्माता तथा निर्देशकहरूबिना योजना चलचित्र घोषणा गरेर आफैं फस्ने गरेका छन् । 'कस्तो चलचित्र कसरी बनाउने भन्ने योजना नै हुँदैनथ्यो । निर्माताको दिमागमा चलचित्र लाइन भनेको धाक र सान देखाउने लाइन हो भन्ने मात्र थियो', शोभित भन्छन्, 'नयाँ निर्माताहरू योजना बिना नै चल्छन्, तर पुराना निर्माताहरू योजनाबद्ध किसिमले हिँड्छन् । त्यसकारण पुराना निर्मातामा यो समस्या देखिँदैन ।'

अन्य क्षेत्र जस्तै चलचित्र पनि व्यावसायिक क्षेत्र हो । जोकोही लगानीकर्ताहरू चलचित्रमा लगानी गरेर प्रतिफल उठाउन चाहन्छन्, तर चलचित्र मात्र घोषणा गर्ने, त्यसको निर्माणका लागि समय पर्खिने चलनले चलचित्र नै बन्ने वा नबन्ने भन्ने टुंगो नै लाग्दैन । त्यसको असर निर्माताले त भोग्छन् नै, सोही चलचित्रका लागि समय छुट्याएका कलाकार तथा प्राविधिकले झन बढी असर भोग्छन् ।



■ रेखा थापा



■ सन्तोष सेन



■ मिलन चाम्स



■ सोभित बस्नेत

कर्पोरेट

# ‘क्यान्सरलाई हराएँ, बैंक पछ्याएँ’

**प्रकृति दाहाल**

क्यान्सर लागेपछि सबैलाई लाग्ने गर्छ– अब जीवन सकियो । तर, आत्मविश्वासका साथ अघि बढ्न सके क्यान्सरलाई जित्न पनि सकिन्छ ।’ यो भनाइ हो– क्यान्सरपीडित चर्चित अभिनेत्री मनीषा कोइरालाको । मनीषा क्यान्सरलाई जितेर पछिल्लो समय समाजसेवामा लागेकी छन् ।

उनी मात्र होइन, क्यान्सरलाई जितेर समाजमा राम्रो काम गरिरहेका उदारहणहरू एकपछि अर्को थपिँदै गएका छन् । यसको राम्रो एक उदाहरण हुन्– बैंकर्स बसुदा नेपाल पोखरेल । उनी हाल एनसीसी बैंकमा असिस्टेन्ट म्यानेजरका रूपमा कार्यरत छन् । रौतहटको गौरमा जन्मेकी नेपालले बैंकमा काम गर्ने रहरका कारण विद्यालयस्तरदेखि नै एकाउन्ट पढिन् । विश्वविद्यालयमा पनि कमर्स पढिन् ।

स्नातक लेभलको अध्ययन सकेर बैंकमा जागिर खाने रहर बोकेकी उनी त्यति नै बेला वैवाहिक सम्बन्धमा जोडिन पुगिन् । विवाह भएपछि घरबारको अल्झनले अध्ययन र काममा बाधा पुगेको उनी बताउँछिन् । अझ बच्चा भएपछि कामको त कुरै भएन, तर पनि केही गर्न खोज्नेका लागि उपाय अनेक हुँदो रहेछ । समयको उचित सदुपयोगका लागि परोपकारी संस्था रेयुकाई नेपालमा स्वयम्सेवकका रूपमा काम गरिन् । त्यहीँबाट उद्घोषणलगायतको तालिम लिइन् ।

बच्चा ठूलो हुँदै गएपछि उनलाई काम गर्न सहज वातावरण बन्न थाल्यो । सानै उमेरदेखि बैंकमा काम गर्ने रहर फेरि ब्युँतियो । श्रीमान् पनि बैंकर्स भएकाले उनलाई बैंकमा जोडिन र काम गर्न पनि सजिलो भयो ।

उनको बैंकिङ करिअर भने सन् २००३ मा श्रीलंका मर्चेन्ट बैंकमा असिस्टेन्ट पदबाट सुरु भएको हो । केही समय काम गरेर उनी श्रीमान्सँग अमेरिका गइन्, जहाँ पुगे पनि बैंकमा जागिर गर्ने रहरले भने उनलाई छोडेन । काम खोज्दै जाँदा उनले बैंक अफ अमेरिकामा काम पाइन् । त्यहाँ बैंकको काममा मेसिनको प्रयोग गर्न सिकिन् । कामलाई पूजा गर्ने प्रवृत्ति र ग्राहक भगवान् हुन् भन्ने पाठ अमेरिकामै सिक्ने मौका पाइन् । उनले सन् २००४ देखि २००६ सम्म अमेरिकी बैंकमै काम गरिन् ।

> त्यो समयमा न उनी खान सक्थिन्, न उठेर हिँड्न नै । उनी भन्छिन्, ‘मैले त्यो बेला धेरै दुःखदायी जीवन बिताएँ, झन् अस्पतालको बसाइ कहालीलाग्दो नै थियो ।’

उनले अमेरिकी बैंकमा जागिर त पाइन्, तर बैंकमा कार्यरत श्रीमान्को अमेरिकाबाट नेपालमा सरुवा भएसँगै उनी सन् २००६ मा नेपाल फर्किइन् । नेपाल फर्किएपछि पनि वित्तीय क्षेत्रमा काम गर्ने रहर झन् बढ्यो । उनले लगत्तै पिपुल्स इन्भेस्टमेन्ट कम्पनीमा काम गरिन् । बसुदा एकपछि अर्को वित्तीय क्षेत्रमा फड्को मार्दै गइन् । इन्भेस्टमेन्ट कम्पनीपछि उनी कमर्सियल ट्रस्ट बैंकमा गइन् । ट्रस्ट बैंक ग्लोबल आईएमईमा मर्ज भयो । बसुदाले त्यही काममा निरन्तरता दिइरहिन् ।



### क्यान्सर यात्रा

वित्तीय क्षेत्रमा हाँसीखुसी जीवन बिताइरहेकी बसुदालाई सन् २०१५ मा ठूलो बज्रपात आइलाग्यो । बिरामी भएजस्तो महसुस गरेर अस्पताल पुग्दा उनलाई चिकित्सकले ब्रेस्ट क्यान्सर भएको बताए । क्यान्सर रोगबाट कसरी सम्हालिनु ? उनले केही सोच्नै सकिनन् । उनी उपचारका लागि श्रीमान्सँग दिल्ली पुगिन् । एक वर्ष उनी पूरै उपचारमा रहिन् ।

अहिले क्यान्सरको पीडा भने उनी बताउन सक्दिनन् । त्यो समयमा न उनी खान सक्थिन्, न उठेर हिँड्न नै । उनी भन्छिन्, ‘मैले त्यो बेला धेरै दुःखदायी जीवन बिताएँ, झन् अस्पतालको बसाइ कहालीलाग्दो नै थियो ।’ उपचार खर्च त कति-कति ! उनलाई लाग्यो, कस्तो महँगो जिन्दगी पाएछु, तर पनि उनले हरेस भने खाइनन् । निरन्तर अगाडि बढ्ने साहस बटुलिरहिन् । परिवारको माया र साथले भने उनमा साहस बढ्दै गयो । उनलाई आफूमा आत्मविश्वास बढ्यो । वर्ष दिनको उपचारपछि काममा फर्किइन् । उनी विगत सुनाउँदै भन्छिन्, ‘क्यान्सर पहिलो चरणमै भएकाले पनि म बाँच्न सफल भएँ ।’ जिन्दगीमा केही गर्नुपर्छ भन्ने अठोटका साथ उनी वित्तीय क्षेत्रमा सक्रिय छन् । क्यान्सर जितेर बैंकिङमा रमाइरहेकी उनी भन्छिन्, ‘क्यान्सरलाई हराएँ, बैंकलाई पछ्याइरहेँ ।’



तस्बिर : एजेन्सी

■ गोविन्द गुरुङ, सिइओ सिभिल बैंक लिमिटेड

## ‘सिइओ भएपछि संगीतबाट टाढिएँ’

**बैंकिङ क्षेत्रमा कसरी प्रवेश गर्नुभयो ?**
मेरो बैंकिङ करिअर हिमालयन बैंकबाट सुरु भएको हो । सन् १९९६ मा मैले हिमालय बैंकमा सिनियर अफिसरका रूपमा काम गर्न थालें । त्यहाँ ११ वर्ष बिताएर ग्लोबल आईएमई बैंकमा एसिस्टेन्ट म्यानेजर, डेपुटी म्यानेजर हुँदै सिनियर म्यानेजरसम्म भएर काम गरें ।

> ८ वर्षकै उमेरदेखि सोरठी र घाटु गाउन थालेकी हुँ । ०४८ सालमा रेडियो नेपालबाट स्वर परीक्षा उत्तीर्ण गरें । ०५६ मा लोक-गीतिसंग्रह ‘खुदी बजारमा’ ल्याएपछि औपचारिक रूपमा सांगीतिक क्षेत्रमा मैले पाइला राखेको हुँ ।

त्यहाँ साढे तीन वर्ष काम गरी डीजीएम भएर मेगा बैंक गए । मेगा बैंकमा साढे २ वर्ष बिताएपछि डेपुटी सिइओ भई सन् २०१४ मा सिभिल बैंकमा काम गरें । सोही पदमा २ वर्ष रहे र सन् २०१७ मा भने सिभिल बैंकमा प्रमुख कार्यकारीका रूपमा नियुक्ति भए ।

**तपाईंलाई संगीतप्रेमी सिइओ भनिन्छ नि ?**
हो, एक संगीतप्रेमी मान्छे हुँ । मलाई संगीत एकदम मन पर्छ । ८ वर्षकै उमेरदेखि सोरठी र घाटु गाउन थालेकी हुँ । २०४८ सालमा रेडियो नेपालबाट स्वर परीक्षा उत्तीर्ण गरें । २०५६ मा लोक-गीतिसंग्रह ‘खुदी बजारमा’ ल्याएपछि औपचारिक रूपमा सांगीतिक क्षेत्रमा मैले पाइला राखेको हुँ । २०६४ सालमा आधुनिक गीतिसंग्रह ‘परिचय’ श्रोतामाझ ल्याएँ । पछि २०७१ सालमा ‘पल एल्बम’ निकालें । त्यसमा ९ मध्ये ६ गीतमा आफैंले संगीत भरेको छु ।

**सिइओ र संगीतको तालमेलचाहिँ कसरी मिल्छ ?**
पेसाले म बैंकर हुँ । गीत-संगीत मेरा रहरका कुरा हुन् । मेरो प्राथमिकता बैंकमा हुन्छ । फुर्सदमा भने म संगीतमा रमाउँछु । संगीत मेरो पेसा नभए पनि यसलाई निरन्तरता दिइरहेको छु । सिइओ भएपछि भने अहिले संगीतबाट केही टाढिएको छु ।

**मन पर्ने गायक-गायिका ?**
म प्रायः पुराना गायक-गायिका मन पराउँछु । अरुणा लामा, नारायण गोपाल, दीप श्रेष्ठ मलाई मन पर्ने गायक हुन् ।

**अफिसमा कति समय बिताउनुहुन्छ ?**
सिइओको अफिस बस्ने समय कुनै निश्चित नै हुँदैन ।

**घुमफिरमा कत्तिको रुचि राख्नुहुन्छ ?**
घुम्नैका लागि भनेर चाहिँ अहिलेसम्म निस्कने गरेको छैन, तर कामको सन्दर्भमा घुमिरहेको हुन्छु ।

**फिटनेसका लागि के गर्नुहुन्छ ?**
फिटनेसका लागि फुटसल जान्छु ।

**फुर्सदको समयमा के गर्नुहुन्छ ?**
फुर्सदको समयमा स्पोर्ट हेर्छु । अरूको विचार सुन्छु ।

**ड्रेसअप कस्तो मन मन पर्छ ?**
ड्रेसअपमा मेरो कुनै च्वाइस छैन । जे लगाउँदा सजिलो हुन्छ, त्यही लगाउँछु । अफिसमा शुक्रबार र आइतबार ड्रेस कोर्ड गरिएको छ । शुक्रबार क्याजुअल ड्रेसमा अफिस पुग्छु । परम्परागत पहिरनलाई पनि हामीले अफिसमा प्राथमिकता दिने गरेका छौं । त्यसकारण आइतबार अफिसमा दौरा-सुरुवाल अनिवार्य गरिएको छ ।

**पुस्तक कत्तिको पढ्नुहुन्छ ?**
पुस्तक पढ्ने खासै फुर्सद हुँदैन । पढ्न पाए साहित्यका कृति, जीवनी पढ्छु ।

**चलचित्र कत्ति हेर्नुहुन्छ ?**
चलचित्र हेर्न हलमा जाने फुर्सद खासै हुँदैन । युट्युबमै हेर्ने गर्छु । सबै प्रकारका चलचित्र हेर्छु । नेपाली चलचित्रहरूमा भने कबड्डी कबड्डी, झोले, पशुपतिप्रसाद मन परेका चलचित्र हुन् ।

**कुन ब्रान्डको घडी लगाउनुभएको छ ?**
अहिले टिसोटको घडी लगाएको छु ।

**खानपान शैली कस्तो छ ?**
सामान्य खाना मन पराउँछु । विशेष गरी ढिँडो खान रुचाउँछु । इन्डियन खाना पनि खाने गर्छु । सी फुड भने कहिल्यै खान्नँ ।

समाचार

# ग्लोबल प्रतिस्पर्धामा मिस नेपालका विजेता


■ अनुष्का श्रेष्ठ


■ रोज लामा


■ प्रदिप्ता अधिकारी

यतिखेर मिस नेपाल प्रतियोगिताको सिल्भर जुब्ली श्रृङ्खलाअन्तर्गतका विभिन्न मुख्य उपाधि विजेता ताजधारी सुन्दरीहरू मिस वर्ल्ड, मिस युनिभर्स तथा मिस सुप्रानेसल २०१९ मा नेपालको प्रतिनिधित्व गरिरहेका छन्। मिस नेपाल वर्ल्ड-२०१९ की विजेता अनुष्का श्रेष्ठ मिस वर्ल्ड-२०१९ को प्रतियोगिताका लागि यतिखेर बेलायतको लन्डनमा विश्वका १ सय ११ राष्ट्रका सुन्दरीहरूसित प्रतिस्पर्धा गरिरहेकी छिन् भने मिस नेपाल युनिभर्स-२०१९ की विजेता प्रदिप्ता अधिकारी अमेरिकाको जर्जियामा विश्वका ९१ मुलुकका सुन्दरीसँगै मिस युनिभर्स २०१९ को उपाधि दौडमा रहेकी छिन्। यसैगरी मिस नेपाल सुप्रानेसनल-२०१९ की विजेता रोज लामा भने पोल्यान्डको सिलेसिया सहरमा विश्वका ८० भन्दा बढी मुलुकका सुन्दरीहरूसित मिस सुप्रानेसनल-२०१९ का लागि प्रतिस्पर्धा गरिरहेकी छिन्।

बेलायतको लन्डनस्थित एक्सेल लन्डनमा आगामी डिसेम्बर १४ मा सम्पन्न हुने मिस वर्ल्डको ६९ औं संस्करणमा नेपालको प्रतिनिधित्व गरिरहेकी २३ वर्षीया अनुष्का श्रेष्ठ मिस नेपाल वर्ल्ड-२०१९ को मुख्य उपाधिबाहेक प्रतियोगिताको मिस इन्टेलिजेन्ट र यामाहा मिस फासिनोको अवार्ड विजेता पनि हुन्। मिस नेपाल वर्ल्ड-२०१९ को विजेता चयन हुनुअघि अनुष्काले मिस नेपाल ओसिनिया-२०१८ को ताज पहिरिन सफल भएकी थिइन्। ५ फिट ५ इन्च अग्ली काठमाडौंकी अनुष्काले अस्ट्रेलियाको सिड्नीस्थित अस्ट्रेलियन क्याथलिक युनिभर्सिटीबाट व्यवस्थापनमा स्नातक गरेकी छिन्।

संयुक्त राज्य अमेरिकाको जर्जिया राज्यको एट्लान्टास्थित टेरिपेरि स्टुडियोजमा आगामी डिसेम्बर ८ मा सम्पन्न हुने ६८ औं संस्करणको मिस युनिभर्समा प्रतिस्पर्धा गरिरहेकी २३ वर्षीया प्रदिप्ता अधिकारीले मिस नेपाल युनिभर्स-२०१९ को उपाधि जितेसँगै प्रतियोगितामा मिस ट्यालेन्ट र मिस एथ्लिटको उपाधि पनि आफ्नो नाममा सुरक्षित बनाएकी थिइन्। ५ फिट ६ इन्च अग्लो शरीरकी धनी काठमाडौंकी प्रदिप्ता नेप्लिज आर्मी इन्स्टिच्युट अफ हेल्थ एन्ड साइन्सेसमा एमबीबीएस अध्ययनरत छिन्।

पोल्यान्डको सिलेसियाको काटोविसस्थित इन्टरनेसनल कंग्रेस सेन्टरमा सञ्चालन हुने मिस सुप्रानेसनलको ११ औं संस्करणमा प्रतिस्पर्धा गरिरहेकी २१ वर्षीया रोज लामाले मिस नेपाल सुप्रानेसनल-२०१९ को उपाधि उचाल्नुबाहेक प्रतियोगितामा मिस ग्ल्यामर र मिस फोटोजेनिकको अवार्ड पनि आफ्नो पक्षमा पारेकी थिइन्। ५ फिट ६ इन्च अग्ली रोजले यसअघि मिस नेपाल क्यालिफोर्निया-२०१७ को ताज पहिरिन सफल भएकी थिइन्। काठमाडौं जोरपाटीकी रोजले क्यालिफोर्नियास्थित फुटहिल कलेजबाट स्टुडियो आर्ट्स तथा इन्डस्ट्रियल डिजाइनिङमा स्नातक तहकी विद्यार्थी हुन्।

## मिसेस युनिभर्समा बिनु



नेपालको प्रतिनिधित्व गर्दै बिनु लामिछाने मिसेस युनिभर्स-२०१९ मा सहभागी हुने भएकी छिन्। २९ डिसेम्बरमा सम्पन्न हुने उक्त सुन्दरी प्रतियोगितामा ९० देशका विवाहित महिलाहरू सहभागी हुँदैछन्। २२ देखि २९ डिसेम्बरसम्म चीनमा हुने मिसेस युनिभर्समा उनले नेपालको प्रतिनिधित्व गर्ने भएकी हुन्।

विवाहित नेपाली महिलाले पनि अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पहिचान बनाउन सक्ने र घरेलु हिंसाविरुद्धको अभियानका लागि पनि यस सुन्दरी प्रतियोगितामा आफू सहभागी भएको उनले बताइन्।

नेपालमा ओम अस्पतालमा नर्सिङ पढेकी उनी सन् २००९ देखि लन्डन बस्दै आएकी छिन्। प्रवासमा रहेर पनि नेपालको प्रतिनिधित्व गर्न पाएकोमा आफू निकै उत्साहित भएको र प्रतिस्पर्धामा चाहिने तयारीका लागि आफू कडा मेहनत गरिरहेको उनले बताइन्। साथै उनले सम्पूर्ण नेपालीहरूलाई मिसेस युनिभर्सको अफिसियल इन्स्टाग्राम पेजमा गएर भोटका लागि अपिल गरेकी छिन्। सामाजिक सञ्जालमा पाएको भोटिङका आधारमा पब्लिक च्वाइस अवार्ड जिताउन मद्दत गर्नेछ।

**कुशल श्रेष्ठ**

## सोफिया टप टेनमा



फिलिपिन्सको मनिलास्थित कोभ नाइट क्लबमा सम्पन्न भएको पहिलो संस्करणको ग्लोबल एसियन मोडल-२०१९ मा नेपालबाट सहभागिता जनाएकी सोफिया भुजेलले महिला प्रतिस्पर्धीहरूको समूहमा टप टेनसम्म यात्रा तय गर्न सफल भएकी छिन्। टप टेनभित्र सोफियासँगै जापान, फिलिपिन्स, क्यानाडा, थाइल्यान्ड, बेलायत, सिंगापुर, अमेरिका र भियतनामका दुई जना प्रतिस्पर्धी पुग्न सफल भएका थिए। २३ वर्षीया काठमाडौंनिवासी सोफिया ५ फिट ७ इन्च अग्ली छिन्। मिस नेपाल-२०१९ को प्रतिस्पर्धीसमेत रहिसकेकी सोफियाले मिस नेपाल प्रतियोगितामा टप सेभेनसम्मको यात्रा तय गरेकी थिइन्।

## लाखबत्ती बाल्दै किड क्विन



१७ औं संस्करणको 'किड क्विन नेपाल-२०१९' का प्रतियोगीहरूले शनिबार काठमाडौंको पशुपतिनाथको मन्दिरमा विशेष पूजाआजा गर्दै लाखबत्ती बालेका छन्। नेप्लिज फेसन होमले आयोजना गर्दै आएको उक्त प्रतियोगिताका २२ जना बालिका तथा किशोरी प्रतिस्पर्धीहरूले प्रशिक्षणको एउटा अंगका रूपमा उक्त विशेष पूजाआजासहित लाखबत्ती बालेका हुन्। ७ देखि १३ वर्ष उमेर समूहका बालिका तथा किशोरीहरूको व्यक्तित्व विकासका साथै प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले नेप्लिज फेसन होमले पछिल्लो १७ वर्षदेखि यो प्रतियोगिता आयोजना गर्दै आइरहेको छ। छनोट भएका प्रतिस्पर्धीहरू लामो समयदेखि प्रशिक्षण व्यस्त छन्। आगामी शनिबार उनीहरूले ट्यालेन्ट शोमार्फत आ-आफ्ना प्रतिभा प्रस्तुत गर्दैछन्। किड क्विन नेपाल-२०१९ को निर्णायक प्रतियोगिता भने मसिर २१ गते शनिबार जमलस्थित राष्ट्रिय नाचघरमा आयोजना हुनेछ।

## नेपाल्स लिटिल आइकन-२०१९




एएनपी मिडिया हाउसको ब्यानरमा सञ्चालन भएको नेपाल्स लिटिल आइकन-२०१९ मा सिनियर समूहतर्फ सन्ध्या मगरले विजेताको ताज पहिरिन् भने सुजनिता घिमिरे, शिवानी जोशी, प्रशंसा सिटौला र अस्मिता तामाङले क्रमशः फस्ट, सेकेन्ड, थर्ड तथा फोर्थ रनर्सअप उपाधिका आफ्नो नाम दर्ता गर्न सफल भएका छन्। जुनियर समूहतर्फ मिनाल केसी विजेता बनिन् भने स्तुति थापा, कृतिमा ढकाल, छिरिङ डोमा र एन्जल भट्ट क्रमशः फस्ट, सेकेन्ड, थर्ड तथा फोर्थ रनर्सअप चयन भए। जुनियर ब्वाइजतर्फ भने दीक्षान्त ढकाल विजेता बन्न सफल भए।

## प्रसिद्धिलाई नेपाल किड्स आइकन




नेपाल किड्स आइकन-२०१९ मा सिनियर समूहतर्फ प्रसिद्धि जोशी विजेता चयन भएकी छिन् भने शालिनी थापा, राधा कुँवर र अनुष्का रिजाल क्रमशः फस्ट, सेकेन्ड तथा थर्ड रनर्सअप चयन भएका छन्। जुनियर समूहतर्फ भने सम्पदा परियार विजेता भइन् भने कल्पिता अधिकारी, क्रिशा चौगुठी, रिद्धि महर्जन र कृति शाक्य क्रमशः फस्ट, सेकेन्ड, थर्ड तथा फोर्थ रनर्सअप चयन भएका छन्। जुनियर ब्वाइजतर्फ कबिन श्रेष्ठ विजेता भए भने प्रतिक रावल फस्ट रनर्सअप तथा प्रत्युश अधिकारी सेकेन्ड रनर्सअप घोषित भएका थिए।

## प्रविधि



# २४ घण्टा ब्याट्री ब्याकअपको कन्भर्टिबल ल्यापटप

एचपीले एकपटक फुल चार्ज गर्दा २४ घण्टासम्म चलाउन मिल्ने ल्यापटप सार्वजनिक गरेको छ। एक किलोग्रामभन्दा कम वजन भएको उक्त कन्भर्टिबल ल्यापटपको नाम 'एलिट ड्रागनफ्लाई' राखिएको छ। यसमा अल्ट्रालाइट १३ इन्चको डिस्प्ले छ। त्यसैगरी यसमा आठौं पुस्ताको इन्टेल कोर आईफाइभ र आई सेभेन प्रोसेसर छ। यसमा प्राइभेसी, एचडीआर र लो पावर गरी तीन डिस्प्ले अप्सन उपलब्ध छ। त्यसैगरी यसले रिचार्जेबल एक्टिभ पेन जी३ लाई पनि सपोर्ट गर्छ। यसमा विन्डोज १० प्रिइन्स्टल गरिएको छ। उक्त ल्यापटपले फास्ट चार्ज टेक्नोलोजीलाई सपोर्ट गर्छ र केवल ३० मिनेटमा ५० प्रतिशत चार्ज गर्न सकिन्छ।

## साउदीकी पहिलो महिला रेसिङ ड्राइभर

साउदी अरेबियामा गत वर्षदेखि मात्र महिलाले कार चलाउन पाउने नियम लागू भएको थियो। यही सुविधालाई उपयोग गरी हालै एक महिला रिमा जुफालीले कार रेसिङमा समेत भाग लिएकी छिन्। यद्यपि उनी पाहुनाका रूपमा मात्र रेसिङमा सहभागी भइन्। उनले गत शनिबार राजधानी रियाद नजिक दिरियामा आयोजित ज्यागुअर आई-पेस ई-ट्रफी रेसमा भाग लिइन्।

साउदी अरबको जेद्दा सहरमा जन्मेकी जुफालीले अमेरिकामा शिक्षा लिएकी थिइन्। २७ वर्षीया रिमाले केही वर्षपहिले अमेरिकामा ड्राइभिङ प्रशिक्षण लिएकी थिइन्। उनले त्यसपछि आफ्नै देशमा कार रेसिङको लाइसेन्स प्राप्त गरिन्। उक्त लाइसेन्स कुनै पनि कार रेसिङ च्याम्पियनसिपमा भाग लिनका लागि चाहिन्छ। उनले योभन्दा पहिलो पटक पेसेवर रेसरका रूपमा गत वर्ष अप्रिलमा सम्पन्न एफ-४ ब्रिटिस च्याम्पियनसिपमा भाग लिएकी थिइन्। रिमाले फ्रान्सको म्यान्समा हुने सबैभन्दा प्रतिष्ठित च्याम्पियनसिप वान डे रेसमा भाग लिने उद्देश्य लिएकी छन्।




## अब टेस्लाको साइबर ट्रक



सधैं चर्चामा रहने टेस्लाका सिइओ इलोन मस्कले हालै नयाँ विद्युतीय पिकअप ट्रक अर्थात् साइबर ट्रक सार्वजनिक गरेका छन्। सन् २०२१ पश्चात् मात्र बजारमा आउने अनुमान गरिएको उक्त साइबर ट्रकले यो साता निकै चर्चा पाएको छ।

टेस्लाको साइबर ट्रक सिंगल मोटर रियर हिवल ड्राइभ, ड्युअल मोटर अल हिवल ड्राइभ र ट्राई मोटर अल हिवल ड्राइभ गरी तीन भेरिएन्टमा उपलब्ध हुनेछ। कम्पनीका अनुसार रियर हिवल ड्राइभले ४ सय किलोमिटर, ड्युअल मोटर अल हिवल ड्राइभले ४ सय ८० किलोमिटर र ट्राई मोटर अल हिवल ड्राइभले ८ सय किलोमिटरको दूरी तय गर्न सकिन्छ। साइबरट्रकको इन्ट्री लेवल भेरिएन्टले ६ दशमलव ५ सेकेन्डमा, ट्राई मोटर अल हिवल ड्राइभ भेरिएन्टले २ दशमलव ९ सेकेन्डमा र ड्युअल मोटर अल हिवल ड्राइभ भेरिएन्टले ४ दशमलव ५ सेकेन्डमा शून्यदेखि १ सय किलोमिटर प्रतिघण्टाको स्पिड लिन्छ। टेस्लाको साइबर ट्रकमा ६ जना यात्रा गर्न सकिन्छ।

## फाइभ जी प्रविधिबाट चल्ने पिरेलीको साइबर टायर



टायर निर्माता कम्पनी पिरेलीले फाइभ जी प्रविधिबाट चल्ने साइबर टायर निर्माण गरेको छ। यसले आफूभन्दा पहिले भएको सडकको अवस्था थाहा पाउन सहयोग गर्छ। पिरेली यस प्रकारको टायर बनाउने पहिलो कम्पनी बनेको छ। यस प्रकारको सेन्सरले बाटोमा जम्मा भएको पानीबाट हुने खतराका बारेमा जानकारी दिन्छ। यसलाई कारमेकर्स, फ्लीट र ड्राइभरलाई सुविधा दिनका लागि तयार पारिएको कम्पनीले दाबी गरेको छ। आउने समयमा कारमा यात्रा गर्न सहज हुने विश्वास कम्पनीले लिएको छ।

पिरेलीको साइबर टायरमा धेरै सेन्सर जडान गरिएको छ। सो टायरले आउने समयमा टायरको मोडल, बाटोमा हुने खतरा, खराब ग्रिप, बाटोमा जम्मा भएको पानीबाट हुन सक्ने दुर्घटनाका बारेमा पनि अवगत गराउने कम्पनीले बताएको छ।

## बन्द हुँदैछ गुगलको क्लाउड प्रिन्ट

Google

गुगलले आफ्नो क्लाउड प्रिन्ट सर्भिस बन्द गर्ने योजना बनाएको छ। नाइन टु फाइभ गुगलले आफ्नो रिपोर्टमा गुगलको उक्त सेवा आगामी २०२० डिसेम्बर ३१ पश्चात् बन्द हुने बताएको छ। उक्त दिन अन्तिम प्रिन्ट उपलब्ध हुनेछ र त्यसपछि यसलाई बन्द गरिनेछ। गुगल प्रिन्ट सेवाको सहयोगले गुगल क्रोममार्फत वेबमा भएका कन्टेन्टलाई प्रिन्ट गर्न सकिन्छ। त्यसैगरी इन्टरनेट कनेक्सन नभएको अवस्थामा समेत प्रिन्टरले यसलाई सपोर्ट गर्न सक्छ। यसले डेस्कटपका साथै मोबाइललाई पनि सपोर्ट गर्छ।

## एफटेक बाइक नेपालमा

नेपाली बजारमा एफटेक ब्रान्डका बाइक भित्रिएका छन्। म्याक्स भिजन लिमिटेडले एफटेकका तीन मोडलका बाइक नेपाली बजारमा सार्वजनिक गरेको छ। गत आइतबार नाडाका अध्यक्ष शम्भुप्रसाद दाहालले एक कार्यक्रममा बीच बाइक सार्वजनिक गरे। भारतमा उत्पादित एफटेकका तीन मोडलका बाइक टर्बो, नाइट राइडर र स्कोर्पियन नेपाली बजारमा भित्रिएका छन्। शक्तिशाली इन्जिन र अत्याधिक माइलेज, आरामदायी र सुरक्षित मोटरसाइकल पारखीहरूका लागि यी बाइक निकै उपयोगी भएको कम्पनीले जनाएको छ।

एफटेकका मोटरसाइकल उच्च प्रविधिबाट सुसज्जित छन्। १ सय ७० सीसीको शक्तिशाली इन्जिन, बीएस ४ उत्सर्जन न्यूनता तथा बीएस ६ कम्प्याटिबल इन्जिन, एबीएस, ४५ किलोमिटरको उच्च माइलेज, २० लिटरको ठूलो इन्धन ट्यांकी तथा अतिरिक्त सुरक्षाका लागि साइड स्ट्यान्ड सेन्सर आदि विभिन्न फिचरहरू यी बाइकमा उपलब्ध छन्। टर्बोको मूल्य ३ लाख ९ हजार ९ सय र नाइट राइडर तथा स्कोर्पियनको मूल्य ३ लाख १९ हजार ९ सय रुपैयाँ तोकिएको छ।




## क्यानमा नयाँ कार्यसमिति




कम्प्युटर एसोसिएसन अफ नेपाल महासंघ (क्यान महासंघ) को गत शनिबार नयाँ नेतृत्वका लागि भएको निर्वाचनमा अध्यक्ष पदमा नवराज कुँवरले जित हासिल गरेका छन्। निर्वाचनमा अध्यक्ष पदका प्रत्याशीद्वय सुनैना घिमिरे पाण्डे प्यानल र नवराज कुँवर प्यानलबीच प्रतिस्पर्धा भएको थियो।


कार्यसमितिमा कुँवर प्यानलबाट २१ र पाण्डे प्यानलबाट १८ जना निर्वाचित भएका छन्। नवनिर्वाचित अध्यक्षले आगामी दुई वर्षका लागि क्यानको नयाँ नेतृत्व गर्नेछन्।

निर्वाचनमा संस्थागत आजीवन समूह सदस्यमा डा. पवनकुमार शर्मा, नवीन जोशी र राजेन्द्र अर्याल विजयी भएका छन्। त्यस्तै संस्थागत समूहतर्फ अरुण वंशल, उमेश रघुवंशी, रञ्जित पोदार र बुद्धरत्न मानन्धर विजयी भए। संस्थागत महिलातर्फ यसअघि नै शर्मिला भुजेल, सरिता सिंह र रेभा राजभण्डारी निर्विरोध निर्वाचित भएका थिए।

व्यक्तिगत आजीवन सदस्यतर्फ हेमपाल श्रेष्ठ, सुमनलाल प्रधान र अमित अग्रवाल विजयी भए। व्यक्तिगत साधारण समूहमा खुशल रेग्मी, रेगबहादुर भण्डारी, चन्द्रविलास भुर्तेल र श्रीधर मरासिनी विजयी भएका छन्। व्यक्तिगत महिलातर्फ सुष्मा शर्मा, गुणकेशरी प्रधान र रत्नतारा वैद्य यसअघि नै निर्विरोध निर्वाचित भएका छन्।

## केवल एक प्रश्न

# तपाईं खेलाडी बन्नुभएको भए कुन खेलको बन्नुहुन्थ्यो ?



क्रिकेट, किनभने यो मलाई मन पर्ने खेल हो र म पनि राम्रो खेल्छु ।

**कुमार कट्टेल, अभिनेता**

म फुटबल लभर हुँ । राम्रो फुटबल खेलाडी पनि हुँ । त्यसैले म फुटबलर बन्थें होला ।

**कविर खड्का, अभिनेता**

चेस खेलाडी बन्थें होला । चेसबाट जीवन जिउने कला सिक्न सकिन्छ ।

**केदार घिमिरे, अभिनेता**

फुटबल निकै मन पर्छ । त्यसैले फुटबल खेलाडी बन्थें होला । सायद अहिले मोडलको सट्टा खेलाडी भएको भए विश्वकपका लागि प्रयास गरिरहेको हुन्थें कि ?

**जेम्स बीसी, मोडल**

म फुटबल खेलाडी हुने थिएँ, किनभने यो खेल बुझ्न पनि सहज छ । साथै सानैबाट फुटबलको वर्ल्डकप हेर्थें, जसले गर्दा फुटबलप्रति मोह बढ्यो । कहिलेकाहीं अहिले पनि फुटबल खेलिरहेकै हुन्छु ।

**हिमाल सागर, गायक**

ब्याडमिन्टन खेलाडी बन्थें होला, किनभने मलाई यो खेल निकै मन पर्छ र म राम्रो खेल्छु पनि ।

**पुजन घिमिरे, मोडल**

म फुटबल खेलाडी हुने कुरामा दुईमत छैन, किनभने सानै बेलादेखि म फुटबल भनेपछि हुरुक्कै हुन्थें । त्यसो त मोजाको भकुन्डो बनाएर भए पनि खेलिन्थ्यो । आखिर पेलेको पनि सुरुवात त मोजाको बलबाटै भएको हो नि !

**धिताल चिरिच्याट्, हास्यकलाकार**

कल ब्रेक, स्यारिजभन्दा कुनै खेलमा रुचि भएन । तैपनि क्यारमबोर्ड खेलाडी बन्थें होला, तर त्यसलाई अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मान्यता प्राप्त भएन, के गर्नु ?

**दीपकराज गिरी, अभिनेता**

अवश्य पनि म फुटबलको खेलाडी हुन्थें होला, किनभने म सपनामा पनि फुटबल देख्ने मान्छे हुँ । फुटबलप्रतिको यो मोहले गर्दा होला, संसारभरका फुटबल खेलाडी चिन्छु ।

**शंकर बीसी, निर्देशक तथा मोडल**

कुस्ती र बक्सिङको खेलाडी बन्थें होला, किनभने यी दुई खेलमा राम्रो दक्खल राख्ने खेलाडी हुँ म ।

**किरण केसी, अभिनेता**

म फुटबलर हुन्थें होला, किनभने मेरो सानैदेखि फुटबल खेलाडी बन्ने अर्को सौख थियो ।

**निशान भट्टराई, गायक**

म फुटबलको खेलाडी हुन्थें । किनकि सहज रूपमा पाइने र सबैले मिलेर खेल्न मिल्ने एउटै मात्र खेल फुटबल नै हो । क्लब-क्लबबीचको प्रतिस्पर्धाले समाज जोड्ने आपसी भाइचारा सद्भाव पनि बढाउने खेल फुटबल हो जस्तो लाग्छ । यो खेलको अद्भुत पक्ष भनेको टेक्निकल्ली पनि खेलिने अनि पूर्ण एथलेटिक्स पनि फिल गर्न पाइने हुनाले अन्य शारीरिक व्यायाम नै गर्न नपर्ने हुनाले म फुटबल खेलाडी नै हुन्थें होला ।

**अनुप के बराल, व्यवसायी**

म फुटबल खेलाडी हुन्थें । किनकि फुटबल खेल विश्वकै सुप्रसिद्ध खेल पनि हो र म अन्य खेलभन्दा फुटबलमै बढी इन्जोय गर्छु ।

**सिर्जना खत्री, गायिका**

म पौडीको खेलाडी हुन्थें होला, किनभने यो खेल स्वास्थ्यका लागि पनि उपयुक्त छ ।

**अशिष्मा नकर्मी, अभिनेत्री**

फुटबल अथवा क्रिकेटको खेलाडी हुन्थें होला । किनकि दुवै खेल खेलेको छु र रुचिको त कुरा नगरौं ।

**प्रमोद खरेल, गायक**

म भलिबल खेलाडी हुन्थें होला, किनभने म अग्लो छु र मलाई यो खेल असाध्यै मनपर्छ ।

**दिपिका प्रसाई, अभिनेत्री**

सानैदेखि फुटबल एकदमै मन पर्थ्यो । त्यसैले फुटबल खेलाडी नै हुन्थें होला ।

**सन्तोष सेन, निर्माता/निर्देशक**

लुँडो खेलाडी बन्थें होला, किनभने हिजोआज फुर्सदको धेरैजसो समय यही खेलमा बित्छ ।

**सृष्टि खड्का, मोडल**

मैले जीवनमा पहिलो पटक बुझेको खेल भनेको क्रिकेट हो । त्यसैले क्रिकेट खेलाडी बन्थें होला ।

**पुष्प खड्का, अभिनेता**

अक्षरको खेलाडी त अहिले पनि छु । खासमा फुटबल खेलाडी हुन्थें होला, किनभने मलाई सबैभन्दा मन पर्ने खेल फुटबल हो ।

**अमर न्यौपाने, साहित्यकार**

हुन त सबै खेलको आ-आफ्नै महत्त्व हुन्छ । यदि म खेलाडी भएको भए कङ्फु च्याम्पियनसिप हुन्थें होला, किनकि नेपालमा कङ्फु लेडी देखिँदैन ।

**पूर्णिमा लामा, अभिनेत्री**

मलाई कुनै पनि खेल र खेलाडी भनेपछि एकदम मन पर्छ । म सानो हुँदा क्रिकेट खेल्थें । त्यसकारण अहिले पनि कहिलेकाहीं खेल्छु र खेल्न नपाए पनि हेरेर आनन्द लिन्छु । त्यसैले म खेलाडी भएको भए पक्कै पनि क्रिकेटकै हुन्थें होला ।

**कृष्ण काफ्ले, गायक**

खेलाडी नै भएको भए त क्रिकेट कै हुन्थें ।

**हेमन्त शर्मा, गायक**

विद्यार्थी जीवनमा धेरै खेलमा भाग लिन्थें । पछि पढाइमै केन्द्रित भएँ । सानोमा मलाई कराँते, भलिबल र रनिङ निकै मन पर्थ्यो । त्यसैले खेलाडी भएको भए कराँते खेलाडी हुन्थें होला ।

**रजनी केसी, अभिनेत्री**


म त्यतिसाह्रो खेलप्रेमी त होइन, तर यतिचाहिँ हो कि मैले खेलाडीहरूको क्रेज विश्वव्यापी हुन्छ भन्नेचाहिँ बुझेको छु । त्यसैले फुटबलको विशेष गरी विश्वकपमा चासो राख्छु, जसले गर्दा फुटबल खेलाडी नै हुन्थें कि !

**लक्ष्मी बर्देवा, अभिनेत्री**

● दिपिका प्रसाई, अभिनेत्री

## ह्याप्पी बर्थ डे

अभिनेत्री तथा मोडल मञ्जिता केसी आज शुक्रबार आफ्नो जन्मदिन मनाउँदै छिन् । रंगकर्मी तथा अभिनेता विजय बराल तथा गायक लाक्पा शेर्पा पनि आजै आफ्नो जन्मदिन मनाउने तरखरमा छन् । अभिनेता नरेन खड्काको आउँदो बुधबार जन्मदिन हो । यी कलाकारहरूको जन्मदिनका अवसरमा उनका साथीभाइ तथा सहकर्मीहरूले साप्ताहिकमार्फत दिएको शुभकामना तथा प्रतिक्रियाहरु :



मञ्जिता र मेरो चिनजान धेरै पहिलेदेखिकै हो । उनी मेरी राम्री साथी पनि हुन् । अझ उनी त मलाई मेरो केटा साथीजस्तै लाग्छ । उनले र मैले चलचित्र 'च्याम्पियन' मा सँगै काम गरेका छौं । त्यस बाहेक हामीले दुई-चारवटा फोटोसुट पनि सँगै गरेका छौं । उनी धेरै फ्रेन्ड्ली छिन् । उनको काम राम्रो छ । हरेक कामलाई गम्भिरतापूर्वक लिने उनको बानी मन पर्छ । राम्रो अभिनय गर्ने कलाकारमध्ये उनी पनि एक हुन् । आफ्नो व्यस्त समयका बाबजुद पनि घरपरिवार तथा साथीलाई समय दिने उनको बानी राम्रो लाग्छ ।

**दिक्पाल कार्की, अभिनेता**



विजय बराल राम्रो अभिनय क्षमता भएको कलाकार हुन् । मलाई उनी धेरै क्रिएटिभ लाग्छन् । उनी आफूले निर्वाह गर्नु पर्ने चरित्रमा जीवन्त अभिनय गर्न सक्छन् । उनले र मैले चलचित्र कबड्डी कबड्डीमा सँगै काम पनि गरेका छौं । चलचित्र माछा माछामा पनि हामीले सँगै अभिनय गरेका छौं, जुन चाँडै नै प्रदर्शनमा आउँदैछ । नाटकबाट चलचित्रमा आएकाले पनि मलाई उनीसँग एक किसिमको आत्मीयता महसुस हुन्छ । आज उनी नाटकसँगै चलचित्रमा पनि राम्रोसँग जमेका छन् । यो कुराले मलाई साह्रै खुसी लागेको छ ।

**सौगात मल्ल, अभिनेता**



लाक्पा शेर्पा व्यक्तिगत हिसाबले सरल तथा मृदुभाषी लाग्छ । यसका साथै उहाँ सहयोगी भावना भएको मान्छे हुनुहुन्छ । गायकका रूपमा भन्नुपर्दा उहाँ पैसाका लागि भन्दा पनि आफ्नो सौखका हिसाबले गीत गाउनुहुन्छ जस्तो लाग्छ । मान्छेहरू आफ्नो गायन क्षमतालाई पैसासँग मात्र तुलना गरेर निर्णय गर्छन् । उहाँ यो कुराबाट टाढै हुनुहुन्छ । संगीत सिकेर गाउन थालेकाले पनि होला, उहाँका गीत-संगीत पनि अत्यन्तै राम्रा छन् । उहाँले गाउने गीतका शब्द-शब्दमा भावना भेटिन्छन् । यो नै उहाँको सबैभन्दा सकारात्मक पक्ष हो ।

**तेन्जिङ शेर्पा, इभेन्ट म्यानेजर**



नरेन खड्का मलाई काममा तथा व्यक्तिगत दुवैमा अगाडि भएको कलाकार लाग्छ । उनी पछिल्लो समय मोडल तथा अभिनेता दुवैमा जमेका छन् । उनले आफ्नो कर्मबाट नेपाली चलचित्र तथा भोजपुरी चलचित्रमा योगदान दिइरहेका छन् । एउटा कलाकार भैसकेपछि सबै क्षेत्रमा, स्थानमा समय दिन सक्नु ठूलो कुरा हो । मलाई उनको यो शैली मन पर्छ । उनका आउँदो वर्ष अझै राम्रा हुन् । प्रगति गर्दै जाऊन् । जन्मदिनको शुभकामना ।

**पुष्प खड्का, अभिनेता**

संगीत

महेश तिमल्सिना

# कार्टुन्ज क्रुमा विभाजन



सर्वाधिक चर्चामा रहेको डान्स ग्रुप हो– कार्टुन्ज क्रु। म्युजिक भिडियो, सर्ट मुभीमा यो समूहको जगजगी नै छ। डान्सिङ सङ भन्नेबित्तिकै धेरैजसो गायक-गायिका हुन् या संगीतमा लगानी गर्नेहरू, कार्टुन्ज क्रुलाई नै भनेजति पैसामा अनुबन्ध गर्छन्। त्यसका पछाडि दुई कारण छन्– पहिलो, कार्टुन्ज क्रुको आकर्षक डान्स र दोस्रो– युट्युबमा उसका हरेकजसो भिडियो ट्रेन्डिङमा पर्नु।

पछिल्ला १० वर्षमा कार्टुन्ज क्रुले नेपाली नृत्य संसारमा आफ्नो बेग्लै छवि मात्र स्थापित गरेन, यसका कलाकारहरू पनि सेलिब्रिटीका रूपमा स्थापित भए। आश्मा विश्वकर्मा र सरोज अधिकारी त्यसैका उदाहरण हुन्, तर दशक उकालो नलाग्दै त्यही कार्टुन्ज क्रुलाई गम्भीर धक्का लागेको छ। सदस्यहरूबीच चुलिएको मनमुटाव र असन्तुष्टिका कारण दुई साताअघि कार्टुन्ज क्रु दुई भागमा टुक्रिएको छ। यससँगै ६ सदस्य कार्टुन्ज क्रु २ जनामा सीमित हुन पुगेको छ। ४ सदस्य आफूहरूलाई सधैँ पछाडि राखिएको भन्दै क्रुबाट अलग्गिएका छन्।

समूहभित्र अपमान, आर्थिक पक्ष तथा भविष्य निर्माणको विषयलाई लिएर गम्भीर मतभेद देखिएको थियो। सोही मतभेदका कारण कार्टुन्ज क्रु टुक्रिएको हो। क्रु छाडेका चार सदस्यमध्ये एक लाक्पा डी लामा यिनै कारणले आफूहरू बाहिरिएको बताउँछन्। लामाले दुई साताअघि 'मैले कार्टुन्ज क्रु छाडिसकें। अब मलाई कार्टुन्ज क्रुसँग नजोडिदिनुहोला' भन्दै युट्युबमा एउटा भिडियोसमेत अपलोड गरिसकेका छन्। उनले युट्युबमा अपलोड गरेको उक्त भिडियोको कमेन्ट बक्समा क्रुका लिडर सरोज अधिकारी माथि गालीको वर्षा भएको छ, साथै दर्शकले आश्मालाई पनि जोडेर गाली गरिरहेका छन्।

सामाजिक सञ्जालमा बर्सिएको नकारात्मक प्रतिक्रियाले निकै दुखी बनाएको कार्टुन्ज क्रुका लिडर अधिकारी बताउँछन्, 'हामी एउटै परिवारजस्तो भएर बसेका थियौं, एक्कासि साथीहरूले साथ छोड्दा निकै नरमाइलो लागिरहेको छ।' साप्ताहिकसँग आफ्नो समूह विभाजन भएको पुष्टि गर्दै अधिकारीले भने, 'मैले साथीहरूलाई नराम्रो केही भनेको थिइनँ, तर साथीहरूले एक्कासि किन त्यस्तो निर्णय गर्नुभयो, म नै अचम्ममा परेको छु।' यतिबेला सरोजका साथमा आश्मा विश्वकर्मा मात्र बाँकी छिन्। टिमले साथ छोडेपछि जिम्मा लिएको म्युजिक भिडियोको काम अलपत्र परेको अधिकारी बताउँछन्। उनी भन्छन्, 'धेरैजसो म्युजिक भिडियोको काम त सकिँदैन भनिसकें।'

### पटक-पटक एक्लिँदै सरोज

स्थापनादेखि नै कार्टुन्ज क्रुको अगुवाइ गरिरहेका सरोजले टिमका सदस्यले साथ छोड्दा पटक-पटक एक्लो बन्न पुगेको बताए। कार्टुन्ज क्रुको सुरुवाती चरणमा आठ जनाको समूह थियो। यो समूहले सन् २०११ मा नेपालमा बी-बोइङ च्याम्पियनसिप जितेको थियो। जुन बेला क्रुमा किरण थिङ, पेम्बा मगर, सागर मोक्तान, शुक्र घिसिङ, ईश्वर श्रेष्ठ, राजेन गुरुङ, राम घलेलगायत सदस्य थिए। यही टोलीले सन् २०११ मै भारतमा भएको बी बोइङ कम्पिटिसनमा भाग लिएको थियो। त्यो प्रतियोगितामा भाग लिन जाँदा निकै दुःख पाएका कारण साथीहरूले साथ छाडेको अधिकारी बताउँछन्। 'हामीसँग पैसा धेरै थिएन, आयोजकको पनि खासै सपोर्ट गरेन, जसले गर्दा हामीले एकछाक भात र एक बोतल पानीको भरमा प्रतियोगितामा भाग लिएर फर्कियौं,' उनी भन्छन्, 'त्यसपछि त्यो दुःख सम्झेर साथीहरूले यो क्षेत्र नै छाडे।'

त्यसपछि केही समय सरोज क्रुमा एक्लै भए। तैपनि उनले हिम्मत हारेनन्, कलालाई निखार्न अभ्यास गरिरहे। साथै बाँच्नका लागि विभिन्न रेस्टुराँ तथा क्यासिनोहरूमा नाच्न थाले। यही क्रममा कार्टुन्ज क्रुमा सबिन कार्कीको इन्ट्री भयो। कार्टुन्ज क्रुमा सात जनाको समूह बन्यो। कार्की पनि लामो समय कार्टुन्ज क्रुमा टिक्न सकेनन्। कार्कीले छाडेपछि पनि कार्टुन्ज क्रु विवादित बन्यो। 'सबिनले साथ छोड्दा निकै दुखी भएँ,' सरोज भन्छन्, 'हामी 'पानी पर्‍यो' बाट भर्खरै मात्र हिट भएका थियौं, अझै धेरै काम गर्नुपर्छ भन्ने बेलामा सबिनको ग्याप भयो, यसपछि हामीबीचमा असन्तुष्टिको बिजारोपण भयो र सबिन बाहिरियो।' सबिन बाहिरिए पनि क्रुका अन्य सदस्यले भने सरोजको साथ छाडेनन्, तर त्यो बेलामा साथ दिएकाले अहिले छाडेपछि सरोज एक्लिएका छन्।

### डिप्रेसनमा कार्टुन्ज क्रु लिडर

टिमले साथ छाडेपछि कार्टुन्ज क्रुका लिडर सरोज आफू डिप्रेसनमा पुगेको बताउँछन्। लाक्पाले आफू बाहिरिएको भन्दै भिडियो युट्युबमा सार्वजनिक गरेपछि सरोज र आश्मामाथि गालीको वर्षा नै भएको छ। युट्युब र सामाजिक सञ्जालमा बर्सिएको गालीले गर्दा आफू अझ डिप्रेसनमा पुगेको सरोज बताउँछन्। 'घरभित्रको असन्तुष्टिलाई साथीहरूले भित्रै समाधान नगरेर सामाजिक सञ्जालमा व्यक्त गरेको देख्दा साह्रै चित्त दुख्यो,' उनी भन्छन्, 'यही कुराले म डिप्रेसनमा पुगेको छु।'

### छोड्नेका गुनासो : सधैं ब्याक डान्सर

कार्टुन्ज क्रुबाट बाहिरिएका लाक्पा डी लामा, सुविन चौहान, साजन चौहान, राम घलेलगायतले आफूहरूलाई जहिल्यै ब्याक डान्सर बनाइएको गुनासो गरेका छन्। त्यही कारण क्रुमा रहेर आफ्नो भविष्य नदेखेका कारण बाहिरिएको लाक्पा डी लामा बताउँछन्। कार्टुन्ज क्रुभित्र एउटा समूहमा परिवारजस्तो भएर बसेपछि सबै जनाको स्तर एउटै हुनुपर्ने थियो। यद्यपि, क्रुमा आश्मा र सरोजमात्र हाइलाइट भए उनीहरूको दुखेसो यही छ।

कार्टुन्ज क्रुका पूर्वसदस्य सुविन चौहानको गुनासो पनि उस्तै छ। भन्छन्, 'क्रुमा सामूहिक काम गरिएको छ, तर नाम र दाम आश्मा र सरोजले मात्र पाइरहेका छन्, जसले गर्दा हामीले त्यहाँ भविष्य देखेनौं र आफू नै केही गर्नुपर्छ भनेर बाहिरियौं।' म्युजिक भिडियोमा काम गरेर जति पारिश्रमिक पाउनुपर्ने हो त्यो पनि पर्याप्त नपाएको उनीहरूको दुखेसो छ, साथै कार्टुन्ज क्रुको स्टुडियोमा सबैले सेयर हालेका थिए, तर त्यहाँ सेयर होल्डरभन्दा पनि 'जबहोल्डर'को जस्तो व्यवहार हुन थालेपछि बाहिरिएको लामा बताउँछन्। हामीले अफ्ठ्यारोमा खाँचो टार्नका लागि लिएको पैसा क्रु छाड्ने बेलामा सरोजले सापटीका रूपमा कट्टासमेत गरेको क्रुका पूर्वसदस्य सुविन चौहानले बताए।

क्रु छाड्ने बेला सुबिन र रामको भागमा ३-३ लाख र साजनको भागमा ५० हजार रुपैयाँ परेको थियो। लाक्पाले भने क्रुबाट पाउने पैसाको कुनै लोभ नभएको बताएका छन्। युट्युबमा सार्वजनिक गरेको भिडियोमा उनले भनेका छन्, 'अन्य क्रु मेम्बरले छाड्ने बेलामा सेयर लगेका थिए, तर मैले १ रुपैयाँ पनि लिएको छैन र त्यसमा लोभ पनि छैन।' तर लाक्पाले आफूसँग पैसा मागिरहेको सरोज बताउँछन्। उनी भन्छन्, 'लाक्पाको पैसा खातामा सुरक्षित छ, मैले दिन्नँ भनेको छैन।'

लोक दोहोरी

# अध्यक्षमा रमेश बीजी निर्वाचित

पोखरामा भएको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको सातौं केन्द्रीय महाधिवेशनबाट अध्यक्षमा रमेश बीजी निर्वाचित भएका छन्। अर्का दावेदार विष्णु खत्रीलाई ३९ मतले पराजित गर्दै उनी नेतृत्वमा चयन भएका हुन्।

यसैगरी वरिष्ठ उपाध्यक्षमा रीता थापामगर, प्रथम उपाध्यक्षमा पशुपति शर्मा, द्वितीय उपाध्यक्षमा रामजी खाँण, महिला उपाध्यक्षमा राधिका हमाल पुन, तृतीय उपाध्यक्षमा दीपक खड्का, महासचिवमा सुवास केसी तथा उपमहासचिवमा शंकर बीसी र शिव हमाल निर्विरोध निर्वाचित भए।

कोषाध्यक्ष पदमा तारापति सुवेदीलाई पराजित गर्दै राजु ढकाल र सहकोषाध्यक्षमा घनश्याम रिजाललाई पराजित गर्दै ईश्वरीप्रसाद भुसाल विजयी बने। खुला सचिव पदमा जीवन दाहाल, रमेशराज भट्टराई, कुलेन्द्र विश्वकर्मा, हरि डाँगी, प्रचण्ड जिसी, वसन्त थापा र पुष्कल शर्मा विजयी बने।

सांगठनिक सचिवमा खुमन अधिकारी, प्रशासनिक सचिवमा कृष्ण रेउले, महिला सचिवमा जमुना रानामगर र सह-कोषाध्यक्षमा पूर्णकला बीसी सर्वसम्मत चयन भए।

केन्द्रीय महाधिवेशनमा ५८ जिल्ला समिति र १३ समन्वय समिति सहभागी थिए। केन्द्रीय महाधिवेशनको आकर्षणका रूपमा सम्मान एवं विविध सांस्कृतिक कार्यक्रम गरिएको थियो। उद्घाटन



कार्यक्रम प्रदर्शनी केन्द्र नयाँबजार र बन्दसत्र पोखरा सभागृह हलमा आयोजना गरिएको हो। महाधिवेशन मंसिर ६, ७ र ८ गते पोखरामा भएको हो।

भिडियो

# लहरीको स्वरमा राष्ट्रिय गीत



भारतले नयाँ नक्सा सार्वजनिक गरेर नेपाली भूमिलाई आफूतिर पारेपछि सांगीतिक क्षेत्रमा राष्ट्रिय गीतहरूको निर्माण ह्वात्तै बढेको छ। अहिले आएर बलिउडका संगीतकर्मी बप्पी लहरीले पहिलो पटक नेपाली राष्ट्रिय गीत गाएका छन्। मुम्बईमै रेकर्ड गरिएको उक्त गीत प्रदीप काफ्लेले रचना गरेका हुन्। बीबी अनुरागीको संगीत निर्देशनको 'फरक छ भाषा फरक संस्कृति, एउटै छ आकाश एउटै छ धर्ती' शीर्षकको गीतको म्युजिक भिडियो हालै छायांकनसमेत गरिएको छ। निर्मल शर्माको निर्देशनमा तयार भएको उक्त भिडियोमा रामेश्वर केसी, प्रदीप काफ्ले, योगिता महर्जन, रमिला ज्ञानी मगर आदि कलाकारले अभिनय गरेका छन्। यो भिडियो अर्को साता सार्वजनिक हुँदैछ।

समीक्षा

# हेरुन्जेल रमाइलो च च हुई



दसैं र तिहारताका पिङ खेल्दा जोकोहीको मुखबाट निस्कने शब्द हो– च च हुई च च हुई। पिङ खेल्दाको रमाइलोमा निस्कने यो शब्दले जोकोहीलाई रोमाञ्चित बनाउँछ, तर यहाँ पिङको नभई चलचित्र 'च च हुई'को कुरा हुँदैछ। गत साताबाट प्रदर्शनमा आएको साम्तेन भुटिया निर्देशित चलचित्र 'च च हुई' नेपालका विभिन्न हलमा प्रदर्शन भइरहेको छ। आर्यन सिग्देल, भोलाराज सापकोटा, मिरुना मगर र माओत्से गुरुङको कथा वरपुर घुमेको यो चलचित्रको व्यापार सोचेजस्तो छैन।

चलचित्रको कथा हङकङबाट सुरु हुन्छ। सानैमा आमा गुमाएपछि प्रेम (आर्यन सिग्देल) हङकङ पुग्छन्। आमाको निधनपछि प्रेमका नेपाली सेनाका कर्णेल पिताले दाजुभाइको अंशबन्डा गरिदिन्छन्। उनका पिताले प्रेमलाई चाहिँ नागरिकता र पासपोर्ट बनाइदिएर हङकङ पठाउँछन्। प्रेमका साथी भोला (भोलाराज सापकोटा) टुहुरो हुन्छन् र उनलाई हङकङका व्यापारीले धर्मपुत्र बनाएर हङकङ पुर्‍याउँछन्। त्यहीं नै उनीहरूको भेट हुन्छ र साथी बन्छन्। भोला भोलाजस्तै सोझा छन्, जुनसुकै काम गर्दा उनले काम बिगारेकै हुन्छन्। भोलाकै कारण प्रेमले राम्ररी काम गर्न सक्दैनन्, जसका कारण दुवै जना आफू काम गरिरहेको ठाउँबाट निकालिन्छन्।

यही बेला उनीहरूको भेट श्यामलाल पण्डित (माओत्से गुरुङ) सँग हुन्छ। श्यामलालले दुवै जनालाई नेपाल गएर अभिभावक खोजी उतै बस्न सल्लाह दिन्छन् र उनीहरूको हातमा एउटा पुस्तक थमाएर नेपाल फर्काउँछन्। हातमा पुस्तक बोकेर नेपाल फर्किए पनि दुवैले पुस्तकको महत्व बुझ्दैनन्। पुस्तकका कविता पढ्छन्, चित्त बुझाउँछन्। पुस्तक हातमा थमाएपछि माओत्सेले उनीहरूसँग सेल्फी खिचेर त्यो फोटो भाइबरमा नेपाल पठाउँछन्।

यता नेपाल आइपुगेपछि प्रहरी र पुस्तक पाउने आस गरेका व्यक्तिहरूले पुस्तक खोज्न थाल्छन्। यही मेसोमा प्रेमको भेट संगीता (मिरुना मगर) सँग हुन्छ। काठमाडौंको रेस्टुराँमा काम गर्ने संगीता देखेपछि प्रेम मोहित हुन्छन्। पुस्तकको खोजी बढेपछि प्रेम र भोला पोखरा जाने निर्णय लिन्छन्। पोखरा जाने बस चढ्दा त्यही बसमा संगीता पनि पोखरा जान चढ्छिन्। मुस्ताङकी संगीता घर जानका लागि पोखरा गएकी हुन्छिन्। पोखरा पुगेपछि प्रेमले पोखराकै एक होटलमा मुस्ताङबाट आएका एक युवक भेट्छन् र आफ्नो पिताका बारेमा बताएपछि मुस्ताङको मार्फामा रहेको ठेगाना पाउँछन् अनि भोला र प्रेम पनि मुस्ताङ नै जान्छन्।

मुस्ताङ पुगेपछि प्रेमले संगीता र उनको परिवारको सहयोगमा पिता बस्ने घर त भेट्छन् तर पिता भेट्दैनन्। यही बीचमा प्रेम र संगीताको प्रेम मौलाउँदै जान्छ। रूपले सुन्दर संगीतालाई मुस्ताङमै एक प्रहरी अधिकृत र स्थानीय डनले मन पराइरहेका हुन्छन्। प्रेम र भोलालाई पक्राउ गर्ने आदेश आएपछि प्रहरीले उनीहरू दुवैलाई खोज्छन्। यो कुरा थाहा पाएका प्रेम र भोला संगीतालाई लिएर पोखरा भाग्छन्। उनीहरूसँगै हङकङबाट ल्याएको किताब पनि पोखरा पुग्छ। चलचित्रमा पुस्तकले ल्याएको ट्विस्ट र प्रेमले पितालाई भेट्छन् या भेट्दैनन् भन्ने थाहा पाउन दर्शकले चलचित्र नै हेर्नुपर्ने हुन्छ।

चलचित्रलाई कमेडी फ्लेभरमा प्रस्तुत गरिएको छ। अभिनयका हिसाबले आर्यन र भोलाले राम्रै अभिनय गरेका छन्। मिरुनाको अभिनय खासै नदेखिए पनि उनको मुस्कानलाई भने दर्शकले राम्रैसँग हेर्न पाउँछन्। माओत्सेले पनि आफ्नो भूमिकालाई केही हदसम्म न्याय दिएका छन्। कमेडी जनरा रुचाउने दर्शकले केही मात्रामा चलचित्र मन पराउलान्। चलचित्रको संगीत पक्ष ठीकै छ। द्वन्द्वमा केही नयाँ शैली अपनाइएको छ। चलचित्रमा चुनावको वातावरण, डनजस्तो देखाइएको एक पात्रको शैली अनावश्यक दृश्य लाग्छन्। यी दृश्य नहुँदा पनि चलचित्रमा खासै केही फरक पर्दैन थियो। जुन कुरामा निर्देशकको ध्यान गएको पाइँदैन।

चलचित्र

# सरौतो, लभ यू हमेशा र मखमली मखमली








यो साता तीन चलचित्र 'सरौतो', 'लभ यू हमेशा' र 'मखमली मखमली' सार्वजनिक प्रदर्शनमा आउँदैछन्। प्रेमकथासँगै एक्सन समेटिएको चलचित्र 'सरौतो'मा छायांकार हरि हुमागाईंको 'डेब्यु' निर्देशन छ। निर्देशक हुमागाईंका अनुसार चलचित्रमा दर्शकले प्रेमकथासँग भरपुर एक्सन हेर्न पाउनेछन्। उनी चलचित्रकी अभिनेत्री सुमी मोक्तानको एक्सनलाई दर्शकले मन पराउने दाबी गर्छन्।

अभिनेत्री सुमीले यसै चलचित्रमार्फत अभिनयमा 'डेब्यु' गरेकी हुन्। चलचित्रमा सुमीले बोल्न नसक्ने चरित्रमा अभिनय गरेकी छन्। चलचित्रकै लागि उनले द्वन्द्व पनि सिकेकी छन्। चलचित्रमा सुमीसँगै विजय लामा, युवराज लामा, धिरेन शाक्य, आमिर गौतम, अरुणा कार्की, सुवांगम शाह, लियो ट्यांक, मनीषा पुन मगर, प्रतीक दुलाल, राजेश राय, मनोज तामाङलगायतको अभिनय छ।

वीराङ्जना इन्टरटेनमेन्ट, स्क्वायर वान क्रिएसन, राइजिङ फिल्म्स एन्ड ग्लिटर स्टुडियोको ब्यानरमा निर्माण भएको चलचित्रमा राघवकृष्ण गौतमको लेखन, उत्तम हुमागाईंको छायांकन, निमेष श्रेष्ठको सम्पादन र शंकर महर्जनको द्वन्द्व छ। चलचित्रमा लक्ष्मीकुमारी तामाङले लगानी गरेकी छन्।

यस्तै प्रेम कथानक चलचित्र लभ यु हमेशामा दर्शकले अभिनेता यशराज गराच, अभिनेत्रीद्वय ऋचा थापा र फिजा योन्जनको त्रिकोणात्मक प्रेमकथा हेर्न पाउनेछन्। भाष्कर प्रधानकै लेखन तथा निर्देशन रहेको चलचित्रमा गोपाल ढकाल (छन्दे), शिशिर राणा, करुणा श्रेष्ठ, निराजन मेहता, पिटी योल्मा, सल्देन तामाङ, प्रमिला राईलगायतका कलाकारको अभिनय छ। भारतको कालेबुङ, सिलुगुढीसँगै फिलिपिन्सका विभिन्न स्थानमा छायांकन गरिएको चलचित्रमा शिव ढकालको छायांकन, भासुको संगीत, कमल राई, रामजी लामिछानेको कोरियोग्राफी र मिलन श्रेष्ठको सम्पादन छ। चलचित्रमा यवन तामाङ निर्माता छन्।

त्यस्तै राजु गिरी निर्देशित 'मखमली मखमली'मा जयकिशन बस्नेत, शुभेच्छा थापा, सबिन बास्तोला, शारदा गिरी, सुदर्शन आचार्य, सम्राट पोखरेल र परी तामाङको अभिनय छ। साबित्रा चिलुवाल निर्माता रहेको चलचित्रमा वसन्त सापकोटा, बाबुल गिरी र साबित्रा चिलुवालको संगीत, रामजी लामिछाने र अनिल राईको नृत्य, विनोद बमको सम्पादन तथा रामेश्वर हुमागाईंको छायांकन छ।

समाचार

# रेडियो कान्तिपुरको नेसनल म्युजिक एवार्ड




रेडियो कान्तिपुरले हरेक वर्ष प्रदान गर्दै आएको नेसनल म्युजिक एवार्डको नयाँ संस्करण आगामी मंसिर २७ गते हुने भएको छ। सोल्टी होटलमा आयोजित पत्रकार सम्मेलनमा रेडियो कान्तिपुरले २१ औं वार्षिकोत्सवको अवसर पारेर एवार्ड वितरण गर्न लागेको जनाएको छ।

यस वर्षको नेसनल म्युजिक एवार्डलाई 'डिस होम रेडियो कान्तिपुर नेसनल म्युजिक एवार्ड पावर्ड बाई सानिमा बैंक इन एसोसिएसन विथ बाबा सनफ्लावर आयल' नामकरण गरिएको रेडियो कान्तिपुरका स्टेसन म्यानेजर दिनेश डिसीले जानकारी दिएका छन्।

पत्रकार सम्मेलनमा डिसहोमका डीजीएम सञ्जय राजभण्डारी तथा सानिमा बैंकका चिफ डिपोजिट अफिसर बोबी सिंह गड्तौलाले कान्तिपुर नेसनल म्युजिक एवार्डसँग सहकार्य गरेको जनाउँदै यो एवार्डले गीत-संगीतका स्रष्टाहरूलाई अझ हौसला प्रदान गर्ने बताए।

यस पटकको नेसनल म्युजिक एवार्डमा उत्कृष्ट नवगायक-गायिका, उत्कृष्ट रचनाकार, उत्कृष्ट संगीत निर्देशक, उत्कृष्ट लोकदोहोरी गायक-गायिका, उत्कृष्ट सांगीतिक समूह तथा उत्कृष्ट आधुनिक गायक-गायिका रहेका छन्। त्यस्तै गीत-संगीतका क्षेत्रमा लामो समयदेखि सेवा पुर्‍याउँदै आएका एक जना मूर्धन्य संगीत साधकलाई लाइफ टाइम एचिभमेन्ट एवार्ड प्रदान गरिने रेडियो कान्तिपुरले जनाएको छ। लाइफ टाइम एचिभमेन्ट एवार्डको राशि १ लाख रुपैयाँ छ। त्यस्तै पिपल्स च्वाइस एवार्डको चयन श्रोताको सहभागितामा गरिने र एवार्ड कार्यक्रममा संगीतका १५ विधा र लाइफ टाइम एचिभमेन्टसँगै उत्कृष्ट तीन विज्ञापन एजेन्सीलाई पनि पुरस्कृत गरिने डिसीले जानकारी गराए।

डिसीका अनुसार वर्षभर प्रसारण भएका गीतहरूबाट विभिन्न विधाअन्तर्गत उत्कृष्ट पाँच जनाको मनोनयन छनोटका लागि गीतकार चूडामणि देवकोटा, गायिका कुन्ती मोक्तान तथा संगीतकार सुरेश अधिकारीको जुरी निर्माण गरिएको छ। एवार्ड कार्यक्रमको सेलिब्रेसन पार्टनरहरूमा सिटी एक्सप्रेस मनी ट्रान्सफर, आईएमई लाइफ इन्स्युरेन्स, कनेक्ट आईपीएस ई-पेमेन्ट सिस्टम, गुडलाइफ बिस्कुट, टु पीएम नुडल्स, प्योरेक्स लन्ड्री सोप, केएनपी पेन्ट्स र जेजे ज्वेलर्स रहेका छन्।

बलिउड

# सलमान खानका अनेक किस्सा



**टिप्स कम्पनीले ‘सलमान खान’ नाम नै राखेर चलचित्र दर्ता गराएको थियो, तर यो चलचित्र आजसम्म निर्माण भएको छैन । सलमान खान र शाहरुख खानमा एउटा ठूलो आकर्षण थियो । दुवैले ‘हम तुम्हारे हे सनम’, ‘करण अर्जुन’ र ‘कुछ कुछ होता हे’ जस्ता चलचित्रमा काम गरेका थिए ।**

बलिउड अभिनेता सलमान खान यतिबेला होम प्रोडक्सनको चलचित्र ‘दबंग-३’मा व्यस्त छन् । पछिल्लो पटक चलचित्र ‘भारत’मा देखिएका सलमान चलचित्र ‘दबङ’मा रहेको आफ्नो हिट चरित्र ‘चुलबुल पाण्डे’लाई ‘दबंग-३’मार्फत पुनः दर्शकमाझ ल्याउन लागेका हुन् । यो चलचित्रमा प्रभु देवाको निर्देशन छ ।

हालसम्म अविवाहित सलमानको रोचक कुरा थाहा पाउने दर्शक तथा पाठक सायद कमै होलान् । सलमानका मन पर्ने अभिनेता, अभिनेत्री, पहिलो कमाइ, लाज लागेको क्षण, कोसँग डराउँछन् जस्ता कुरा सम्भवतः उनको नजिकका बाहेक अन्य कोहीले पनि थाहा पाएका छैनन् । यो आलेखमा सलमानका यिनै रोचक कुरा प्रस्तुत गरिएको छ ।

सन् १९६५ डिसेम्बर २७ मा इन्दोरमा जन्मिएका सलमान चलचित्रमा अभिनेता नभई निर्देशक बन्न चाहन्थे, तर उनको सानदार व्यक्तित्व देखेका निर्माताहरू उनलाई अभिनेताकै रूपमा चलचित्रमा अनुबन्धित गर्न चाहन्थे । सलमानको पूरा नाम अब्दुल रशिद ससलम सलमान खान हो ।

सन् १९८८ मा सलमानले सहायक अभिनेताका रूपमा पहिलो पटक अभिनय गरेको चलचित्र ‘बीबी हो तो ऐसी’ रिलिज भएको थियो । फारुख शेख र रेखाजस्ता स्टार कलाकारका बीच सलमानले दर्शकको ध्यान आफूतिर तान्न सफल भएका थिए ।

सलमानले प्रमुख अभिनेताका रूपमा अभिनय गरेको पहिलो चलचित्र ‘मैने प्यार किया’ हो । सन् १९८९ मा रिलिज भएको यो चलचित्र त्यो बेला रिलिज भयो, जुन समयमा बलिउड उद्योग पाइरेसीको चपेटामा परेको थियो । सलमानको यो चलचित्रको प्रिन्टको खर्च बचाउनका लागि थोरै प्रिन्ट र प्रचारका साथ रिलिज गरिएको थियो, तर चलचित्रले सफलता पाएपछि यसको प्रिन्टको संख्या बढाइएको थियो ।

चलचित्रमा आउनुअघि सलमानको रोमान्स संगीता बिजलानीसँग चलिरहेको थियो । त्यो समयमा सलमानको तुलनामा संगीता ठूलो स्टार थिइन् । एक विज्ञापनमा यो जोडी सँगै देखिएका थिए ।

सन् २००४ मा पीपुल म्यागाजिनले सलमानलाई ‘बेस्ट लुकिङ म्यान इन द वर्ल्ड’को लिस्टमा सातौं र भारतमा पहिलो स्थानमा राखेको थियो । सलमान अभिनेता धर्मेन्द्रका ठूलो फ्यान हुन् । आज पनि धर्मेन्द्र सलमानका मन पर्ने अभिनेता हुन् । उनी हलिउड अभिनेता सिल्वेस्टर स्टेलोनको पनि फ्यान हुन् ।

सलमानले धर्मेन्द्रका साथमा चलचित्र ‘प्यार किया तो डरना क्या’मा काम गरेका थिए । धर्मेन्द्रले यो चलचित्रमा काम गर्दा एक रुपैयाँ पनि पारिश्रमिक लिएका थिएनन् । धर्मेन्द्र सलमानलाई भेट्दा आफूलाई युवावस्थाको सम्झना आउने गरेको बताउँछन् । उनी पनि सलमानकै जस्तो हृदयका सफा देखिन्थे । सलमान धर्मेन्द्रकी अभिनेत्री पत्नी हेमा मालिनीलाई पनि आफ्नो मन पर्ने अभिनेत्री मान्छन् ।

टिप्स कम्पनीले ‘सलमान खान’ नाम नै राखेर चलचित्र दर्ता गराएको थियो, तर यो चलचित्र आजसम्म निर्माण भएको छैन ।

सलमान खान र शाहरूख खानमा एउटा ठूलो आकर्षण थियो । दुवैले ‘हम तुम्हारे हे सनम’, ‘करण अर्जुन’ र ‘कुछ कुछ होता हे’ जस्ता चलचित्रमा काम गरेका थिए ।

सन् २००६ को दीपावलीमा एकै दिन सलमानको ‘जानेमन’ र शाहरूखको ‘डन’ रिलिज भएको थियो । सलमान आफ्नो चलचित्रको प्रचारका बेला शाहरूखको चलचित्र हेर्न पनि आग्रह गर्थे । केही समयअघि अभिनेत्री कटरिना कैफको जन्मदिनको पार्टीमा केही कुरालाई लिएर सलमान र शाहरूखबीच झगडा भएको थियो । यही घटनाका कारण उनीहरू लामो समय बोलेनन् । त्यसको केही समयपछि एक पार्टीमा दुवैले अँगालो मारेर आफूहरूबीचको तुस मेटाए ।

सलमानको संगीता बिजलानीसँग निकै लामो समय रोमान्स चल्यो । पछि सोमी अली उनीसँग नजिकिइन् । उनीहरूको निकटतालाई नजिकबाट नियालिरहेकाहरूले उनीहरूको चाँडै विवाह हुने अनुमान गरेका थिए, तर अनुमान केवल अनुमान मात्र रह्यो, अर्थात् उनीहरूको सम्बन्ध टुट्यो ।

सोमीपछि सलमानको जीवनमा ऐश्वर्या रायको प्रवेश भयो । सलमान ऐश्वर्यालाई निकै मन पराउँथे । भनिन्छ, चलचित्र ‘चलते चलते’मा ऐश्वर्याको शाहरूखसँग सुटिङ भइरहेको थियो । सलमान सुटिङ सेटमा पुगे र उनले शाहरूख र ऐश्वर्याकै कुरा काट्न थाले । सलमानको कुरालाई साथ दिँदै शाहरूखले ऐश्वर्यालाई चलचित्रबाट निकालेर रानी मुखर्जीलाई भित्र्याए ।

सलमानसँगको सम्बन्ध टुटेपछि ऐश्वर्या अभिनेता विवेक ओबरायसँग नजिकिइन् । यही मौकामा विवेकले सलमान र उनका दाजुभाइसँग झगडा गरे ।


यो घटनाको केही समयपछि विवेकले सलमानसँग माफी मागे, तर सलमानले उनलाई ‘नौटंकी’ भन्दै आजसम्म माफी दिएका छैनन् । सलमानका निकटस्थहरू भन्छन्, सलमान कोहीसँग रिसाए भने उनी सजिलै माफी दिँदैनन् । ऐश्वर्यासँग अलग्गिएपछि सलमानको नाम अभिनेत्री कट्रीना कैफसँग जोडियो । बलिउडमा कट्रीनाको करियर बनाउनका लागि सलमानको योगदान महत्त्वपूर्ण मानिन्छ ।

सलमानलाई कुनै पनि एवार्डमाथि विश्वास छैन । उनका लागि जनताको माया सबैभन्दा ठूलो पुरस्कार हो । सन् २००५ मा चलचित्र ‘मेने प्यार क्यूँ किया’ पछि सलमानको कैयौं चलचित्र (क्योंकि, शादी करके फंस गया यार, जानेमन, बाबुल, सलाम-ए-इश्क, साँवरिया, गड तुस्सी ग्रेट हो, युवराज) बक्स अफिसमा असफल भए । करिब चार वर्षसम्म उनका कुनै पनि चलचित्र सफल भएनन् । यो अवस्थामा कतै सलमानको करियर सकिने अवस्थामा त आएको होइन भन्ने चर्चा पनि चल्यो, तर ‘पार्टनर’ र ‘वान्टेड’ जस्ता चलचित्रले उनको करियरलाई नयाँ सफलता दिलायो ।

चलचित्र ‘दबंग-२’, ‘एक था टाइगर’, ‘दबंग’, ‘वान्टेड’, ‘रेडी’, ‘बडीगार्ड’, ‘बजरंगी भाइजान’, ‘सुल्तान’, ‘एक था टाइगर’, ‘टाइगर जिन्दा है’ जस्ता चलचित्रले सलमानको करियरमा सफलताको नयाँ परिभाषा दियो । यो समय सलमानलाई बलिउडको सबैभन्दा ठूलो स्टार मानिन्छ । सय करोड क्लबमा उनका सर्वाधिक १२ चलचित्र समावेश छन् ।

चलचित्र ‘चिल्लर पार्टी’ हेरेपछि सलमान यति प्रभावित भए कि उनी तुरुन्तै चलचित्रका निर्माता बने । वर्षौं पहिले जब रणवीर कपुर चलचित्रमा आएका थिएनन्, त्यो समय रणवीर र सलमान एक नाइट क्लबमा बसिरहेका थिए । त्यो समयमा उनीहरूबीच झगडा पनि भएको थियो । त्यसको भोलिपल्ट पिता सलिम खानको आग्रहमा सलमान ऋषि कपुरको घर गएर माफी मागेका थिए । सलमान पिता सलिमसँग निकै डराउँछन् ।

सलिम भन्छन्, ‘अब त सलमानले




विवाह गर्नैपर्छ । किनकि उनको सानो भाइ विवाह गरेर बाबु बनिसके ।'

सलमान प्रायः शरीर बनाउने तरिका र फिटनेस टिप्स आफ्ना जुनियर कलाकारलाई दिइरहन्छन् । ऋतिक रोशन, अर्जुन कपुर, सोनाक्षी सिन्हासहित कैयौं अभिनेताले यो मौकाको फाइदा उठाइसकेका छन् ।

आफ्ना साथीको चलचित्रमा सानोतिनो भूमिकामा अभिनयका लागि सलमान तुरुन्तै सहमत हुन्छन् । उनी आफ्नो भूमिका र चलचित्रको कथाबारे बुझ्नुको साटो कहिले आउनुपर्ने हो भनेर जानकारी लिन्छन् ।

सलमानका पिता मुसलमान र आमा हिन्दू हुन् । सलिमकी दोस्री पत्नी इसाई हुन् । त्यसकारण सलमान दुवै धर्मका पर्व हर्षोल्लासका साथ मनाउँछन् । उनी आफ्नो परिवारलाई 'मिनी इन्डिया' भन्छन् । सलमान समाजसेवामा पनि निकै चासो दिन्छन् ।

आफ्नो संस्था बिइङ ह्युमनमार्फत उनी विशेष मुद्दामा सहयोग गर्छन् । जो व्यक्ति बिइङ ह्युमनको नक्कली टिसर्ट लगाउँछन्, ती व्यक्तिमाथि सलमानको सधैं रिस रहन्छ ।

गर्छिन्, जुन आग्रहलाई सलमानले नकार्न सकेका छैनन् ।

अभिनयका अतिरिक्त सलमान लेखक पनि हुन् । उनले केही चलचित्रका कथा पनि लेखेका छन् । योबाहेक उनी चित्र कोर्न पनि निकै रुचाउँछन् ।

चलचित्रका अतिरिक्त सलमान टेलिभिजनमा पनि रुचाइएका कलाकार हुन् । उनको शो 'बिग बोस' र 'दस का दम' लोकप्रिय शो हो ।

विवादसँग पनि सलमानको विशेष नाता छ । सन् २००२ मा उनको कारले रातिको समयमा सडकको फुटपाथमा सुतेका चार व्यक्तिलाई किचेको थियो, जुन घटनामा एकको मृत्यु भएको थियो । राजस्थानमा हरिण मारेको अभियोगमा उनले ठूलै मुद्दा-मामिलाको पनि सामना गर्नुपर्‍यो । यही मुद्दाका कारण उनी जेल पनि गए ।

सलमानका अनुसार उनको जिन्दगीमा सर्वाधिक लाजलाग्दो क्षण त्यो समयमा थियो, जुन बेला एक एवार्डमा उनले आफू सर्वश्रेष्ठ अभिनेताको एवार्ड पाउँछु भन्नेमा ढुक्क थिए । त्यो पुरस्कार घोषणा हुँदा उनी एवार्ड लिन आफू बसेको स्थानबाट उठेका पनि थिए, तर त्यो

> ऐश्वर्यासँग अलग्गिएपछि सलमानको नाम अभिनेत्री कटरीना कैफसँग जोडियो । बलिउडमा कटरिनाको करियर बनाउनका लागि सलमानको योगदान महत्वपूर्ण मानिन्छ ।

भारतमा उनको बिइङ ह्युमन नामका धेरै स्टोर छन्, जसमार्फत प्राप्त आम्दानी उनी सामाजिक काममा खर्चन्छन् ।

सलमान प्रायः आफूले प्राप्त गरेको महँगो उपहार अन्य व्यक्तिलाई दिन्छन् । सलमानको बानीबाट आजित उनकी आमा सलमानलाई बिइङ ह्युमनको महँगो घडी मानिसहरूलाई दिन आग्रह

एवार्ड उनले नभई ज्याकी श्राफले पाए ।

केही वर्षअघि सलमान निकै मदिरा पिउँथे । एकदिन ऐनाअगाडि उभिँदा उनले आफ्नो अनुहार अनौठो देखे । त्यसपछि उनले ऐनामा आफूलाई मन नपरेको अनुहार दर्शकले स्क्रिनमा कसरी मन पराउलान् भनेर मदिरा पिउन पनि कम गरे ।

सलमानलाई चलचित्र उद्योगका मानिसहरू प्रेमपूर्वक 'भाइ' भनेर बोलाउँछन् र उनीसँग डराउँछन्, तर सलमान आफैं भने भाइ भनेको मन पराउँदैनन् । केही वर्षअघिसम्म सलमान आफू अभिनीत चलचित्रको प्रचार गर्न रुचाउँदैनथे । उनी चलचित्र राम्रो छ भने निश्चय नै चल्छ भन्ने मान्यता राख्थे, तर चलचित्र फ्लप हुन थालेपछि उनले 'दबंग'को खुलेर प्रचार गरे । चलचित्र सुपरहिट भएपछि उनले प्रचारको महत्वलाई नजिकबाट बुझे । सलमान अन्तर्वार्ता दिन मन पराउँदैनन्, तर चलचित्रको प्रचारका लागि उनले नचाहेर पनि यो काम गरिरहनुपरेको छ ।

सलमान कार र मोटरबाइकका सौखिन हुन् । उनीसँग बीएमडब्लू एम-५, बीएमडब्लू एक्स-६, ओडी, रेन्ज रोवर, लेक्सस एलएक्स-४७०, टोयोटा लेन्डक्रुजरजस्ता महँगा कार छन् । कैयौं पटक उनी साइकलमा पनि मुम्बईका सडकमा निस्कन्छन् । पछिल्ला कैयौं वर्षदेखि उनी ब्रासलेट लगाइरहेका छन्, जसमा फिरोजा स्टोन लगाइएको छ । सलमानको मान्यता छ कि त्यो ब्रासलेट उनका लागि भाग्यशाली मात्र छैन, त्यसले उनीमाथि नराम्रो नजर लगाउनेबाट पनि बचाइरहेको छ ।

५ फिट ८ इन्च अग्ला सलमानभन्दा धेरै अभिनेत्री अग्ला छन् । यो विषयलाई लिएर उनी आफ्नै मजाक उडाउँछन् । सलमान आफूलाई अभिनय गर्न नआउने बताउँछन् । उनी आफू जस्तो रूपमा पर्दामा आए पनि दर्शकले त्यसलाई मन पराउँछन् ।

जब उनी चलचित्रमा आफ्नो टिसर्ट उतार्छन्, दर्शकहरू खुसीसाथ ताली बजाउँछन् । सलमान जिम जान त्यति मन पराउँदैनन्, तर आफ्नो पेसाअनुसार जिम जानुपर्ने भएपछि उनी दैनिक जिम जान्छन् । सलमानलाई मुम्बईका अतिरिक्त लन्डन मन पर्ने स्थान हो । सलमानको पहिलो कमाइ ७५ रुपैयाँ थियो । उनी डान्स ग्रुपमा कोरस थिए । त्यही नृत्यबाट उनी यति पारिश्रमिक पाउँथे ।

स्रोत : वेभ दुनिया

## हलिउड



### लियोनार्दोको चिन्ता

हलिउड अभिनेता लियोनार्दो डिक्याप्रियाले पुनः एकपटक भारतमा बढिरहेको प्रदूषण तथा क्लाइमेट चेञ्जको मुद्दाप्रति चिन्ता व्यक्त गरेका छन् । लियोनार्दोले आफ्नो इन्स्टाग्राममा पछिल्ला दिनहरूमा भारतको राजधानी नयाँ दिल्लीमा प्रदूषणप्रति इन्डिया गेटमा भएको विरोध प्रदर्शनका केही तस्बिरहरू सेयर गरेका थिए । साथै उनले प्रदूषणका लागि भारत सरकारद्वारा गरिएका कतिपय निर्णयहरू गलत भन्दै एउटा नोटसमेत लेखेका छन् । लियोनार्दोले आफ्नो पोस्टमा विश्व स्वास्थ्य संगठनको एउटा एउटा रिपोर्टमा आधारित हुँदै भारतमा १५ लाख मानिसको मृत्युको कारण प्रदूषण भएको समेत उल्लेख गरेका छन् । लियोनार्दो चार वर्षअघि भारतको भ्रमणमा आएका थिए । त्यो बेला उनले आफ्नो वृत्तचित्र बियोन्ड द फ्लडका केही दृश्यहरू छायांकन गराएका थिए ।



### ग्रामीको मनोनयन

६२औं ग्रामी एवार्डस्‌को मनोनयन सूची सार्वजनिक गरिएको छ । जनवरी २७ का दिन वितरण गरिने विश्वकै सर्वोच्च संगीत सम्मानको उद्घोषण अभिनेत्री तथा गायिका एलिसिया केजले गर्ने तय भएको छ । लस एञ्जलसमा सञ्चालन हुने यसपटकको ग्रामी एवार्डका लागि विभिन्न ८४ विधाको मनोनयन सूची सार्वजनिक गरिएको हो । यसपटकको एवार्डका लागि टेलर स्विफ्ट, एरियाना ग्रान्डे, शान मेन्डेस, केमिला कबेलो, बेयोन्से, बिली एलिश, एड शीरन तथा जोनस ब्रदर्श जस्ता संगीतकर्मीहरू मनोनीत छन् । यसबाहेक अमेरिकी गायिका लिज्जो सर्वाधिक ८ विधामा मनोनीत छिन् भने बिली एलिश तथा लिल नेस एक्स ६-६ विधामा मनोनीत छन् । एरियाना ग्रान्डे तथा एचईआर ५-५ विधामा मनोनीत छन् भने टेलर स्विफ्ट तथा लेडी गागा ३-३ विधामा मनोनीत भएका छन् ।

## विकेन्ड फन



# फन फेस्ट

राजधानीका युवाहरूलाई लक्षित गरेर केएमसी फन फेस्टको आयोजना हुने भएको छ। भोलि शनिबार ललितपुरको बालकुमारीस्थित काठमाडौं मोडल सेकेन्डरी स्कुलमा उक्त कार्यक्रम हुँदैछ, जहाँ अहिले युवा पुस्तामाझ चर्चामा रहेका विभिन्न कलाकारले आफ्नो प्रस्तुति दिनेछन्। कार्यक्रममा गायक महेश काफ्ले तथा छेवाङ लामाले आफ्नो गायकीमार्फत मनोरञ्जन प्रदान गर्नेछन् भने स्ट्यान्ड अप कमेडियनद्वय डोरेस खतिवडा तथा लोकमणि त्रितालले दर्शकहरूलाई हँसाउनेछन्। त्यस्तै फेस्टिभलमा र्‍यापर अनिल परियारको र्‍याप सुन्न पाइनेछ भने छमछमी सिजन-३ का विजेता विवेक मोक्तानको नृत्यसमेत हेर्न पाइनेछ। कार्यक्रममा निःशुल्क प्रवेशको प्रबन्ध गरिएको छ। बिहान १० बजे प्रारम्भ हुने कार्यक्रम दिनभर चल्ने आयोजक काठमाडौं स्टुडेन्ड कमिटी (केएमसी) ले बताएको छ।

## विकेन्ड डान्स

# नोभेम्बर रेन पार्टी



डान्स लभरहरूका लागि आजको दिन विशेष बन्न सक्छ। रेन इज फन, डान्स इज फर डेभलपमेन्ट भन्ने नारालाई प्रोत्साहन गर्दै रोट्र्याक क्लब अफ जावलाखेलले नोभेम्बर रेन डान्स पार्टीको आयोजना गरेको हो। नाचमा झुम्मिने तथा रमाउनेहरूले ललितपुरस्थित क्लिफ रेष्ट्रो एन्ड बारमा गई डान्स पार्टीको रमाइलो लिन सक्नेछन्। आयोजकले उक्त इभेन्टमा सहभागिता जनाउनका लागि ३ सय रुपैयाँ शुल्क तोकेको छ, जसमा ड्रिंक्सको व्यवस्थासमेत रहेको छ। त्यस्तै पार्टीमा विभिन्न रमाइला खेल पनि समावेश गरिएको छ। खेलका विजेताहरूले आकर्षक गिफ्ट पनि जित्न सक्नेछन्। पार्टी साँझ ५ बजे सुरु हुनेछ।

## विकेन्ड मेनु



# रेष्ट्रो मेनु एप

नेपालमा सामाजिक सञ्जाल र विभिन्न एपको प्रयोग गर्ने चलन बढ्दै गएको छ। यसैबीच नेपाली युवाहरूको एक समूहले 'रेष्ट्रो मेनु एप' सञ्चालनमा ल्याएका छन्। चार जना युवाले संयुक्त रूपमा यो एप सञ्चालनमा ल्याएका हुन्। अनलाइन सोलुसनले सञ्चालनमा ल्याएको एप्समा देशभरका २ हजारभन्दा बढी रेस्टुराँको मेनु हेर्न पाइन्छ।

जापानमा बसेर फर्किएका सुरेश रेग्मीका साथै ध्रुव शर्मा, श्रवण ज्ञवाली र जगत ज्ञवालीले बनाएको यो एपमा आफूलाई मनमा लागेको खाना रोजेर अर्डर गर्न, खाना वा खाजाको मूल्य, रेस्टुराँको पृष्ठभूमि तथा रेस्टुराँको लोकेसन हेर्न पाइन्छ। एपमै रेस्टुराँको कुन टेबलमा बस्ने भनेर अग्रिम बुकिङसमेत गर्न सकिन्छ।

एपले रेस्टुराँ सञ्चालकहरूको व्यवसाय प्रवर्द्धन गर्ने उपयुक्त माध्यम बन्ने तथा रेस्टुराँ र ग्राहकबीच पुलको काम गर्ने सञ्चालक सुरेश रेग्मीको दाबी छ। हाल काठमाडौंलगायत प्रमुख पर्यटकीय स्थल पोखरा, चितवन, लुम्बिनी र भैरहवासहित नेपालका विभिन्न स्थानका करिब २ हजार रेस्टुराँ यस एपमा आबद्ध भइसकेका छन्।

एप्समा रेस्टुराँका लागि विभिन्न प्याकेज तयार पारिएको छ, जसमा डायमन्ड प्याकेज, गोल्डेन प्याकेज, सिल्भर प्याकेज र फ्री प्याकेज समावेश छन्।

युवराज गौतम

## विकेन्ड लाइभ



गायक तथा संगीतकार अनिल शाहीका शुभचिन्तकहरूका लागि खुसीको खबर छ। आउने सोमबार जमलस्थित राष्ट्रिय नाचघरमा द सुल्तान अफ स्ट्रिङ्ज अनिल शाही लाइभ हुने भएको छ। उक्त कार्यक्रममा गायक शाहीले आफ्ना लोकप्रिय गीतहरू गाएर दर्शकहरूलाई सुनाउनेछन्। शाहीको गायनमा गायिका प्रविशा अधिकारी, सुनिता कार्की तथा संगीतकर्मीहरू श्याम नेपाली, विनय महर्जन, विनोद कटुवाल, दिलीप किपु, अभिजित शाही र सनिश महर्जनले साथ दिनेछन्। साँझ ६ बजेदेखि सुरु हुने कार्यक्रममा प्रवेश गर्नका लागि कुनै पनि शुल्क निर्धारण गरिएको छैन।

## विकेन्ड फुड

# मम मन्डे



ममका पारखीहरूका लागि आउँदो सोमबार विशेष दिन बन्न सक्छ। काठमाडौंको नक्सालस्थित क्लासिक ममले मम मन पराउनेहरूका लागि मम मन्डे नामक इभेन्टको आयोजना गरेको छ। उक्त मम हाउसले आफ्नो ममका परिकारहरूमा ५० प्रतिशत छुट प्रदान गरेर मम उपलब्ध गराउने बताएको छ। यो अफर दिउँसो ३ बजेदेखि साँझ ६ बजेसम्म जारी रहनेछ। मम मन्डे नाम दिएर क्लासिक ममले प्रत्येक हप्ताको सोमबार यस्ता अफर गर्दै आएको छ।

## विकेन्ड रेस्टुराँ

# बुटवलमा गुगल फुडल्यान्ड

बुटवलको मिलन चोकमा खुलेको 'गुगल फुडल्यान्ड' पारखीहरूका लागि एउटा उत्कृष्ट गन्तव्य सावित हुँदै गएको छ। व्यस्त औद्योगिक शहर बुटवलको मिलन चोकमा अत्याधुनिक प्रविधि तथा गुणस्तरीय सेवा सुविधाले सु-सम्पन्न गुगल फुडल्यान्ड स्वेदेशी तथा विदेशीहरूलाई ध्यानमा राखेर पूर्ण पारिवारिक वातावरणमा सञ्चालनमा ल्याइएको छ। लामो समयदेखि रेस्टुराँमा सेफको काम गर्दै आएका अनुभवी सेफहरूले स्वाद र हाइजिनलाई ध्यानमा राखेर तयार पारेको नेपाली इन्डियन, इटालियन कन्टिनेन्टल पाइने गुगल फुडल्यान्डमा अन्तर्राष्ट्रिय स्तरका ड्रिंक्सका साथमा ककटेलसमेत उपलब्ध



हुन्छन्। अहिले सञ्चालनमा रहेका अन्य रेस्टुराँको तुलनामा केही फरक शैलीको अनुभव सेवाग्राहीले बटुल्न सकुन् भन्ने उद्देश्यले नयाँ शैलीको रेस्टुराँ स्थापना गरेको जानकारी दिँदै गुगल फुडल्यान्डका सञ्चालक राजु भन्छन्, 'हाम्रो रेस्टुराँमा फरक-फरक स्वादका परिकार उपलब्ध छन्। ग्राहकको स्वादलाइ ध्यानमा राखेर सेवा-सुविधा प्रदान गर्छौं।'

## सामाजिक सञ्जाल

**ज्ञानेन्द्र शाह**@King_GBBS
सम्माननीय प्रधानमन्त्रीज्यूको शीघ्र स्वास्थलाभको कामना गर्दछौं। श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्।

Gagan Thapa@thapagk
प्रधानमन्त्रीज्यूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ। प्रमको उपचारमा रमेशसिंह भण्डारीलगायतका नेपालका अब्बल चिकित्सकहरूको टिम अहोरात्र खटिरहनु भएको छ। मलाई विश्वास छ यी चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सतप्रयास र हामी सबैको प्रार्थनाले प्रधानमन्त्री छिटो स्वस्थ हुनुहुनेछ।

Kundan Aryal@TheRealKalamchi
प्रधानमन्त्री ओली भर्ना हुनुभएको त्रिवि शिक्षण अस्पताल परिसरमै रहेको मनमोहन कार्डियोभास्कुलर केन्द्र पुगेर आज (बुधबार) बिहान उहाँको स्वास्थ्य लाभको कामना गर्‍यौं। अत्यन्त उच्च मनोबल भएका प्रधानमन्त्री चाँडै नै स्वास्थ्य भएर काम फर्कनु होस् भन्ने शुभकामना।

Prince_ji@thapa_kaazii
हाम्रो प्रधानमन्त्रीज्यू हस्पिटलमा बस्नु हुन्छ। यसो कहिलेकाहीं हावा खान बाहिर निस्कनु हुन्छ।

**रोजिना**@Rosy_Pande
प्रधानमन्त्रीज्यू छिटो निको हुनुहोस्।

Humanity@subash521260
सकारात्मक हुन सिकौं। सम्माननीय प्रधानमन्त्रीज्यूको स्वास्थबारे आधिकारिक बुलेटिन आइसक्यो। कुनै अमुक डाक्टरको अन्तर्वार्तामा यसो भए के हुन्छ, उसो भए के हुन्छ भनेर नकारात्मक समाचार छाप्न जरुरी छ जस्तो लाग्दैन।

Dipendra@diprendrabantawa
प्रधानमन्त्रीज्यू, हजुरलाई आरामको आवश्यकता छ। दौडधूप, धपेडी नगर्नुस्। देश सिस्टममा चल्छ, चल्नुपर्छ। शीघ्र स्वास्थलाभको कामना।

Atman@atmiya_nepali
हालका प्रधानमन्त्रीज्यू तपाईंहरूलाई जिताउन सक्षम हुनुभयो तर देशलाई जिताउन सक्नु हुन्न। यतिसम्म अहं र गैर जवाफदेहिताले देशमा संक्रमण बढाउँछ, धेरै अव्यवस्थाको रोग फैलिन्छ।

Arjun Narasingha Kc@ArjunNarasingha
सम्माननीय प्रधानमन्त्री केपी ओलीज्यू एपेन्डिक्सको अप्रेसनपछि शिक्षण अस्पतालको सघन कक्षको उपचारमा हुनुहुन्छ। उहाँको शीघ्र स्वास्थ्य लाभको हार्दिक कामना गर्दछु।

Binu Pokharel@binuebhi
प्रमको एपेन्डिक्स फुटेको होइन, बरु एपेन्डिक्स र त्यो वरिपरिको क्षेत्रमा संक्रमण फैलिएको हो, यसलाई पेरिटोनाइटिस भनिन्छ। तर, हिजोदेखि मिडियाले एपेन्डिक्स फुटेर व्यापक संक्रमण भएको भन्दै आतंकित बनाइ रहे। झुट समाचारभन्दा शून्य रहनु ठिक हुन्छ है महोदय।



Rames Kandel@kandeldai
प्रधानमन्त्री ओलीको एपेन्डिक्स फुटेको होइन, बरु एपेन्डिक्स र त्यो वरिपरिको क्षेत्रमा संक्रमण फैलिएको हो। यसलाई पेरिररटोनाइटिस भनिन्छ। परम्परागत पद्धतिबाट पेट चिरेर ओलीको अप्रेसन गरियो, एपेन्डिक्स काटेर फालिएको छ, त्यस वरिपरिको क्षेत्र सफा गरिएको छ।

Chandra Kuman KC@chandra40127
स्टेरोइड लिएको बिरामी एपेन्डिक्स/पेरिटोनिटिस अफ भेन्टिलेटर। अलि खतरा नै हो। शिघ्र स्वास्थलाभको कामना प्रधानमन्त्री ज्यू।

**नेपालको काजि**@hetaudakaaji123
गरिबको थाइराइडको अप्रेसन गर्दा पाठेघरको अप्रेसन गर्ने डाक्टरहरू धनीको एपेन्डिक्सको अप्रेसन गर्दा मिस्टेक गर्दैनन् भनेपछि डाक्टरहरू हेल्चेक्राइँ नै गर्छन् उपचारमा।

Gaganshila@gaganshila
सम्माननीय प्रधानमन्त्री विगत केही महिनादेखि किड्नीको गम्भीर समस्यासँग जुधिरहनु भएको छ। हिजो उहाँलाई अचानक एपेन्डिक्स फुटेर पेरिटोनाइटिस भयो, प्रार्थना गरौं यो युद्ध पनि उहाँले जित्नु हुनेछ। उहाँ गम्भीर बिरामी हुँदा पनि अस्पतालमा आवश्यक समय बस्न पाउनुभएन, आराम गर्न पाउनु भएन, बिरामी छु भन्न पाउनु भएन, संक्रमण सर्न नदिनका लागि एकान्तमा बसेर शुद्ध अक्सिजन लिन पाउनु भएन, सधैं धपेडी तथा व्यस्तताले गर्दा एपेन्डिक्स सुन्निएर फुट्ने बेलासम्म समेत थाहा पाउनु भएन। उहाँलाई छिटो तथा पूर्ण निको होस्।

Riya Bhandari@Riya870
प्रधानमन्त्रीको प्रेस सल्लाहकार फेरियो, तर झुटो सूचना दिने प्रचलन फेरिएन। फुटेको एपेन्डिक्सको अप्रेसन गर्न लाग्दा सामान्य एपेन्डिक्सको अप्रेसन त हो भनेर सूचना दिइयो। सूर्य थापा नि उही ड्याङका रै'छन्।

**अंगीकृत बाहुन**@tamrakar_sushil
'रिपोर्टले ओलीमा एपेन्डिसाइटिसको समस्या पुष्टि गरेपछि चिकित्सकले सवा दुई घण्टा लगाएर उनको शरीरमा बढेको एपेन्डिक्स काटेर फ्याँकेका थिए। लगत्तै उनलाई आईसियूमा भेन्टिलेटरमा राखिएको थियो।' सामान्यतया यसको अप्रेसन गर्न १०-२० मिनेट मात्र लाग्छ। संक्रमणको गाम्भिर्यतालाई बुझौं।

**ईश्वर चापागाई**@nbnnabin11
उपचारमा (शल्यक्रियामा) ढिलाइ भएका कारण एपेन्डिक्स फुटेकाले प्रधानमन्त्रीज्यूको स्वास्थ अवस्था अत्यन्तै जोखिमपूर्ण हुनु देशकै दुर्भाग्यको कुरा हो। हाम्रो देशको स्वास्थ सेवा कत्तिको भरपर्दो रहेछ।

सम्माननीय प्रधानमन्त्री हामी तीन करोड नेपालीका अभिभावक हुनहुन्छ। विगत केही महिनादे खि किड्नीको गम्भीर समस्यासँग जुधिरहेको उहाँलाई अचानक एपेन्डिक्स भयो। प्रार्थना गरौं, चाँडै सञ्चो होस्, पुनः मुसुक्क हाँस्दै निवासमा फर्किनु हुनेछ। तपाईंको इच्छाशक्ति र आत्मबललाई सलाम। गम्भीर बिरामी हुँदा पनि अस्पतालमा आवश्यक समय बस्न पाउनु भएन, खेलाडीलाई हौसला दिन, नयाँ बनेको दशरथ रंगशाला हेर्न जान लाग्नुभएको थियो, आराम गर्न पाउनुभएन, बिरामी छु भन्ने अनुभूत पाउनु भएन, संक्रमण सर्न नदिनको लागि एकान्तमा बसेर शुद्ध अक्सिजन लिन पाउनु भएन, तपाईंको उच्च मनोबल हामी सबैको ऊर्जा र प्रेरणा हो। तपाईंलाई छिटो तथा पूर्ण निको होस्, मिल्छ भने बरु मेरो बाँकी आयु पनि केपि बुवालाई नै होस्, भगवानसँग प्रार्थना गर्छु।

**मीना श्रेष्ठ**


सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली, जसको नेतृत्वमा देशको नयाँ परिचय बनिरहेको छ। अन्तर्राष्ट्रिय जगतले नेपाललाई छुट्टै ढंगले चिन्न थालेका छन्। १४ वर्षे कठोर जेल जीवनले निम्त्याएका रोगहरूसँग लड्दै आफ्ना आकांक्षी सपना पूरा गरेरै छाड्ने संकल्प, ऊर्जा र उच्च मनोबल सहितको इच्छाशक्ति देखेर छोरो उमेरका हामी नतमस्तक छौं। हस्पिटलको बेडबाट पनि उर्जा र विश्वास दिलाउन सक्ने नेपाली जनताका प्रिय नेता तपाईंलाई हृदयदेखि सलाम। छिटो सकुसल, सक्रिय हुनुहोस्, शुभकामना।

**माधव ढुंगेल**

## यौन जिज्ञासा



डा. राजेन्द्र भद्रा



हाल म ३२ वर्षको भएं। मेरो दुई सन्तान छन्। मेरो पहिलो सन्तान भएको ६ महिनामै महिनावारी भयो। मेरो दोस्रो सन्तान भएको अहिले ७ महिना भएको छ, तर अझै महिनावारी भएको छैन। मैले गर्भ रह्यो कि भनेर किटमा पनि चेक गरें। रिजल्ट निगेटिभ नै देखायो। डाक्टरको सल्लाहमा रगत पनि जाँचे, रिजल्ट निगेटिभ छ। मलाई के भएर महिनावारी नभएको होला ?

**एन.**

### सन्तान जन्माएपछिको महिनावारी किन ढिलो ?

तपाईंलाई थाहै होला, गर्भ रहँदा महिलाको शरीरमा अनेक परिवर्तन हुन्छन् र सन्तानको जन्म भएपछि ती सबै बिस्तारै पुरानै अवस्थामा फर्कन्छन्। शिशु अटाउन ठूलो भएको पाठेघर फेरि पुरानै अवस्थामा फर्कने तथा रागरस (हार्मोन) को मात्रा पनि पुरानै आवस्थामा फर्कने गर्छ।

तपाईंले स्तनपान गराउनुभए वा नभएको बारेमा केही लेख्नुभएको छैन। सन्तान जन्माएपछि महिनावारी फर्कने समयको सन्दर्भमा स्तनपान गराएको वा नगराएको कुराले महत्वपूर्ण प्रभाव पार्छ। स्तनपान नगराएका महिलाको हकमा यस्तै ६ देखि ८ हप्तामा महिनावारी फर्कन्छ। यदि स्तनपान, त्यो पनि पूर्ण रूपमा स्तनपान गराउने महिलाको हकमा महिनावारी झनै ढिलो हुन्छ। केही महिलामा भने स्तनपान गराए पनि नगराए पनि केही महिनामै महिनावारी फर्केको पाइन्छ।

तपाईंको मनमा स्तनपान गराउने महिलाको हकमा किन महिनावारी चाँडो हुँदैन त भनेर जिज्ञासा हुन सक्छ। हामीलाई थाहै छ, महिनावारीको सञ्चालनमा रागरस (हार्मोन) को महत्वपूर्ण भूमिका हुन्छ। शिशुले दूध चुस्न थालेपछि पिट्युटरी ग्रन्थिबाट 'प्रोल्याक्टिन' भनिने हार्मोनको निष्कासन हुन्छ। यस प्रोल्याक्टिन हार्मोनको प्रमुख कार्य दूधको उत्पादन बढाउनु हो। यो हार्मोनको मात्रा पर्याप्त हुँदा यसले डिम्ब निष्कासन हुने प्रक्रिया रोक्ने कार्य गर्छ। तपाईंलाई थाहै होला, डिम्ब निष्कासन भएको १४ दिनपछि महिनावारी हुन्छ।

### गर्भ रह्यो कि ?

तपाईंको जिज्ञासा जायज छ, किनभने कतिपय महिलाको महिनावारी फेरि हुन सुरु नै नभए पनि गर्भ रहन गएका कतिपय उदाहरण छन्। नेपालको सन्दर्भमा सालाखाला रूपमा शिशुको जन्म भएपछि यस्तै ६ महिनामा हुने गरेको पाइन्छ, तर यस्तै एकतिहाइ महिलाको महिनावारी ८-९ महिनासम्म नफर्किएको देखिन्छ।

तपाईंको हकमा तपाईंले गर्भ रहे-नरहेको जाँच गर्दा नभएको देखिएको हुनाले खासै चिन्ता गर्नुपर्छ जस्तो लाग्दैन, तर पनि शंका लागेमा तपाईंले प्रसूति विशेषज्ञसँग जाँच गराई सल्लाह लिन सक्नुहुन्छ।



**माटेपानी, पोखराकी** सेजल गुरूङ इन्फरमेसन टेक्नोलोजी (आईटी) की छात्रा हुन् । पोखराकै इन्फोमेटिक्स कलेजमा स्नातक गरिरहेकी १८ वर्षीया सेजल यतिबेला मोडलिङमा पनि सक्रिय छिन् । सेजलले करिब एक वर्षको अवधिमा झन्डै एक दर्जन फेसन शोमा क्याटवाक गरिसकेकी छिन् । सौन्दर्य प्रतियोगिताहरूमा भाग नलिए पनि सेजलले स्नातकपछि मिस नेपालमा प्रतिस्पर्धा गर्ने योजना बनाइसकेकी छिन् ।

पाँच फिट पाँच इन्च अग्ली सेजल फुर्सदमा मेकअप गरेर बस्छिन् । 'मेकअप गर्दा मलाई अझ राम्री देखिन्छ भन्छन् साथीहरू,' सेजल भन्छिन्, 'मेकअप गरेर बस्दा मलाई आनन्द लाग्छ ।' भविष्यमा एयर होस्टेस बन्ने लक्ष्य लिएकी सेजललाई चलचित्रमा पनि अभिनय गर्ने रूचि छ । 'पढाइ पूरा भएपछि चलचित्रमा अभिनय गर्ने बारेमा पनि सोच्ने छु, सेजलका अनुसार पछिल्लो समय राम्रा चलचित्र बन्न थालेकाले उनलाई पनि अभिनयको रूचि बढ्न थालेको हो ।

सेजललाई पोखराका प्रायः सबै ठाउँ मनपर्छ । यद्यपि, साथीहरूसँग ह्याङ आउट गर्नका लागि भने उनी फेवाताल पारीको पामे पुग्छिन् । 'त्यहाँ पुग्दा कुनै शान्त क्षेत्रमा पुगे झैं लाग्छ, सेजल दुई हप्ताको अन्तरमा त्यहाँ पुगेकै हुन्छिन् । कहिले साथीहरूसँग जान्छिन् त कहिले आमासँगै गएर रमाउँछिन् ।

कृष्ण भट्टराई







सेजल गुरुङ
Log on to :
facebook
www.facebook.com\kantipursaptahik
तस्बिर : महेश प्रधान
लोकेसन : पोखरा
पहिरन : क्लोड फेसन, पोखरा
मेकअप : प्रतिमा खड्का

आवरण




# खेल महाकुम्भ

## आफैँलाई चिनाउने अवसर



**मुकुन्द बोगटी/हिमेश बज्राचार्य**

आलिकति अन्योलता, केही उत्साह र उत्तिकै अपेक्षासहित १३ औं दक्षिण एसियाली खेलकुद आइतबारदेखि औपचारिक रूपमा सुरु हुँदैछ। ठ्याक्कै दुई दशकपछि दक्षिण एसियाली देशको सबैभन्दा ठूलो खेल महोत्सव नेपालमा हुन लागेको हो। सन् १९९९ मा नेपालले आठौं दक्षिण एसियाली खेलकुदको आयोजना गरेको थियो। त्यसअगाडि सन् १९८४ मै पहिलो संस्करणको प्रतियोगिता नेपालमा भएको थियो।

दक्षिण एसियाली खेलकुदको सबैभन्दा ठूलो विशेषता यसको सोचको विकासमा नेपालको योगदान रहनु हो। आयोजना सम्भव हुन नसकिरहेको स्थितिमा नेपालले अगाडि सरेर त्यसको पहिलोपल्ट आयोजना गरेको थियो, ३५ वर्ष अगाडि। सुरुवाती दुवै अवसरमा प्रतियोगिता काठमाडौंमा मात्र भएको थियो, अहिले भने काठमाडौंसँगै पोखरा र जनकपुरमा हुँदैछ।

औपचारिक रूपमा पहिलोपल्ट दक्षिण एसियाली देशबीच क्षेत्रीय खेलकुद हुनुपर्छ भन्ने कुराकानी सन् १९८१ मा भयो, जति बेला जर्मनीमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) को कंग्रेस भएको थियो। त्यतिबेला प्रारम्भिक छलफलमा भाग लिने देश थिए, नेपालसँगै श्रीलंका, भारत र पाकिस्तान। यो सोचलाई बढाउने तथा संयोजनकारी भूमिका निर्वाह गर्ने काम नेपालले गरेको थियो। सन् १९७८ मै वर्णानुक्रमअनुसार बंगलादेशले पहिलो दक्षिण एसियाली खेलकुद आयोजना गर्ने निर्णय भयो।

तर बंगलादेशले आयोजना गर्न सकेन। सन् १९८२ मा भारतको नयाँ दिल्लीमा नवौं एसियाली खेलकुद हुँदा फेरि एकपल्ट दक्षिण एसियाली खेलकुदको आयोजनालाई लिएर गम्भीर छलफल भयो। त्यही वर्षको नोभेम्बर २६ मा दक्षिण एसियाली खेलकुद महासंघको पनि गठन भयो। त्यसमा सुरुवाती सदस्य थिए, नेपालसँगै भारत, पाकिस्तान, बंगलादेश र श्रीलंका। त्यसको एक वर्षपछि त्यसमा भुटान र माल्दिभ्स पनि सहभागी भए।

महासंघले सन् १९८३ मा बंगलादेशमै पहिलो दक्षिण एसियाली खेलकुद आयोजना गर्ने निर्णय गर्‍यो। बंगलादेशले दोस्रोपल्ट पनि आफूले पाएको जिम्मेवारी पूरा गर्न सकेन्। डर थियो, कतै प्रतियोगिताको आयोजना सोचमै मात्र सीमित हुने त होइन ? यस्तोमा नेपाल अगाडि सर्‍यो र काठमाडौंले आयोजना गर्‍यो, पहिलो दक्षिण एसियाली महासंघीय खेलकुद। त्यति बेला यही नामले प्रतियोगता हुन्थ्यो। दक्षिण एसियाका चार देश घुमेर फेरि एकपल्ट प्रतियोगिता नेपाल आइपुगेको छ।

### आयोजना गर्नै गाह्रो

दक्षिण एसियाली खेलकुद प्रतियोगिताको अवधारणा जसरी आयो त्यसलाई यसका सदस्य राष्ट्रहरूले आत्मसात् नै गर्न सकेका छैनन्। स्थापनाकालका केही प्रतियोगितामा सहभागी राष्ट्रहरूमा यो हाम्रो खेलकुद प्रतियोगिता हो भनेर जसरी उत्साह, समर्पण देखाए त्यो कुरा पछिल्ला केही संस्करणका खेललाई हेर्दै जाने हो भने त्यो देखिन छोड्यो।

सन् १९८४ मा प्रत्येक एक वर्षको अन्तरमा आयोजना हुने लक्ष्यका साथ सुरु भएको साफ दोस्रो संस्करणपछि नै दुई वर्षको अन्तरालमा हुन थाल्यो। सन् १९९५ मा मद्रासमा सातौं साफ प्रतियोगिता आयोजना भएपछि त यो प्रतियोगिता कति वर्षको अन्तरालमा आयोजना हुने हो ? त्यो नै थाहा नहुने अवस्था आएको छ। विगत ३५ वर्षको अन्तरालमा केवल १३ औं पटक मात्र प्रतियोगिता आयोजना हुन सकेको छ।

प्रतियोगिता रोकिनुको राजनीतिक घटना वा अरू कारणभन्दा आर्थिक अभाव देखिएको छ। एसियामा आर्थिक रूपमा सबैभन्दा कमजोर अवस्था रहेका राष्ट्रहरूबीच हुने यो खेलकुद प्रतियोगिता आयोजना गर्न लाग्ने खर्चमा सरकारको सधैं उदासीनता देखिने गरेको छ। यो क्षेत्रको सरकारले समाधान गर्नुपर्ने समस्याहरू अरू क्षेत्र धेरै नै भएको अवस्थामा खेलकुद प्रतियोगिताको आयोजना गर्नु वा सहभागिता जनाउनुलाई विलासिता सम्झने प्रवृत्ति रहेको देखिन्छ। सायद यही कारणले हुनुपर्छ, सागका ७ सदस्य राष्ट्रमध्ये भुटान र माल्दिभ्सले पूर्वाधार नभएकै कारण अहिलेसम्म यो प्रतियोगिता आयोजना गर्न सकेको छैन। भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र नेपालले मात्र यो प्रतियोगिताको आयोजना गर्नुपर्ने बाध्यता छ। पछिल्ला केही संस्करण हेर्दा यी राष्ट्रहरूमा कसैलाई हम्मेहम्मे पर्न थालेको छ भने कसैले झारा टार्ने हिसाबले प्रतियोगिता आयोजना गर्न थालेको देखिन्छ।

### तयारीमा किन ढिलाइ ?

साफ खेलकुदको ढिलाइ गर्ने कामको श्री गणेश गर्ने राष्ट्र नेपाल नै हो भन्दा पनि हुन्छ। मद्रास सहरले सन् १९९५ मा सातौं साफ आयोजना गरेपछि नेपालले सन् १९९७ मा आयोजना गर्नुपर्ने थियो, तर नेपालले सन् १९९९ अर्थात् चार वर्षपछि मात्र आयोजना गर्‍यो। यो ढिलाइमा नेपालले सहभागी राष्ट्रहरूलाई अरू कारण बताए पनि आन्तरिक रूपमा ढिलाइ हुनुमा सरकारको खेलकुदप्रतिको लगाव नहुनु नै थियो।

यो किसिमको गल्तीलाई १३ औं सागमा नदोहोर्‍याउने सोचाइका साथ नेपालले सन् २०१६ मा भारतको गुवाहाटीमा आयोजना भएको सागबाट निर्धारित समयमा आयोजना गर्ने सोचाइका साथ झन्डा लिएको थियो। सरकारकै प्रतिबद्धता रहेको





देखाउन तत्कालीन खेलकुद मन्त्री सत्यनारायण मण्डललाई सारेको थियो । यसका बाबजुद पनि नेपालले निर्धारित समयभन्दा एक वर्ष ढिला भए पनि सागको अन्तिम घोषणा गरेको छ ।

नेपालले एक वर्ष ढिलाइ हुनुमा विभिन्न कारणहरू अगाडि सारेको छ । राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रमेशकुमार सिलवाल अगाडिका पदाधिकारीहरूले साग प्रतियोगिताको आयोजनामा राम्ररी काम नगरेका कारण ढिलाइ हुन गएको आरोप लगाउँछन् । यद्यपि यसअघिका पदाधिकारीहरू भने सरकारले निर्धारित समयमा बजेट निकासा नगरेकै कारण ढिलाइ भएको दाबी गर्छन् । एकले अर्कोलाई दोष थोपरिरहँदा यता केही महिनाअघि मात्रै खेलकुद परिषद्मा नियुक्त सदस्य-सचिव रमेश सिलवालचाहिँ आफू नभएको भए खेल नहुने दाबी गर्छन् । (अन्तर्वार्ता पृष्ठ...)

खेलकुद विश्लेषक रमेश खनालका विचारमा, सरकारको नीति निर्माण क्षेत्रमा बसेका व्यक्तिलाई खेलकुदको महिमाका बारेमा बुझाउनै नसक्दा यो कम प्राथमिकतामा परेको हो । 'सम्बन्धित निकायमा आएका पदाधिकारीलाई बल्ल-बल्ल बुझायो, जब सहयोग गर्ने अवस्था आउँछ, मान्छे फेरिइसकेको हुन्छ', उनी भन्छन्, खेलकुदमा भएको अति राजनीतिमै खेल क्षेत्रको धेरै समय बित्ने गरेको छ ।'

## पदकको गौरब कति

नेपालले सागलाई सधैं आफ्नो प्रतिष्ठासँग जोड्दै आएको छ । नेपालले सर्वाधिक स्वर्णलगायत अरू पदक जित्न सक्ने क्षमता राख्ने यही एक मात्र प्रतियोगिता पनि हो । योबाहेक नेपालले खेल्ने ठूला प्रतियोगिताका रूपमा रहेको एसियाड र ओलम्पिकमा पदक जिते पनि स्वर्ण पदकको स्वाद अझै पाउन सकेको छैन । यसको स्थापनामा सक्रियता देखाउँदै पहिलो साफ प्रतियोगिता आयोजना गर्नु नै सागप्रति नेपालले देखाएको निष्ठा भाव हो । अझ यो प्रतियोगितामा पाउने सफलतालाई नेपालको खेल क्षेत्रले लामो समयसम्म गौरव गर्ने र सम्झनामा राख्ने गरेका कारण सागप्रति नेपालको लगाव निकै रहेको देखिन्छ । तेस्रो पटक साग प्रतियोगिता आयोजना गर्न लागेको नेपालले पदक तालिकामा आफूलाई अहिलेसम्मकै सर्वाधिक जित्ने दावा गरेको छ । विश्लेषक खनालको तर्क छ, 'साग एसियाड र ओलम्पिकको पूर्वतयारी गर्ने प्रतियोगिता हो । हामी सागमा पदक जितेपछि रमाइरहन्छौं र यसैमा गर्व गर्छौं ।'

पहिलो साफ प्रतियोगिता आयोजना गर्दा ४ स्वर्ण पदक जितेको नेपालले आठौं संस्करण आयोजना गर्दा स्वर्णको संख्या ३१ पुऱ्यायो । यसपटक सदस्य-सचिव सिलवाल ५० स्वर्ण पदक जित्ने दाबी गर्छन् । साफ खेलकुदको पदक तालिका हेर्ने हो भने नेपालले आयोजना गरेको बेलामा बाहेक अन्य संस्करणमा सोचेअनुसारको सफलता पाउन सकेको छैन । सिलवालले यसपटक मार्सल आर्टका खेलहरू कराँते, तेक्वान्दो, उसु, बक्सिङलगायत भारोत्तोलन, टेबलटेनिस, ब्याडमिन्टनजस्ता खेलबाट स्वर्ण पदकको आशा राखेको दाबी गर्छन् । उनले आफूले खेलाडीहरूको मनोबल बढोस् भनेर यसपटक स्वर्ण पदक जित्ने खेलाडीहरूलाई विशेष पुरस्कारको व्यवस्था सरकारबाट गराउन चाहेको समेत बताए, तर प्रधानमन्त्रीको अस्वस्थताका कारण विजेता खेलाडीलाई दिइने आर्थिक सम्मानको स्पष्ट घोषणा प्रतियोगिताअघि हुन सकेन ।

सागमा भारतले पछिल्लो पटक उदासीनता देखाउन थालेका कारण पनि साग प्रतियोगिताको प्रतिष्ठा अहिले विगतको जस्तो हुन सकेको देखिँदैन । भारतले राष्ट्रमण्डल, एसियाड र ओलम्पिकलाई पहिलो प्राथमिकतामा राख्ने गरेको छ । यसपटकको प्रतियोगितामा समावेश गरिएका २३ खेलमा भारतले १७ वटामा मात्र सहभागिता जनाउने बतायो । त्यसमा पनि भारतले तेक्वान्दो, कराँतेजस्ता खेलमा खेलाडी पठाउन मानेन । योबाहेक अरू खेलमा पनि भारतले विभिन्न बहाना बनाएर सहभागिता जनाएन । पुरुष फुटबलमा भारतले सहभागिता नै जनाएन । १३ औं सागकी तेक्वान्दो प्रशिक्षक संगीना वैद्य भन्छिन्- 'भारतलाई हराएर स्वर्ण पदक जित्नुको मज्जा नै अर्कै हुने थियो । भारतले सहभागिता नगर्ने भएपछि नरमाइलो लागिरहेको छ ।'

भारतले पछिल्लो पटक सागमा सहभागिता जनाए पनि दोस्रो दर्जाका खेलाडीलाई सहभागी गराउने गर्छ । नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ भन्छन्- 'हामीले भारतका कमजोर खेलाडीलाई जितेर पाएको पदकबाट एसियाड वा ओलम्पिकको आशा गर्नु नै बेकार हो ।'

## चिनाउने अवसर

मानव सभ्यताको एउटा अभिन्न अंग हो, खेलकुद । खेलकुदले मानिसलाई जीवनलाई स्वाभाविक रूपमा सहजतापूर्वक लिन मद्दत गर्छ । खेलमा कि जित हुन्छ, होइन भने हार निश्चित छ । जीवनका यी दुवै पाटा हुन्– जित र हार । खेलले यी तथ्यलाई बुझाउने प्रयास गर्छ । त्यसैले खेलकुदको अझ महत्त्व भएको हो । कुनै पनि देशले ठूलठूला खेल महोत्सव आयोजना गर्नुको एउटै मात्र कारण आफू कत्तिको सभ्य र सुसंस्कृत छु भनेर देखाउनकै लागि हो ।

यस्तोमा नेपालको हातमा आएको छ, १३ औं सागको क्रममा आफू कस्तो छु भनेर विश्वलाई देखाउने अवसर, अझ भन्दा दक्षिण एसियाका पाहुना छन् देशलाई । प्रतियोगितामा भाग लिन हजारौं संख्यामा खेलाडी, पदाधिकारी, दर्शक र पत्रकारले यसक्रममा नेपालको भ्रमण गर्नेछन् । उनीहरूले नेपाल कस्तो छ भनेर महसुस गर्ने अवसर पाउनेछन् । मौका यही हो, नेपालले आफूलाई यी पाहुना अगाडि शान्त र सौम्य रूपमा प्रस्तुत गर्ने ।

प्रतियोगिता हुने/नहुने अन्योल सकिएपछि अब सबैको ध्यान केन्द्रित हुनुपर्छ, प्रतियोगिताको सफल आयोजनामा । दक्षिण एसिया त्यसै पनि विश्वकै सबैभन्दा बढी राजनीतिक तनाव र द्वन्द्वबाट गुज्रिरहेको देश हो । यहाँका सात देशबीच कुनै समय निकै राम्रो सम्बन्धको इतिहास छ भने कहिले निकै खराव पनि रहेको छ । विशेषतः भारत र पाकिस्तानबीचको कटुतापूर्ण सम्बन्धले सबै सातै देशलाई एउटै स्थानमा ल्याउन पनि गाह्रो हुने गरेको छ । खेल नै एक मात्र यस्तो माध्यम हो, जसले भारत र पाकिस्तनलाई मात्र होइन, दक्षिण एसियाका सातै देशलाई साझा उद्देश्यका लागि एकजुत हुन मद्दत गर्छ ।

## नेपालको सम्भावना कति ?

खेलकुद यी कूटनीतिका सम्भावनामा मात्र सीमित हुन्न, यसमा जित-हार त हुन्छ नै । नेपालले आयोजक देशका रूपमा कस्तो प्रदर्शन गर्नेछ त ? यो सर्वाधिक महत्त्वको प्रश्न हो । दक्षिण एसियाली खेलकुद इतिहासमै नेपालको अहिलेसम्मकै सबैभन्दा राम्रो प्रदर्शन सन् १९९९ मा सम्भव भएको थियो, जति बेला यो प्रतियोगिता नेपालमै भएको थियो । त्यसैले यसपल्ट पनि उत्तिकै, अथवा त्यो भन्दा राम्रो प्रदर्शनको अपेक्षा हुनेछ ।

प्रतियोगिता सुरु हुनै लाग्दा विशेषतः भौतिक पूर्वाधारको निर्माण कार्य समयमै हुन नसक्दा त्यसले गलत चर्चाले बाटो पाएको छ । मुख्य आयोजना स्थल दशरथ रंगशालाको निर्माण कार्य अहिलेसम्म पनि चलिरहेको छ ।

यसमा दोष कसको हो र किन यस्तो भयो, यी प्रश्नको उत्तर पनि खोजिनु जरुरी छ । सदस्य-सचिव सिलवालकै भनाइ मान्ने हो भने सबै भौतिक पूर्वाधार तयार छन् र खालि अब प्रतियोगिता मात्र सुरु हुन बाँकी छ । विश्वास गरौं, प्रतियोगिताको आयोजना भव्य सफल हुनेछ र नेपालका प्रदर्शनमा अझ सुधार देखिनेछ ।

आवरण

# उसुको कमजोर तयारी



मार्सल आर्ट्सको विश्व खेलकुदमा जापानले कराँते र जुडो तथा कोरियाले तेक्वान्दो दिएको छ भने चीनले उसु। दक्षिण एसियाली खेलकुदमा उसुको लामो इतिहास छैन, सन् २००६ को कोलम्बो दक्षिण एसियाली खेलकुद (साग) देखि मात्र यसले प्रवेश पाएको हो, तर अहिलेसम्म भएका तीन संस्करणका सागमा नेपालले कुनै न कुनै स्वर्ण जितेकै छ।

त्यही पहिलो संस्करणमा नेपालका लागि बिना लामा खड्का र राजकुमार रसाइलीले स्वर्ण जिते। सन् २०१० मा ढाकामा विनिता महर्जन र आङबाबु लामाले स्वर्ण हात पारे। यस परम्परालाई कायम राख्दै पछिल्लो सागमा नेपालका लागि निमा घर्तीमगरले स्वर्ण जितिन्। यस्तोमा भन्न सकिन्न, नेपालको गर्विलो इतिहास छ, उसुमा।

उसु त्यस्तो प्राविधिक खेल हो, जसमा विशेष उपकरणको धेरै आवश्यकता हुन्छ। जस्तो, लट्ठी, तरबार आदि। त्यसको अभावमा तयारी राम्रो हुने गर्दैन। नेपाली उसुले आफ्नै घरमा हुने १३ औं साग अगाडि सामना गरेको समस्या भनेकै यही हो। नेपाली खेलाडी प्रतियोगिताको ठीक अगाडिसम्म पनि पुरानै म्याट्मा अभ्यास गर्न बाध्य रहे।

त्यसैले प्रशिक्षक प्रकाश लामालाई के डर छ भने यी विशेष उपकरण समयमै उपलब्ध नहुँदा बेहोर्नुपरेको समस्याले कतै खेलाडीको प्रदर्शनमै पनि खराब प्रभाव पर्ने त होइन ? खासमा उसुले प्रतियोगिताका लागि भनेर खराब तयारी गरेको छ र यो यस्तो समस्या हो, जसमा प्रशिक्षक र खेलाडीको कुनै भुल छैन।



# ब्याडमिन्टनमा भारत मुख्य चुनौती

दक्षिण एसियाली खेलकुदमा ढिलो प्रवेश पाएको ब्याडमिन्टनमा नेपालले अहिलेसम्म खाली हात फर्कनुपरेको छैन, तर समस्या के छ भने नेपालले कहिल्यै स्वर्ण पदकका लागि चुनौती पनि पेस गर्न सकेको छैन। भारत दक्षिण एसियाको मात्र होइन, एसियाकै शक्तिशाली देश हो। त्यसो भनेको भारत विश्व ब्याडमिन्टनमै पनि निकै बलियो छ।

यस्तोमा भारतको उपस्थितिमा ब्याडमिन्टनमा अरू देशको काम भनेको सन्तोषजनक प्रदर्शन गर्नु नै हो। यसपल्टको १३ औं दक्षिण एसियाली खेलकुद पनि अपवाद हुने छैन। नेपालले आफ्नो तयारी पोखरामा गरेको थियो र लगभग दुई महिना बन्द प्रशिक्षणमा राखेको थियो। यस्तै नेपालले केही प्रतियोगिताका लागि विदेशी भ्रमण पनि गर्‍यो।

माल्दिभ्समा भएको उमेर समूहको प्रतियोगितामा नेपालले केही पदक जित्न पनि सफल रह्यो। प्रशिक्षक सुदीप योञ्जन पनि के मान्छन् भने ब्याडमिन्टनमा नेपालको खराब नतिजा आउनेछैन, तर भारत बलियो रहेको तथ्यलाई बिर्सन मिल्दैन। उनी के पनि दाबी गर्छन् भने आफ्ना खेलाडीको मनोबल उच्च छ। भारतको उपस्थितिमा लक्ष्य रजत पदककै हो।



# इतिहास पछ्याउँदै भारोत्तोलन

पहिलो संस्करणको दक्षिण एसियाली खेलकुददेखि समावेश खेलमा पर्छ, भारोत्तोलन। सागमा यो खेलको जति लामो इतिहास छ, नेपालले जितेका पदकको सूची बनाउने हो भने पनि त्यत्तिकै लामो हुन्छ। अझ सन् २००६ को कोलम्बो सागमा कमल अधिकारीले जितेको स्वर्णको सनसनी अझै पनि महसुस गर्न सकिन्छ।

यस्तोमा प्रश्न हो, १३ औं दक्षिण एसियाली खेलकुदमा नेपालको प्रदर्शन भारोत्तोलनमा कस्तो हुनेछ त ? यसपल्ट पनि एउटा खेलाडीका रूपमा चुनौती पेस गर्नेछन्, कमलले। उनले त्यति बेला प्राप्त गरेको सफलता भारतको अनुपस्थितिमा हात पारेको छ। यसपल्ट भारतले बलियो उपस्थिति जनाउँदैछ, त्यसैले नेपालको काम हो– त्यही भारतको चुनौती सामना गर्ने।

भारोत्तोलनमै पनि भारत एसियाकै एउटा शक्तिशाली देश हो, विशेषत: उसका महिला खेलाडी विश्वस्तरीय छन्। त्यसैले पनि यो विधामा भारतलाई उछिनेर स्वर्ण जित्नु सजिलो हुनेछैन, तर पनि नेपाली भारोत्तोलनका लागि निराश हुनुपर्ने स्थिति पनि छैन। यसपछाडिको एउटा स्पष्ट कारण हो– पछिल्लो समय एकपछि अर्को कीर्तिमान बन्द रहनु।

13th SOUTH ASIAN GAMES-2019 आवरण

# महत्वकांक्षी हुँदै भलिबल



भलिबल नेपालमा निकै लोकप्रिय छ, यसमा कुनै शंका छैन। अझ यो पऱ्यो, नेपालको राष्ट्रिय खेल। त्यसमाथि पछिल्लो समय नेपाली भलिबल निकै सक्रिय रहेको छ। लगातार प्रतियोगिता मात्र भइरहेको छैन, यस खेलबाट सफलता पनि प्राप्त हुन थालेको छ। यस्तोमा १३ औं दक्षिण एसियाली खेलकुदमा नेपालको प्रदर्शन कस्तो होला त ? पुरुष र महिला स्पर्धामा नेपालको सम्भावना कत्तिको छ ? नेपाल भलिबल संघ स्वयं महत्त्वाकांक्षी बनेको छ।

संघको कतिसम्म दाबी छ भने यसपल्ट कुनै ठूलो सफलता प्राप्त हुनेछ, यसमा विश्वास गरे हुन्छ। विशेषत: नेपालले महिला भलिबलमा सम्भावना बढी देखेको छ। 'हाम्रो सबैभन्दा बलियो सम्भावना महिला भलिबलमा रहेको छ,' संघका महासचिव जयन्द्र चन्दले भनेका छन्, 'नेपालको लक्ष्य स्वर्ण नै हो भन्दा आश्चर्य नमाने हुन्छ।' त्यसो त नेपालले महिला भलिबलबाट सागमा प्राप्त गरेको अहिलेसम्मकै सबैभन्दा ठूलो सफलता भनेको कांस्य पदक हो।

तर पछिल्लो समय महिला भलिबलबाट प्राप्त सफलताले सबै हौसिएका छन्। सबैभन्दा ठूलो तथ्य के हो भने नेपालले आफ्नै घरेलु दर्शकमाझ खेल्दैछ। भर्खरै मात्र बंगलादेशमा भएको एभीसी सेन्ट्रल जोन महिला भलिबलको उपाधि नेपालले जितेको छ, त्यसैले पनि नेपालको आशा बढेको हो। त्यस प्रतियोगितामा अहिलेका प्रमुख प्रतिद्वन्द्वी टिम सहभागी थिएनन्। त्यसैले पनि अहिलेको सागमा पदकको समीकरण फरक र कठिन हुने निश्चित छ।

नेपाली टिमकी कप्तान अरुणा शाही पनि आफ्नो टिमले राम्रो गर्नेमा विश्वस्त छन्। उनी भन्छिन्, 'बंगलादेशमा प्राप्त सफलताले हामी बढी आत्मविश्वासी भएका छौं।' नेपाल प्रतियोगिताको समूह 'ए' मा रहेको छ र यसमा नेपालका प्रतिद्वन्द्वी हुनेछन्, भारत र बंगलादेश। लिग चरणमा समूहको शीर्ष दुई स्थानमा हुनेले सेमिफाइनल प्रवेश गर्ने हुनाले यसपल्ट नेपालको पहिलो उद्देश्य नै आफ्नो समूहको शीर्ष दुई स्थान कब्जा गर्नु हुनेछ, त्यसपछि थप रणनीति तयार हुनेछ।

पुरुष भलिबलका खेल दशरथ रंगशालाको कभर्ड हलमा हुनेछ। लिग कम नकआउटका आधारमा हुने प्रतियोगितामा नेपाल कठिन समूहमा भने छ। नेपालले लिग चरणमा भारत र बंगलादेशको सामना गर्नेछ। नेपालका सबैभन्दा ठूलो प्रतिद्वन्द्वी भारत नै हो र नेपाली टिमले वैदेशिक तयारीका लागि भारत नै राजेको थियो। केही दिनअघि मात्र भारतको भ्रमणबाट नेपाली भलिबल टिम फर्केको थियो। नेपालको लक्ष्य पदककै केन्द्रित छ।

यसपल्टको सागदेखि नै डेब्यु गर्न लागेको एउटा खेल हो– बिच भलिबल। नेपालमा यो खेल सुरु भएको एक दशकजति भइसकेको छ। सन् २०१४ मा माल्दिभ्समा भएको एभीसी सेन्ट्रल जोन बिच भलिबलमा कमला पुन र कोपिला उप्रेतीको जोडीले पहिलो पटक नेपाललाई पदक दिलाएको थियो, त्यो पनि स्वर्णका रूपमा। त्यसबाहेक नेपालले यो खेलमा खासै ठूलो सफलता हात पार्न सकेको छैन, अझ भन्दा भलिबलकै ओझेलमा परेको छ भन्दा पनि हुन्छ।

रमाइलो के भने बिच भलिबलमा नेपालले दक्षिण एसियाली प्रतियोगितामा सहभागी जनाउन लागेको पनि यो पहिलोपल्ट नै हो। यसका लागि बन्द प्रशिक्षण भने भदौबाट गरेको थियो। पुरुष र महिला दुवै टिमले तयारीका लागि श्रीलंकाको यात्रा पनि गरेको छ। यो खेलको सबैभन्दा ठूलो समस्या हो, खेल्न र अभ्यास गर्न नेपालमा उपयुक्त कोर्टको अभाव। यी सबै पृष्ठभूमिमा नेपालको यो खेलमा सम्भावना कमजोर मान्न सकिन्छ।

## कुन खेलमा कति पदक

| क्र.स. | खेल | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | आर्चरी | १० | १० | १० | ३० |
| २ | एथलेटिक्स | ३६ | ३६ | ३६ | १०८ |
| ३ | बास्केटबल | २ | २ | २ | ६ |
| ४ | थ्रिएक्स बास्केटबल | २ | २ | २ | ६ |
| ५ | ब्याडमिन्टन | ७ | ७ | १४ | २८ |
| ६ | बक्सिङ | १६ | १६ | ३२ | ६४ |
| ७ | क्रिकेट | २ | २ | ४ | ८ |
| ८ | साइकिलिङ | ८ | ८ | १६ | ३२ |
| ९ | फेन्सिङ | १२ | १२ | २४ | ४८ |
| १० | फुटबल | २ | २ | २ | ६ |
| ११ | गल्फ | ४ | ४ | ४ | १२ |
| १२ | ह्यान्डबल | २ | २ | २ | ६ |
| १३ | जुडो | १५ | १५ | ३० | ६० |
| १४ | कबड्डी | २ | २ | ४ | ८ |
| १५ | कराँते | १९ | १९ | ३८ | ७६ |
| १६ | खो–खो | २ | २ | ४ | ८ |
| १७ | स्विमिङ | ३८ | ३८ | ३८ | ११४ |
| १८ | सुटिङ | २० | २० | २० | ६० |
| १९ | स्क्वास | ४ | ४ | ८ | १६ |
| २० | टेबलटेनिस | ७ | ७ | १४ | २८ |
| २१ | टेनिस | ६ | ६ | १२ | २४ |
| २२ | तेक्वान्दो | २९ | २९ | ५८ | ११६ |
| २३ | ट्रायथलन | ५ | ५ | ५ | १५ |
| २४ | भलिबल | २ | २ | २ | ६ |
| २५ | बिच भलिबल | २ | २ | २ | ६ |
| २६ | भारोत्तोलन | २० | २० | २० | ६० |
| २७ | कुस्ती | २० | २० | २० | ६० |
| २८ | उसु | २२ | २२ | ३६ | ८० |
| कुल | | ३१६ | ३१६ | ४९७ | १,१११ |

**नोट : प्राविधिकको सल्लाहअनुसार पदक तालिकामा हेरफेर हुन सक्नेछ।**

# टेबल टेनिसको गर्विलो इतिहास



दक्षिण एसियाली खेलकुदमा टेबल टेनिसतर्फ नेपालको ब्याडमिन्टनको गर्विलो इतिहास छ। अझ नेपालले टेबल टेनिसबाट प्रत्येक संस्करणमा कुनै न कुनै पदक जितेको छ। यसपल्ट १३ औं दक्षिण एसियाली खेलकुदमा पनि नेपालले पक्कै पनि पदक जित्नेछ। प्रश्न हो, त्यो पदकको रंग भने के हुने छ ? नेपाली ब्याडमिन्टनको लक्ष्य भने आफ्नै देशमा भइरहेको प्रतियोगितामा स्वर्ण जित्नु नै रहनेछ।

यसका लागि प्रेरणा रहनेछ, दक्षिण एसियाली खेलकुदमा टेबल टेनिसको गर्विलो प्रदर्शन। नेपालले अहिलेसम्म १ स्वर्ण, ३ रजत र १५ कांस्य जितेको छ। दक्षिण एसियाली खेलकुद भयो कि १९९१ मा टेबल टेनिसबाट प्राप्त महिला टिम स्पर्धामा प्राप्त स्वर्णको चर्चा हुन्छ। त्यति बेला सिजरिन शाह, गीता क्षेत्री, नीलम तुलाधर, पूजा थापाले स्वर्ण जितेका थिए।

प्रशिक्षक शंकर गौतम मान्छन्, यसपल्ट नेपाली खेलाडीको लक्ष्य स्वर्ण पदक नै हो र यसका लागि नेपालका तर्फबाट चुनौती पेस गर्ने खेलाडी हुनेछन्– नवीता श्रेष्ठ र सान्टु श्रेष्ठ। यी दुवै खेलाडी महिला र पुरुष विधामा नेपालको एक नम्बर खेलाडी हुन्। सान्टुले त चोटलाई पराजित गर्दै नेपालका लागि खेल्ने तय गरेका हुन्।

अनि नवीताले के दाबी गर्दै आएका छिन् भने उनको जीवनको सबैभन्दा ठूलो लक्ष्य नै दक्षिण एसियाली खेलकुदमा स्वर्ण जित्नु हो। टेबल टेनिसमा पनि दक्षिण एसियामा सबैभन्दा बलियो भारत नै हो। भारत त पछिल्लो समय एसियाकै बलियो टिम भइसकेको छ। त्यसैले दक्षिण एसियाली टेबल टेनिसमा पनि भारतलाई नै प्रमुख चुनौती मानेर अरू टिमले तयारी गरेका छन्।

त्यसैले प्रशिक्षक गौतम भन्छन्, भारतको चुनौती कुनै न कुनै स्पर्धा काट्ने प्रयास गर्नेछौं। नेपालले टेबल टेनिसका लागि थाइल्यान्डको बैंककमा तयारी गरेको थियो र यसले फाइदा भएको अखिल नेपाल टेबल टेनिस संघको अध्यक्ष चतुरानन्द वैद्य मान्छन्। उनका अनुसार नेपाली खेलकुदले पछिल्लो समय टेबल टेनिसमा ठूलो लगानी गरेको छैन। त्यसैले ठूलठूला दाबी गर्ने स्थिति पनि छैन।

13th SOUTH ASIAN GAMES-2019 आवरण

# दुवै स्वर्णमा नजर



यसपल्टको दक्षिण एसियाली खेलकुद (साग) सँगै नेपाली फुटबलले खुसीको समाचार पाएको छ र त्यो हो– दशरथ रंगशालामा फेरि एकपल्ट फुटबल फर्कंदैछ । भूकम्पपछि रंगशालामा फुटबल सम्भव भएको थिएन र त्यसयता रंगशालामा नेपाली टिमले खेलेको खेल हेर्ने इच्छा अधुरो थियो । अब रंगशालामा फुटबल मात्र फर्केको छैन, नेपाली यू-२३ टिमले स्वर्णका लागि भिड्दैछ र पूरा सम्भव छ, नेपाली टिम यसका लागि सक्षम पनि छ । यस्तो नहोस् पनि किन ? प्राविधिक भाषामा भन्दा नेपाल यो खेलको डिफेन्डिङ च्याम्पियन पनि त हो ।

भारतमा भएको पछिल्लो सागमा नेपालको ओलम्पिक टिमले भारतलाई फाइनलमा हराएर स्वर्ण जितेको थियो । फुटबलको स्वर्ण कति धेरै महत्त्वको छ भने भनिन्छ, अरू सबै पदक एक स्थानमा फुटबलको स्वर्ण त्यत्तिकै बराबरी हुने गरेको छ अर्को स्थानमा । सन् १९८४ मा काठमाडौंले पहिलोपल्ट दक्षिण एसियाली खेलकुदको आयोजना गर्दा पनि नेपालले स्वर्ण जितेको थियो । सन् १९९९ मा फेरि प्रतियोगिता हुँदा नेपाल रजत पदकमै सीमित हुनुपरेको थियो ।

'हाम्रो उद्देश्य स्वर्ण पदक नै हो, त्यसभन्दा तलको सफलताबारे हामी सोच्न सक्दैनौं,' प्रशिक्षक बालगोपाल महर्जनले भनेका छन् । सन् १९९३ मा स्वर्ण जितेको टिमका सदस्य महर्जन अहिलेको यू-२३ टिम त्यसका लागि सक्षम भएको पनि मान्छन् । उनले भनेका छन्, 'हामी डिफेन्डिङ च्याम्पियन हौं, त्यसैले एक प्रकारको दबाब छ । यो अवसर पनि हो । हामीले चार महिनाको प्रशिक्षण गरेका छौं । आफ्नो योजनाअनुसार खेल्ने हो भने हामी स्वर्ण जित्न सक्षम छौं ।'

नेपाली टिमले यसै साता मात्र दशरथ रंगशालामा पहिलोपल्ट अभ्यास गरेको थियो र त्यस अवसरमा धेरै खेलाडी भावविह्वल भएका थिए, फेरि एकपल्ट नेपाली फुटबलको मक्कामा खेल्न पाउँदा । त्यस बेला नेपाल टिमका कप्तान सुजल श्रेष्ठले पनि आफ्नो भावना रोक्न सकेनन् । उनी पनि आफ्नो टिम स्वर्ण पदकका लागि सक्षम भएको मान्छन् । यसपल्टको सागमा पुरुष फुटबलमा पाँच टिमको सहभागिता छ । सहभागी टिममा पाँच टिममा नेपालसँगै बंगलादेश, भुटान, माल्दिभ्स र श्रीलंका ।

भारतले अन्तिम समयमा आएर प्रतियोगितामा सहभागी नजनाउने भएको छ । यसले एकातर्फ प्रतिस्पर्धा खल्लो हुने डर छ भने अर्कातर्फ यसले नेपाललाई केही हदसम्म सजिलो पनि बनाएको छ, स्वर्णपदकसम्म पुग्न । जति बेला नेपाली पुरुष टिमले पछिल्लो सागमा स्वर्ण जितेको थियो, त्यसको ठीक अगाडि नेपाली महिला टिम भने रजत पदकमा चित्त बुझाउनुपरेकोमा पीडाबाट गुज्रिरहेको थियो । नेपाली महिला फुटबल टिमको सबैभन्दा ठूलो विशेषता भनेकै उपाधिको भिडन्तमा लगातार दोस्रो स्थानमा आउनु हो ।

त्यसमा पनि सधैंको प्रतिद्वन्द्वी भारतसँग पराजित हुनु हो । यसपल्ट पनि अहिले नै भन्न सकिन्छ, नेपाल पक्कै पनि फाइनल पुग्नेछ । र, भारतले पनि फाइनल यात्रा तय गर्नेछ । अब त्यसपछिको मूल प्रश्न हो, के नेपालले भारतलाई हराउन सक्ला त ? सागमा जुन बेलादेखि महिला फुटबलले प्रवेश पायो, त्यही बेलादेखि फाइनलमा खालि दुई टिम मात्र भिडेका छन् । अझ वुमेन्स साफ च्याम्पियनसिपमा पनि लगभग यही हो, फाइनलमा भारत र नेपाल ।

तर नेपाल निर्णायक मोडमा भारतलाई पराजित गर्न असफल रहेको छ । यस्तोमा नेपालको यसपल्टको उद्देश्य भारतलाई हराउनु नै हुनेछ । पछिल्लो चार महिनादेखि नेपालले महिला फुटबलको लागि तयारी सुरु गरेको थियो । प्रशिक्षक छन्, हरि खड्का । अहिले महिला टिम पोखरामा छ र आत्मविश्वास देखाइरहेको छ, हामी यसपल्ट भारतका लागि हराउन पूरा प्रयास गर्नेछौं भनेर । प्रतियोगितामा कुल पाँच टिम सहभागी छन् र त्यसमध्ये भारत तथा नेपाल जत्तिकै बलियो मान्ने सकिने टिम हो, बंगलादेश ।

त्यसैले प्रशिक्षक खड्का भने राउन्ड रोबिनको आधारमा चल्ने प्रतियोगितामा आफ्नो टिमले सबैलाई सम्मान रूपमा हेर्ने मान्छन् । उनका अनुसार नेपालको मुख्य चुनौती भारत नै हो, तर बंगलादेशलाई कमजोर मान्नु सबैभन्दा ठूलो भुल हुन सक्छ । त्यसैले नेपालले सुरुमा सजग भएर खेल्ने रणनीति लिनेछ । टिम निरु थापाको कप्तानीमा छ र यी कप्तानले भनेका छन्, तयारी राम्रो छ, त्यसैले राम्रो नतिजाको पनि अपेक्षा गर्न सकिन्छ ।

# कराँते:
# साख फर्काउने चुनौती

सन् २०१६ मा भारतको गुवाहटी र सिलोङले १२ औं दक्षिण एसियाली खेलकुद (साग) आयोजना गर्दा सबैभन्दा पीडा कुनै खेलका खेलाडी थिए भने त्यो कराँतेकै थियो । त्यो संस्करणको सागमा भाग लिन जान जहाँ अन्य खेलका खेलाडी अभ्यास गरिरहेका हुन्थे, कराँतेका खेलाडीसामु त्यसलाई चुपचाप हेर्नु बाहेक अर्को कुनै विकल्प नै थिएन । त्यस सागको दुःख के भने त्यस संस्करणमा कराँते खेललाई समावेश गरिएको थिएन । नेपाली खेल अधिकारीहरूलाई के कुराको डर थियो भने कतै खेलबाट खेलाडीको माया र रुचि हराउने त होइन ?

धन्न त्यस्तो भएन् र नेपाली खेलकुदमा कराँतेको उपस्थिति ज्युँको त्यूँ रह्यो । यसपल्टको १३ औं सागमा फेरि एकपल्ट यो खेलले पुनरागमन गरेको छ, त्यो पनि आफ्नै देशमा । संयोग कस्तो भने सन् १९९९ मा आठौं सागमा पहिलो पटक कराँते खेल सामेल गरिएको थियो र त्यसमा राम्रो प्रदर्शनको आधारमा नेपालले पदक तालिकामा दरिलो उपस्थिति जनाएको छ । अबको प्रश्न कराँते फेरि सागमा फर्कंदैछ, यस्तोमा यो खेलले के पुरानो साख फर्काउन सक्नेछ त ?

काठमाडौंमा नेपालले कराँतेमा १४ स्वर्ण जितेको थियो । समग्रमा नेपालले यो खेलबाट २० स्वर्ण जितेको छ । यो अर्थमा सागमा कराँतेको प्रदर्शन वैभवशाली नै छ । काठमाडौंमा २० वर्षपछि फर्केको सागमा यो खेलको प्रदर्शन यस्तै रहनेछ कि त्यसमा अझ सुधार हुनेछ । मूल प्रश्न के नेपालले आठौं सागको तुलनामा अझ बढी स्वर्ण जित्न सक्ने छ त ? प्रशिक्षक कुशल श्रेष्ठ यत्तिको दाबी भने गर्दैनन् । खेलाडी छँदा आफैं स्वर्ण विजेता रहेका थिए, उनी ।

अहिले भन्छन्, 'हाम्रो लक्ष्य आठ स्वर्णको हो । हाम्रो उद्देश्य सकेसम्म बढी पदक जित्ने नै हो । हामी यसका लागि सक्षम पनि छौं ।' उनी पनि मान्छन्, 'यो खेलका खेलाडी यसपटकका सागमा अझ राम्रो खेल्ने प्रयास गर्नुपर्छ किनभने उनीहरूलाई पछिल्लो साग खेलमा खेल्न नपाउनुको पीडा भुलाउनु छ ।' यसपल्टको सागमा कराँतेतर्फ १९ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ । कराँतेमा यसपल्ट व्यक्तिगत फाइट र काता मात्र होइन, टिम फाइट काता पनि राखिएका छन् ।

नेपाली खेलाडीले लगभग क्लिन स्विपका लागि प्रयास गर्नेछन् । यसको एउटा प्रमुख कारण दक्षिण एसियाली कराँतेको एउटा शक्ति भारतको अनुपस्थिति । भारतीय कराँते केही समययतादेखि विवाद र फुटबाट गुज्रिरहेका छ र नेपालले यसै कारण भारतको अनुपस्थितिका फाइदा उठाउनु पर्नेछ । हुनसक्छ, नेपालका लागि यसपटकको सागमा सबैभन्दा बढी स्वर्ण भित्रिने खेलमा यही कराँते पनि हुनेछ । प्रशिक्षक श्रेष्ठ यसका लागि प्रयास हुने पनि बताउँछन् र उनी त्यसका लागि आशावादी पनि छन् ।


यसमा एउटा बलियो आधार भनेको सागका लागि नेपाली कराँते टिमको लामो प्रशिक्षण पनि हो । सागकै लागि भनेर कराँतेका खेलाडी ६ महिनादेखि लगातार बन्द प्रशिक्षणमा छन् । यसैबीच टिमले दक्षिण एसियाली च्याम्पियनसिप र एसियाली च्याम्पियनसिपमा भाग लिएको छ र दुवैमा राम्रो पनि गरेको छ । संयोगले दक्षिण एसियाली च्याम्पियनसिपमा पनि नेपालले आठ स्वर्ण जितेको थियो र प्रशिक्षक श्रेष्ठ यसलाई आधार मानेर ठूलो दाबी गर्न चाहदैनन् । उनी के मान्छन्, यी दुई प्रतियोगिता खेलेर टिमलाई फाइदा भने भएको छ ।

उनका अनुसार नेपाली खेलाडीको सबैभन्दा बलियो पक्ष हो, शारीरिक रूपमा सबल हुनु । भारतको अनुपस्थितिमा नेपाललाई चुनौती दिने भनेको मुख्यतः श्रीलंका, पाकिस्तान र बंगलादेशले नै हो । नेपाली टिममा दुई अनुभवी खेलाडी पनि छन्, विनोद शाक्य र अनु अधिकारी । दुवै खेलाडीले यसअघिका सागमा नेपालका लागि स्वर्ण जितिसकेका छन् । कराँतेले वैदेशिक प्रशिक्षणका रूपमा केही साता मलेसियामा बिताएको थियो र खेलाडीहरू यसबाट फाइदा मिलेको पनि बताउँछन् ।



टिप्पणी

# यसकारण घट्दैछ सागको रौनक



रमेश खनाल

काठमाडौंमा सन् १९८४ मा पहिलो दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग) आयोजना भएको ३५ वर्षपछि १३ औं संस्करणको प्रतियोगिता आइतबारदेखि काठमाडौंलगायत विभिन्न सहरमा आयोजना हुन गइरहेको छ। ३५ वर्षको अन्तरालमा सागले यो क्षेत्रको खेलकुदको स्तरमा कस्तो किसिमको परिवर्तन गर्‍यो, खेलाडीहरूको जीवनशैली, उनीहरूको क्षमता कसरी बढायो र आयोजना सहर भनौं वा राष्ट्रको यो खेल आयोजनाप्रतिको दृष्टिकोणमा कस्तो किसिमको परिवर्तन आएको छ भन्ने कुरा नै सागको समष्टिमा मूल्यांकन हुनुपर्ने देखिन्छ।

सागको अवधारणा केही एसियाली राष्ट्रले ओलम्पिकमा त के एसियाली खेलमा पनि सोचेअनुसारको प्रदर्शन गर्न नसकेकै कारण आएको देखिन्छ। प्रत्येक चार वर्षको अन्तरालमा आयोजना हुने ओलम्पिक र एसियाडमा धेरै एसियाली राष्ट्रको झिनो सहभागिता र रित्तो हात फर्कनुपर्ने परम्परा नै बसेको थियो। यस्तो अवस्थामा मध्यपूर्वका राष्ट्रहरूले प्यान गेमको अवधारणा सन् १९५३ मा ल्याए। त्यसपछि पूर्वी एसियाका राष्ट्रहरूले दक्षिण-पूर्वी एसियाली खेलकुदको अवधारणा सन् १९५९ मा ल्याएर आफ्नो अलग्गै क्षेत्रको खेलकुद प्रतियोगिता आयोजना गर्न थाले। यस्तो अवस्थामा दक्षिण एसियाली क्षेत्रको भने कुनै किसिमको सामूहिक खेलकुद नभएको र खाँचो देखिएको कारण सन् १९८४ देखि दक्षिण एसियाली खेलकुद प्रतियोगिता प्रारम्भ भयो।

दक्षिण एसियाली खेलकुद प्रतियोगिता यो क्षेत्रका लागि खाँचो थियो वा अरू एसियाली राष्ट्रहरूले अलग्गै गर्न थालेका कारण अस्तित्व देखाउन सुरु भएको हो भन्ने कुरा अहिले यो खेलको आयोजना र सहभागी राष्ट्रहरूले देखाउने व्यवहारले यो प्रतियोगिताको रौनकमा कमी आउन थालेको देखिन्छ।

प्रत्येक एक वर्षको अन्तरालमा आयोजना गर्ने परिकल्पना गरेर जन्माइएको दक्षिण एसियाली खेलकुद प्रतियोगिता दुई वर्षको अन्तरालमा आयोजना हुन थाल्यो। आठौं संस्करण आयोजना गर्न काठमाडौंलाई ४ वर्ष लाग्यो। त्यसपछि आयोजना भएका प्रतियोगिता धेरै कम निर्धारित मितिमा आयोजना हुन सक्यो। अहिले पनि सन् २०१८ मा आयोजना हुनुपर्ने साग एक वर्ष ढिलो गरी आयोजना हुँदैछ।

कुनै पनि खेलले निर्धारित मितिमा आयोजना गर्न नसक्नुलाई अन्तर्राष्ट्रिय खेलकुदको क्षेत्रमा एकदमै लज्जाको विषय मानिने गर्छ। तर, सागका सन्दर्भमा कुनै पनि देशले त्यस्तो लज्जा महसुस गरेझैं लाग्दैन। यसबाट पनि देखिन्छ, सरकारहरूले खेलकुदलाई कुन प्राथमिकतामा राखेका छन्। दक्षिण एसियाली राष्ट्रहरूले खेलकुदलाई प्राथमिकतामा राख्नुपर्छ भन्ने मानसिकताको विकास भएकै छैन। यो क्षेत्रमा व्याप्त गरिबी, शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता विषयहरूलाई सम्बोधन गर्नु नै पहिलो प्राथमिकता हो। यस्तो अवस्थामा सरकारले खेलकुदलाई अन्तर्राष्ट्रिय ख्याति कमाउने मौका त मान्छन् तर प्राथमिकतामा राख्नै सक्दैनन्।




> साग खेलकुदमा सधैं सर्वाधिक पदक जित्ने भारतले दक्षिण एसियाली खेलकुदमा लगभग दोस्रो दर्जाको खेलाडीहरूलाई पठाउने प्रवृत्तिलाई बढाएको छ । यो सोचाइले अरु देशका पहिलो रोजाइमा रहेका खेलाडीहरूलाई हेपेको देखिन्छ ।

दक्षिण एसियामा भारत सबैभन्दा बलियो देखिन्छ। भौतिक पूर्वाधारको दृष्टिकोणले भारतले चाहेको बेलामा सागको आयोजना गर्न सक्छ। बाँकी सबै राष्ट्रको समान हैसियत भएका कारण धेरथोर सबैले यसको आयोजना गर्न पाउनुपर्छ नै। अरू राष्ट्रहरूले आयोजना गर्न चाहनुलाई जति गौरवको विषय माने पनि सम्पन्न गर्नु फलामको चिउरासरह बन्न जान्छ। त्यसैले भुटान, माल्दिभ्सजस्ता राष्ट्रहरूलाई साग आयोजना गर्नु कल्पनाभन्दा बाहिरको विषय बनेको छ भने भारतबाहेक अरू राष्ट्रलाई निकै कठिन बन्दै गएको देखिन्छ।


साग खेलकुदमा सधैं सर्वाधिक पदक जित्ने भारतले दक्षिण एसियाली खेलकुदमा लगभग दोस्रो दर्जाको खेलाडीहरूलाई पठाउने प्रवृत्तिलाई बढाएको छ। उनीहरूको रणनीति दोस्रो दर्जाका खेलाडीहरूको पनि पदकमा हकदार होऊन्, राम्रा खेलाडीहरूलाई एसियाली, कमनवेल्थ र ओलम्पिकमा अवसर दिऊँ भन्ने पनि हो। यो सोचाइ एक किसिमले राम्रो भए पनि अरू देशका पहिलो रोजाइमा रहेका खेलाडीहरूलाई हेपेको देखिन्छ। खेलकुदको परिभाषा व्यापक भए पनि भारतले पछिल्लो पटक देखाउँदै आएको यो किसिमको रबैयाका कारण बाँकी राष्ट्रका खेलाडी र अर्बौं लगानी गरेर आयोजना गर्ने राष्ट्रलाई हीनताबोध गराएको छ। यही साग प्रतियोगितामा समावेश गरेको २६ वटा खेलमा भारतले चाहेमा सबै खेलमा सहभागिता गर्न सक्थ्यो। तर, उसले थोरै खेलमा मात्र सहभागिता गर्ने जनायो। यसले दर्सायो, उसले यो प्रतियोगितालाई प्राथमिकतामा राखेकै छैन।

पछिल्लो पटक भारत र पाकिस्तानबीच सरकार प्रमुखहरूबीच उठेको विवादले पनि यो खेलकुद प्रतियोगितालाई ओझेलमा पार्न थालेको देखिन्छ। विश्वका धेरै खेलकुद प्रतियोगितले देशहरूको राजनीतिक द्वन्द्व समाप्त गरेका उदाहरणहरू प्रशस्तै छन्। तर, यो क्षेत्रका दुई ठूला राष्ट्रको द्वन्द्वले सागलाई पनि प्रभावित पार्ने गरेको छ। यो प्रभाव सम्भवत: सन् २०२१ मा इस्लामाबादले आयोजना गर्ने १४ औं सागमा अझ बढी देखिने पक्का छ।

सागको रौनक किन कम हुँदै गइरहेको छ? ओलम्पिक चार्टरअनुसार गरिने खेलकुद प्रतियोगिताको आयोजना सहरले गर्ने गर्छ। जस्तो मेरो सहरमा म खेलकुद प्रतियोगिता आयोजना गर्छु भनेर उक्त सहरको मेयरले सरकारको नेतृत्व गरेर झन्डा लिएर आउनुपर्छ। तर, हाम्रो परिप्रेक्ष्यमा मन्त्री वा अरू अधिकारीहरूले बोकेर आउँछन्। हाम्रो जस्तो क्षेत्रमा सरकार लगातार परिवर्तन भइरहन्छन् भने राजनीतिक पूर्वाग्रहका कारण असफल बनाउने प्रयास पनि हुने गरेको देखिन्छ। जसका कारण प्रतियोगिताको आयोजना सधैं अन्तिम समयमा हुने गरेको छ। भारतको गुवाहटीमा सन् २०१६ मा भएको सागमा नेपालले सन् २०१८ मा आयोजना गर्छु भनेर झन्डा बोकेर आएको हो नि। यसरी झन्डा बोकेपछि दुई वर्षमा आयोजना गर्छु भनेर पहिल्यै खाका बनाउनुपर्छ। तर, तेस्रो वर्षको पनि अन्तिम समयसम्म पनि निर्माण जारी छ। यसले के पनि देखाउँछ भने झन्डा बोकेर आयोजना गर्छु भन्ने सहर वा राष्ट्र नै यो खेललाई बेवास्ता गर्छन् र अन्तिम समयमा झारा टार्ने किसिमले प्रतियोगिता आयोजना गर्छन् भन्ने देखिएको छ।

अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रतियोगिता आयोजना हुनुभन्दा धेरै अगाडि सबै निर्माण सम्पन्न भएर, मैत्रीपूर्ण खेलकुद प्रतियोगिता आयोजना गरेर आयोजना स्थलको सुरक्षा परीक्षण गरिन्छ। १ सय दिनको काउन्टडाउनमा जनलहर ल्याउने प्रयास गरिन्छ। अहिले हाम्रै परिप्रेक्ष्यमा हेर्ने हो भने प्रतियोगिता हुने दिनमा पनि मापदण्डअनुसारको निर्माण सम्पन्न हुने देखिँदैन भने सुरक्षाजस्ता विषयलाई त ख्याल नै राखिएको छैन। जसका कारण आममानिसमा साग खेलकुद प्रतियोगिताप्रति उत्साह नै जाग्न सकेको छैन।

*(कुराकानीमा आधारित)*



अन्तर्वार्ता




तस्बिर : नवराज बाग्ले

■ रमेश सिलवाल, सदस्य-सचिव, राष्ट्रिय खेलकुद परिषद्

# हामी पचास स्वर्ण जित्छौं

गत साउनमा **रमेश सिलवाल** राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव नियुक्त भएपछि उनले दुईवटा प्राथमिकता अघि सारे । एक, नेपाली क्रिकेटको विवाद समाधान । दुई, साग (दक्षिण एसियाली खेलकुद प्रतियोगिता) गराउने । संयोग दुवै प्राथमिकता पूरा गर्ने उनको अभियान जारी छ । ढिलै भए पनि १३ औं साग सुरु हुँदैछ । साग सुरु हुँदै गरेको मेसो पारेर सिलवालसँग साप्ताहिकले गरेको एकघण्टा लामो वार्तालापको सम्पादित अंश :

**खेल सुरु हुने दिन आइसक्यो, तयारी सकिएको छैन नि ?**
हामी नेपालीको परम्परा नै जहिले अन्तिम समयमा काम गर्ने भइसकेको छ । काम गर्दागर्दै नभ्याएर यसो भएको हो । म आएको जम्मा चार महिना भयो, त्योभन्दा अगाडि हामी के हेरेर बसेका थियौं भन्ने कुरा जायज हो । यो चार महिनामा कुनै पनि समय बिदा नलिइकन मसहित एउटा टिम नै खटियो । तीन महिनाअघि नै सबै तयारी सकिएर बाँकी के छन् भनेर सोच्नुपर्ने थियो तर त्यो भएन । जसले मिति घोषणा गऱ्यो । त्यसले इमानदारितासाथ योजना बनाएर काम गर्नुपर्थ्यो तर गरेको पाइएन । घमन्ड गऱ्यो भन्लान्, म नभएको भए साग हुन्थ्यो कि हुँदैनथ्यो भन्न सक्दिन ।

**सरकारका अरू निकायबाट सहयोग नभएर हो ?**
त्यो होइन । सरकारले त यसलाई राष्ट्रिय पर्वका रूपमा लिएको छ । आवश्यक बजेट दिनेदेखि कानुनसम्मत रूपले सहयोग गर्ने र कतिपय ठाउँमा सहजीकरण गर्ने काममा समेत सरकारको भूमिका छ । महानगरपालिकाहरूले राम्रो समन्वय र सपोर्ट गरेका छन् । सरसफाइ, ब्युटिफिकेसन, सडकका खाल्डाखुल्डी पुर्ने, एउटा डिनर होस्टे गर्ने, प्रचार-प्रसारमा सहयोग गर्नेसम्मका कुरा सकारात्मक रूपमा लिएका छन् । खेलकुद मन्त्रालयबाहेक परराष्ट्र, गृह र अर्थ तथा उद्योग वाणिज्यको सहयोगमा काम भइरहेछ ।

**पूर्वाधार बनिसकेपछि ट्रायल गर्नुपर्ने होइन ?**
हामीले फाइदा लिने 'होम ग्राउन्ड' र 'होम क्राउड'को हो । 'होम ग्राउन्ड'को जति फाइदा लिनुपर्थ्यो, लिन सकेनौं । अब होम क्राउडको त साथ लिन सक्नुपर्छ । खेल्नलाई सबै पूर्वाधार फिट भइसकेका छन् । स्वीमिङ पुल एक साताजति खेल्न लगाउँछौं । हिटिङ पुलको ट्रायल पनि गरिसकेका छौं । पानीको समस्या हुँदैन, किनभने त्यो धेरै नौलो चिज होइन । दशरथ रंगशालामै फुटबल अभ्यास गर्न पाएको भए परिणाम राम्रो आउँथ्यो । त्यो हामीले गर्न सकेनौं तर त्यसले खासै ठूलो फरक पार्दैन ।

**विश्वकप छनोटको कुवेतविरुद्धको खेल गराउन नसक्दा नकारात्मक सन्देश गयो नि ?**
हरेक स्पोर्ट भेन्यु सम्बन्धित संस्थाले अन्तर्राष्ट्रिय मापदण्डअनुसार एक्रिडेट हुनुपर्छ । अस्तिको सवाल रंगशाला भएन भन्ने होइन, दुबो र प्याराफिट भएन भन्ने पनि होइन । मंसिर ३ गतेको खेल सर्नुको मूल सवाल भीआईपी प्याराफिट अन्डर कन्स्ट्रक्सन भएको र सुरक्षाका दृष्टिकोणले हो ।।

अर्को कुरा, त्यो खेल राजनीतिको सिकार पनि हो । कुवेत नेपाल आउन चाहँदैनथ्यो, उसलाई चिसो मौसमको नेपालको होम क्राउडमा हार्न पनि सक्छ वा ड्र हुन सक्छ भन्ने डर थियो । हाम्रो एन्फाले जति लबिङ गर्नुपर्ने हो, त्यो गर्न सकेन । उनीहरू भुटान पनि आउन चाहँदैनथे । हामीले हाम्रो देशको जस्तो हावापानी भनेर भुटान छानेका हौं । उनीहरूले कतारको दोहामा गर्ने भनेका थिए, खाने, बस्ने, ट्रेनिङ, टु वे सम्पूर्ण खर्च हामी बेहोर्छौं, पछि पनि सहयोग गर्छौं भनेर कुवेतले चिठी पठाएको छ । त्यसलाई अन्तर्राष्ट्रिय रूपमा लिएर गयो भने कारबाही हुन्छ । एक किसिमको म्याच फिक्सिङजस्तो तँलाई यो-यो दिन्छु, मैले भनेको ठाउँमा खेल्दे न भनेजस्तो । त्यो राजनीतिको सिकार पनि अलिकति भइयो ।

तर हारे पनि ७-० बाट १-० झऱ्यौं, त्यो सुधार त हो नि । कात्तिक मसान्तमा भीआईपी प्यारापिट सक्छु भनेर लागेको थिएँ, तर सकिनँ । सामान पनि समयमा आएन, म आफैं चीन गएँ, एउटा टोलीलाई भारत पठाएर ल्याएँ । छानो ठेकेदारले ल्याउन नसकेर हामी आफैंले एयर लिफ्ट गरेर ल्याउनुपऱ्यो । यस्ता प्राविधिक समस्याहरू पनि आएकाले अलि ढिला भयो, नत्र १५ दिनअगाडि सकिन्थ्यो ।

> जति लामो तयारी गऱ्यो, त्यति राम्रो हुने हो । तर, नेपालीहरूको परम्परा नै जहिले अन्तिम समयमा काम गर्ने भइसकेको छ । दोस्रो कुरा, यो काम गर्दागर्दै नभ्याएर हो । म आएको जम्मा चार महिना भयो, त्योभन्दा अगाडि हामी के हेरेर बसेका थियौं भन्ने कुरा जायज हो ।

**अन्तर्राष्ट्रिय प्रतियोगितालाई सहरले आफ्नो प्रतिष्ठा बनाउँछन्, तर साफमा त्यस्तो देखिएन नि ?**
स्थानीय तहका सरकारले सहयोग गरेन भनेर म भन्दिनँ । जति स्वामित्व लिनुपर्थ्यो, त्यतिचाहिँ भएको देखिएन । त्यसको कारण यसबारे नबुझ्नु हो । अरू देशमा त्यहाँका मेयरहरू नै लिड गरेर जान्छन्, ओलम्पिक, एसियन गेम्स, वर्ल्डकप क्यालिफायरमा हाम्रो नगरले यो-यो सुविधा दिन सक्छ भनेर बोलाउँछन्, वेलकम गर्न जान्छन् । हामीकहाँ त्यो प्रचलन रहेन ।

सागजस्ता खेलकुद सहरलाई विश्वसामु चिनाउने अवसर हुन् । काठमाडौं, पोखरा र जनकपुरलाई यो इन्टरनेसनल एरिनासम्म चिनाउने अवसर हो । त्यो मौकामा उहाँहरूको भूमिका अहिलेको भन्दा १० गुणा बढी हुनुपर्थ्यो तर त्यो भएन ।

**सहरहरूमा खेलको माहौल बन्न किन नसकेको ?**
गाह्रो कहाँनेर पऱ्यो भने १ सय दिनअघि काउन्ट डाउन गर्ने अन्तर्राष्ट्रिय प्रचलन हो । हामीले ३० दिनअगाडि काउन्ट डाउन गर्नुपर्ने हो । तर, ३० दिनअगाडि रंगशालाको त्यो संरचना नै बन्दैन । त्यतिबेला काउन्ट डाउन गरेको भए सकारात्मकभन्दा नकारात्मक असर पर्थ्यो, त्यसैले हामीले १५ दिनदेखि काउन्ट डाउन सुरु गऱ्यौं । त्यो हाम्रै असक्षमताका कारणले हो । हामीले १५ दिनदेखि सबै टेलिभिजन, पत्रपत्रिका, ठूलो इलेक्ट्रोनिक्स बोर्डबाट काउन्ट डाउन सुरु गरेका छौं । होर्डिङ बोर्डहरू क्रमशः लाग्दै छन्, बेलुनमार्फत पनि गर्दैछौं, मस्कटबाट पनि गरिरहेका छौं । प्रचार नै नभएको होइन, जति हुनुपर्ने हो त्यो भएको छैन ।

**भिजिट नेपालको पूर्वसन्ध्यामा विश्वव्यापी नेपाललाई प्रचार-प्रसार गर्ने अवसर पनि साग हो । यसमा समन्वय कत्तिको भइरहेको छ ?**
टुरिज्म बोर्ड र हाम्रो बीचमा समन्वय भएको छ । यसलाई हामीले ग्लोबलाइज गर्न खोजिरहेका छौं, १५ वटाजति टेलिभिजन च्यानलबाट प्रत्यक्ष प्रसार हुँदैछ । साग मुलुक मात्रै छैनन्, हङकङ, थाइल्यान्ड, सिंगापुर, जापान, कोरिया पनि हुँदैछ । २ अर्बभन्दा बढीले साग हेर्ने अनुमान हामीले गरेका छौं । यो सकारात्मक पक्ष हो । त्यसैले हामीले उद्घाटन र समापन सत्रलाई भव्य बनाउने तयारी गरिरहेका छौं । ३ घण्टा १७ मिनेटको उद्घाटन सत्र हुनेछ । उद्घाटन सत्रमा नेपाली कला, संस्कृति, इतिहास झल्काउने खालको एउटा र अर्को पारम्परिकबाहेक अलि हाइटेक प्रयोग पनि गर्न खोज्दैछौं । झन्डै २ सय ड्रोन प्रयोग गर्न खोज्दैछौं, लेजर लाइटको प्रयोग गर्छौं । राम्रो साउन्ड सिस्टम र बाहिर इलेक्ट्रिसिटीको पनि ब्युटिफिकेसन गर्न खोजिरहेका छौं । यी सबैबाट यसले गति लिन्छ ।

**लाइभ गर्ने विषय विवादित बनेको छ नि ?**
लाइभ गर्ने नेपाल टेलिभिजनबाट मात्रै हुन्छ । एउटाले अधिकार किनेपछि सबैलाई दिने-नदिने उसको हातमा हुन्छ । तर, खिच्नै नपाइने भन्ने होइन । अहिले हामीले बसेर एउटा छलफल गरेका छौं, निश्चित समय समाचारका लागि दिने कि ? हामीले कमाउने लाइभ गरेर हो, त्यही फेसबुक र युट्युबहरूबाट लाइभ गर्ने प्रवृत्ति बढ्न सक्छ । डर त्यहाँ मात्रै हो, दिनु हुन्न भन्ने होइन । हामीले गर्न हुने र नहुने गरौं, बदमासी गर्नेलाई मुद्दा चल्ने



र पेनाल्टी गर्ने गरौं। बदमासी गर्नेलाई कार्ड खोसिदिने कुरा पनि छ। ओलम्पिक र एसियन गेम्समा अनुशासनमा बसेको छ, तर नेपालमा क्यामरा लिएर जहाँ जे पनि खिच्न पाउने स्वतन्त्रता उपभोग गरिरहेकालाई बाउन्ड्रीमा बाँधिनुपर्दा आपत् भएको मात्रै हो।

**सागमा खेलका हिसाबले नेपालको तयारी कस्तो छ ?**
सन् १९९९ मा हाम्रो एक वर्षको तयारी थियो। अहिले एक वर्षको हुन पाएन। हामीले १३ वटा खेलको असार मसान्त अगाडि तयारी सुरु गऱ्यौं। १३ वटाभन्दा बढी खेलको साउनको पहिलो सातादेखि तयारी सुरु गऱ्यौं। भदौ २६ गते क्याबिनेटले कार्यविधि पास गरिदियो, असोजको ६ गते मेरो हातमा पऱ्यो। तर, हामीले साउन र भदौमा पनि रोकेनौं। अहिले ट्रेनिङ पुगेन भन्ने गुनासो कसैको छैन। २१ वटा खेलको विदेशमा लगेर राम्रा विदेशी प्रशिक्षकबाट प्रशिक्षण गरायौं। त्यहाँ बढीभन्दा बढी एक्स्पोजर गेममा सहभागी गरायौं। त्यसले गर्दा हाम्रो क्वालिटी बढेको छ। ८ वटा गेम्सको देशभित्र विदेशी प्रशिक्षक ल्याएर ट्रेनिङ गरायौं। यो सबै हेर्दा राम्रो परिणामको अपेक्षा गरेका छौं।

**कति मेडल जितिएला ?**
खेल र खेलाडीको तयारीका आधारमा हेर्दा ५० स्वर्णको लक्ष्यसाथ अगाडि बढेका छौं। हाम्रो टार्गेट अहिले सागमा दोस्रो स्थान छ। सन् १९९९ मा दोस्रो स्थानमा आयौं, ३१ वटा गोल्डमेडल जितेर। त्यो बेला १२ वटा गेम मात्रै थिए। १४ वटा कराँते, १४ वटा तेक्वान्दो र बाँकी अर्कोको तीनवटा पदक थिए। यो पालि तयारी हेर्दाखेरि हामी त्यति ल्याउन सक्षम छौं।

**बढी पदकहरूको अपेक्षा कुन विधाका खेलहरूमा छन् ?**
मूलतः मार्सलआर्टमा हो, त्यहाँ संख्या धेरै छ। सबै ३ सय २४ मध्ये प्याराग्लाइडिङ ५ वटा माइनस भएपछि ३ सय १९ वटा पदक छन्। त्योमध्ये तेक्वादो, कराँते, उसु, जुडो, बक्सिङ, वेट लिफ्टिङमा हामीले बढी पदकको आशा गरेका छौं। पपुलर गेमबाट पनि पदकको अपेक्षा छ तर पपुलर गेममा पदक हुँदैन। फुटबलमा हामीले जति जिते पनि दुइटा पदक त हो। भलिबलमा जित्यो भने चारवटा पदक त हो। यसमा पदकको संख्या धेरै हुँदैन, त्यसैले हामीले मार्सल आर्टमा अलि बढी अपेक्षा गरेका छौं। एथलेटिक्स, स्वीमिङलगायतका अन्य खेलहरूबाट एक/दुइटा, दुई-चारवटा पदकको अपेक्षा गरेका छौं।

**आठौं सागमा हामीले धेरै पदक जित्यौं, त्यसपछि निरन्तर खस्कँदो अवस्थामा छ। ५० वटा पदक जित्ने गरी हाम्रो तयारी भएको छ त ?**
साग गेम सकियो, खेलाडीहरू घर-घर बस्न थाल्छन्। राम्रा खेलाडीहरूलाई निरन्तर तालिम दिन, निरन्तर एक्पोजर दिन सकेनौं, त्यसैको परिणाम हो। हामीले राम्रो योजनासमेत बनाउन सकेनौं र लगानी गर्न पनि सकेनौं। सागमा सबैभन्दा कम लगानी गर्ने देश नेपाल हो। भारतलगायत अन्य देशहरूको तयारी नै त्यही लेभलको छ। लगानी भएन भने प्रतिफल कहाँबाट आउँछ। अब लगानी गर्न सुरु गर्नुपर्छ। यसभन्दा अगाडि हामीले तेस्रो हुने लक्ष्य लिएका थियौं, पाँचौंमा पुग्यौं। यसपालि हाम्रो दोस्रो हुने लक्ष्य छ, त्यो हामी पूरा गर्छौं।

**नेपालको प्रदर्शन निरन्तर खस्किनुको कारण के हो ?**
दुइटा कारण छन्, हामी जति तयारी गर्नुपर्थ्यो त्यो सकेनौं, अरूले हामीभन्दा धेरै तयारी गरे। एक समय भारत भन्नेबित्तिकै हक्की थियो, पछि क्रिकेटले खाइदियो। चीन र भारत छिमेकी दुई देशमा चीनले स्पोर्टमा छलाङ माऱ्यो, ओलम्पिकमा पहिलो नम्बर बन्यो, भारत १० नम्बरमा पनि अटाउन सकेन। हामीले सागमा राम्रो गरेपछि हाम्रो एसियन र ओलम्पिक गेम लक्ष्य बनाउनुपर्थ्यो त्यो सकेनौं। हामीले अन्तर्राष्ट्रिय प्रतियोगितालाई विदेश जन्ती लिएर घुम्न जानेजस्तो बनायौं, खेलाडीभन्दा बढी अफिसियलहरू जान थाले। त्यो संसारमा कहीं पनि हुँदैन। अब त्यसरी हुँदैन, अब योजना बढाएर अगाडि बढ्ने हो। मैले खेलाडीको प्रतियोगिता अघि र प्रतियोगितापछिको पनि हरेक दिनको पर्फमेन्स एनालाइसिस गर्ने गरी रिसर्च गराएको छु। त्यसले उनीहरूको प्रगतिको ग्राफ देखाउँछ। म सदस्य-सचिव भएर आएपछि २५ जिल्ला पुगें, अहिले पोजेटिभ पक्ष इन्फास्ट्रक्चर धमाधम बनाउन सुरु भएको छ। प्रतियोगिता पनि हामी बढाउँछौं। अब हाम्रो लक्ष्य एसियन गेम र ओलम्पिक हुनुपर्छ।

मैले महिला भलिबल टिमलाई थाइल्यान्डमा तालिम गर्न पठाएँ, मानिसहरूले किन पठायो भने, तर त्यसको परिणाम सेन्ट्रल जोनमा एउटा खेल पनि नहारेर विजेता बन्यो। राम्रो टिम सेटिङ गर्न सक्यो र तालिम दिन सक्यो तथा संघहरू क्रियाशील हुने हो भने हाम्रो पनि क्षमता रहेछ भन्ने देखियो। क्रमशः अन्य खेलमा पनि रिजल्ट देखिँदैछ।

**सरकारले सागका लागि खेलाडीहरूलाई केही विशेष घोषणा गर्छ ?**
हामी पदक जित्नेहरूका लागि केही घोषणा गर्छौं। यो छिट्टै घोषणा हुन्छ, प्रधानमन्त्रीज्यूलाई अनुरोध गरेको थिएँ, उहाँले सबै खेलाडीलाई सम्बोधन गरेर घोषणा गर्छु भन्नु भएको थियो। तर उहाँ बिरामी भएपछि त्यो घोषणा हुन सकेन। सन् १९९९ मा स्वर्ण जित्नेलाई घरघडेरी दिने भनेर घोषणा गरियो, तर खेलाडीहरूले त्यो घर घडेरी पाएनन्। धेरै पछि नगद पाए, तर त्यो पनि कागजको घर किन्ने पैसा मात्रै पाए। घोषणा गर्ने तर पुरस्कार पछि दिने चलन रहेछ। पुरस्कार त अन द स्पट र साताभित्र दिन सके पो अर्थ हुन्छ। उपयुक्त समयमा सरकारका तर्फबाट खेलाडीहरूका लागि केही विशेष घोषणा हुन्छ।

**सुरक्षा व्यवस्था तयारी के छ ?**
हजार सुरक्षाकर्मी तीन ठाउँमा गरी खटिन्छन्। सादा पोसाकमा पनि सुरक्षाकर्मी परिचालित हुन्छन्। 'ए ग्रेड'को सुरक्षा हुन्छ। हामी किन विश्वस्त छौं भने सुरक्षा समितिको संयोजक नै आइजिपी सा'प हुनुहुन्छ। उहाँले नै कमान्ड गर्ने भएपछि सुरक्षामा कुनै चुनौती छैन।



13th SOUTH ASIAN GAMES-2019 आवरण

# साग: विगतदेखि वर्तमानसम्म

## पहिलो साफ गेम

नेपालले सन् १९८४ मा पहिलो साफ गेम काठमाडौंमा आयोजना गऱ्यो। उक्त प्रतियोगिता सेप्टेम्बर १७ देखि २३ तारिखसम्म सञ्चालन गरिएको थियो, जसमा एथलेटिक्स, बक्सिङ, फुटबल, पौडी र भारोत्तोलन खेललाई स्थान दिइएको थियो। यो प्रतियोगितामा भारतले ४४ स्वर्ण, २ रजत, १६ कांस्य पदकसहित कुल ८८ पदक जितेर पहिलो स्थान हासिल गरेको थियो। आयोजक नेपालले ४ स्वर्ण, १२ रजत, ८ कांस्यसहित कुल २४ पदक जितेर पदक तालिकामा चौथो स्थान हासिल गरेको थियो।

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | **भारत** | ४४ | २८ | १६ | ८८ |
| २ | **श्रीलंका** | ७ | ११ | १९ | ३७ |
| ३ | **पाकिस्तान** | ५ | ३ | २ | १० |
| ४ | **नेपाल** | ४ | १२ | ८ | २४ |
| ५ | **बंगलादेश** | २ | ८ | १३ | २३ |
| ६ | **भुटान** | ० | ० | २ | २ |
| ७ | **माल्दिभ्स** | ० | ० | १ | १ |
| जम्मा | ७ देश | ६२ | ६२ | ६१ | १८५ |



## दोस्रो साफ गेम

सन् १९८५ मा बंगलादेशको ढाकामा दोस्रो साफ गेम आयोजना भयो। डिसेम्बर २० देखि २७ सम्म सञ्चालन भएको उक्त गेममा ७ किसिमका खेल भएको थियो, जसमा एथलेटिक्स, बक्सिङ, फुटबल, पौडी, भारोत्तोलन, कबड्डी तथा रेस्लिङ थियो। कबड्डी र रेस्लिङ दोस्रो साफमा थपिएका खेलहरू थिए। दोस्रो साफमा पनि पहिलो वर्षको जस्तै भारत विजेता बन्यो। भारतले ६१ स्वर्ण, ३२ रजत, १४ कांस्य गरी १ सय ७ वटा पदक जितेको थियो। यो प्रतियोगितामा आयोजक बंगलादेश कुल ६४ वटा पदक जितेर तेस्रो बन्यो। नेपाल १ स्वर्ण, ९ रजत तथा २२ कांस्य पदक जितेर पाँचौं भएको थियो।

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | **भारत** | ६१ | ३२ | १४ | १०७ |
| २ | **पाकिस्तान** | २१ | २६ | १२ | ५९ |
| ३ | **बंगलादेश** | ९ | १७ | ३८ | ६४ |
| ४ | **श्रीलंका** | २ | ७ | ९ | १८ |
| ५ | **नेपाल** | १ | ९ | २२ | ३२ |
| ६ | **भुटान** | ० | ० | ४ | ४ |
| ७ | **माल्दिभ्स** | ० | ० | ० | ० |
| जम्मा | ७ देश | ९४ | ९१ | ९९ | २८४ |

## तेस्रो साफ गेम

भारतले तेस्रो साफ गेम सन् १९८७ मा कोलकातामा आयोजना गऱ्यो। नोभेम्बर २० देखि २७ सम्म भएको प्रतियोगितामा १० प्रकारका खेल आयोजना भएको थियो। उक्त प्रतियोगितामा एथलेटिक्स, बक्सिङ, फुटबल, पौडी, भारोत्तोलन, कबड्डी, रेस्लिङ, जस्ता पुराना खेलहरू दोहोरिएका थिए भने भलिबल, बास्केटबल तथा टेबल टेनिस गरी ३ वटा नयाँ खेलले पहिलो सहभागिता जनाएका थिए। तेस्रो साफमा पनि भारतले आफ्नो पहिलेदेखिको दबदबा कायम नै राख्यो। भारतले यो प्रतियोगितामा ४३ प्रतिशत पदक आफ्नो घरमा राख्यो, जसमा ९१ स्वर्ण, ४५ रजत तथा १९ कांस्य गरी कुल १ सय ५५ पदक जितेको थियो। तेस्रो साफमा पनि नेपाल पाँचौं स्थानमा रह्यो। नेपालले यो प्रतियोगितामा २ स्वर्ण, ७ रजत तथा ३३ कांस्य गरी कुल ४२ वटा पदक जितेको थियो।

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | **भारत** | ९१ | ४५ | १९ | १५५ |
| २ | **पाकिस्तान** | १६ | ३९ | १४ | ६९ |
| ३ | **श्रीलंका** | ४ | ७ | २३ | ३४ |
| ४ | **बंगलादेश** | ३ | २० | ३१ | ५४ |
| ५ | **नेपाल** | २ | ७ | ३३ | ४२ |
| ६ | **भुटान** | ० | १ | ५ | ६ |
| ७ | **माल्दिभ्स** | ० | ० | ० | ० |
| जम्मा | ७ देश | ११६ | ११९ | १२५ | ३६० |

## चौथो साफ गेम

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | **भारत** | ६१ | ४३ | २० | १२४ |
| २ | **पाकिस्तान** | ४५ | ३३ | ४२ | १२० |
| ३ | **श्रीलंका** | ६ | १० | २१ | ३७ |
| ४ | **बंगलादेश** | १ | १२ | २४ | ३७ |
| ५ | **नेपाल** | १ | १० | २१ | ३२ |
| ६ | **भुटान** | ० | ० | ३ | ३ |
| ७ | **माल्दिभ्स** | ० | ० | ० | ० |
| जम्मा | ७ देश | ११४ | १०८ | १३१ | ३५३ |

सन् १९८९ मा पाकिस्तानले इस्लामावादमा चौथो साफ गेमको आयोजना गऱ्यो। उक्त प्रतियोगिता अक्टोबर २० देखि २७ सम्म भएको थियो। यो प्रतियोगितामा पनि १० वटा खेल भएका थिए, जसमा बास्केटबलको ठाउँमा स्क्वासले स्थान पाएको थियो भने अरु पहिलाकै खेलहरू खेलाइएको थियो। चौथो साफमा कबड्डी खेल पनि सर्कल स्टाइलमा खेलाइएको थियो। इस्लामावादमा पनि भारतनै हावी भयो। ६१ स्वर्ण, ४३ रजत, २० कांस्य गरी कुल १२४ वटा पदक जित्दै भारत विजयी बन्यो। पाँचौं साफसम्म आइपुग्दा पनि नेपालले आफ्नो खेलमा सुधार गर्न भने सकेन। यो प्रतियोगितामा पनि नेपाल पाँचौं स्थानमा नै सीमित रह्यो, जसमा नेपालले १ स्वर्ण, १० रजत र २१ कांस्य गरी जम्मा ३२ पदक जितेको थियो।

## पाँचौं साफ गेम

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | **भारत** | ६४ | ५९ | ४१ | १६४ |
| २ | **श्रीलंका** | ४४ | ३४ | ४० | ११८ |
| ३ | **पाकिस्तान** | २८ | ३२ | २५ | ८५ |
| ४ | **बंगलादेश** | ४ | ८ | २८ | ४० |
| ५ | **नेपाल** | २ | ८ | २९ | ३९ |
| ६ | **माल्दिभ्स** | ० | १ | ० | १ |
| ७ | **भुटान** | ० | ० | ० | ० |
| जम्मा | ७ देश | १४२ | १४२ | १६३ | ४४७ |

श्रीलंकाको कोलम्बो सहरले सन् १९९१ मा पाँचौं साफ गेम भयो। डिसेम्बर २२ देखि ३१ सम्म भएको प्रतियोगितामा १० खेल आयोजना गरिएको थियो। प्रतियोगितामा एथलेटिक्स, बास्केटबल, बक्सिङ, फुटबल, पौडी, भारोत्तोलन, टेबल टेनिस, भलिबल जस्ता खेलले निरन्तरता पाएको थियो भने टेनिस तथा सुटिङ गरी २ खेल थपिएका थिए। पाँचौं साफमा पनि भारत नै विजेता बन्यो। खेलमा भारतले ६४ स्वर्ण, ५९ रजत, ४१ कांस्य गरी कुल १ सय ६४ वटा पदक जित्यो। प्रतियोगितामा आयोजक श्रीलंका दोस्रो भयो भने नेपालले आफ्नो पहिलेको स्थानलाई कायम राख्दै पाँचौं भयो। उक्त खेलमा नेपालले २ स्वर्ण, ८ रजत, २९ कांस्य गरी जम्मा ३९ वटा पदक मात्र हात पाऱ्यो।

## छैटौं साफ गेम

सन् १९९३ मा बंगलादेशको ढाकामा छैटौं साफ गेम भयो। डिसेम्बर २० देखि २७ सम्म भएको प्रतियोगितामा ११ वटा खेल भएका थिए। यो प्रतियोगितामा जुडो नयाँ खेलका रूपमा थपिएको थियो भने अरू पुराना खेलहरू खेलाइएको थियो। कुल १ सय ३७ पदक जित्दै भारतले छैटौं साफमा पनि आफ्नो शिर्ष स्थानलाई कायमनै राख्यो। जसमा ६० स्वर्ण, ४६ रजत तथा ३१ कांस्य पदक रहेको थियो। खेलमा खराब प्रदर्शनका कारण आयोजक बंगलादेश चौथो स्थानमा चित्त बुझाउन बाध्य भयो भने नेपाल पाँचौं स्थानमा रह्यो। छैटौं साफमा नेपालले १ स्वर्ण, ६ रजत , १५ कांस्य गरी कुल २२ पदक मात्र हात पाऱ्यो। प्रतियोगितामा माल्दिभ्स र भुटानले पनि कुनै पनि पदक जित्न सकेनन्।

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | **भारत** | ६० | ४६ | ३१ | १३७ |
| २ | **पाकिस्तान** | २३ | २२ | २० | ६५ |
| ३ | **श्रीलंका** | २० | २२ | ३९ | ८१ |
| ४ | **बंगलादेश** | ११ | १९ | ३२ | ६२ |
| ५ | **नेपाल** | १ | ६ | १५ | २२ |
| ६ | **माल्दिभ्स** | ० | ० | ० | ० |
| ७ | **भुटान** | ० | ० | ० | ० |
| जम्मा | ७ देश | ११५ | ११५ | १३७ | ३६७ |

## सातौं साफ गेम

भारतले सन् १९९५ मा मद्रासमा सातौं साफ गेमको आयोजना गऱ्यो। उक्त प्रतियोगिता १८ डिसेम्बरदेखि २७ सम्म सञ्चालनमा आएको थियो, जसमा १४ वटा खेल भएको थियो। फिल्ड हक्की खेललाई भारतले नयाँ खेलका रूपमा थपेको थियो। यो प्रतियोगितामा पनि अरू देशभन्दा भारत नै अगाडि आयो। भारतले १ सय ६६ स्वर्ण, ६० रजत, १९ गरी कुल २ सय ४५ पदक हात पाऱ्यो। सातौं साफमा पनि नेपाले राम्रो खेल खेल्न सकेन्। कुल २८ पदक जित्दै नेपाल पाँचौं स्थानमै सीमित रह्यो। जसमा ४ स्वर्ण, ८ रजत तथा १६ कांस्य पदक थिए।

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | **भारत** | १६६ | ६० | १९ | २४५ |
| २ | **श्रीलंका** | १६ | २५ | ५३ | ९४ |
| ३ | **पाकिस्तान** | १० | ३३ | ३६ | ७९ |
| ४ | **बंगलादेश** | ७ | १७ | ३४ | ५८ |
| ५ | **नेपाल** | ४ | ८ | १६ | २८ |
| ६ | **भुटान** | ० | ० | २ | २ |
| ७ | **माल्दिभ्स** | ० | ० | १ | १ |
| जम्मा | ७ देश | २०३ | १४३ | १६१ | ५०७ |



## आठौं साफ गेम

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | भारत | १०२ | ५८ | ३७ | १९७ |
| २ | नेपाल | ३२ | १० | २४ | ६६ |
| ३ | श्रीलंका | १६ | ४२ | ६२ | १२० |
| ४ | पाकिस्तान | १० | ३६ | ३० | ७६ |
| ५ | बंगलादेश | २ | १० | ३५ | ४७ |
| ६ | भुटान | १ | ६ | ७ | १४ |
| ७ | माल्दिभ्स् | ० | ० | ४ | ४ |
| जम्मा | ७ देश | १६३ | १६२ | १९९ | ५२४ |

नेपालले पुनः सन् १९९९ मा काठमाडौंमा साफ गेमको आयोजना गऱ्यो । सेप्टेम्बर २५ देखि अक्टोबर ४ सम्म भएको प्रतियोगितामा १२ खेलहरू खेलाइएको थियो, जसमा तेक्वान्दो र कराँते नयाँ खेल थिए भने बाँकी पुरानै थिए । यो साफमा नेपालले आफ्नो होम ग्राउन्डको फाइदा उठाउँदै राम्रो प्रदर्शन गरेर पदक तालिकामा दोस्रो भयो भने भारतले शीर्ष स्थान नै हासिल गऱ्यो । पहिलो भएको भारतले १ सय २ स्वर्ण, ५८ रजत, ३७ कांस्य गरी कुल १ सय ९७ पदक जित्यो भने नेपालले ३२ स्वर्ण, १० रजत, २४ कांस्य गरी जम्मा ६६ वटा पदक हात पाऱ्यो ।

## नवौं साफ गेम

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | भारत | १०३ | ५७ | ३२ | १९२ |
| २ | पाकिस्तान | ३८ | ५५ | ५० | १४३ |
| ३ | श्रीलंका | १७ | ३२ | ५७ | १०६ |
| ४ | नेपाल | ७ | ६ | २० | ३३ |
| ५ | बंगलादेश | ३ | १३ | २४ | ४० |
| ६ | अफगानिस्तान | १ | ३ | २८ | ३२ |
| ७ | भुटान | १ | ३ | २ | ६ |
| ८ | माल्दिभ्स | ० | ० | ० | ० |
| जम्मा | ८ देश | १७० | १६९ | २१३ | ५५२ |

सन २००४ मा पाकिस्तानको इस्लामावादमा नवौं साफ गेमको आयोजना भयो । मार्च २९ देखि अप्रिल ७ सम्म भएको प्रतियोगितामा अफगानिस्तानले पनि सहभागिता जनाएपछि साफ गेम खेल्ने देशको संख्या ८ पुगेको थियो । उक्त प्रतियोगितामा भारतले पहिलो स्थान हासिल गरेको थियो भने पाकिस्तान दोस्रो स्थानमा आएको थियो । त्यस्तै नेपालको स्तर खस्केर चौथो स्थानमा झरेको थियो भने पहिलो सहभागिता जनाएको अफगानिस्तान छैटौं भएको थियो ।

## दसौं साग गेम

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | भारत | ११८ | ५९ | ३७ | २१४ |
| २ | पाकिस्तान | ४६ | ७१ | ६७ | १८४ |
| ३ | श्रीलंका | ३७ | ६३ | ७८ | १७८ |
| ४ | नेपाल | १५ | १४ | ३१ | ६० |
| ५ | अफगानिस्तान | ६ | ७ | १८ | ३१ |
| ६ | बंगलादेश | ३ | १५ | ३२ | ५० |
| ७ | भुटान | ० | ३ | १० | १३ |
| ८ | माल्दिभ्स | ० | ० | ० | ० |
| जम्मा | ८ देश | २२५ | २३२ | २७३ | ७३० |

१० औं साग गेम सन् २००६ मा श्रीलंकाको कोलम्बोमा भएको थियो । यही प्रतियोगिताबाट साफ गेमलाई सागको नाममा रूपान्तरण पनि गरियो । अगस्ट १८ देखि २८ सम्म भएको प्रतियोगितामा २० खेलहरू सञ्चालन भएको थियो । दसौं सागमा पनि भारत २ सय १४ पदक जितेर पहिलो भयो भने १ सय ८४ पदक जितेर पाकिस्तान नै दोस्रो भयो । यो प्रतियोगितामा नेपालले कुल ६० पदक जितेर चौथो भयो ।

## ११ औं साग गेम

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | भारत | ९० | ५५ | ३० | १७५ |
| २ | पाकिस्तान | १९ | २५ | ३६ | ८० |
| ३ | बंगलादेश | १८ | २३ | ५६ | ९७ |
| ४ | श्रीलंका | १६ | ३५ | ५४ | १०५ |
| ५ | नेपाल | ८ | ९ | १९ | ३६ |
| ६ | अफगानिस्तान | ७ | ९ | १६ | ३२ |
| ७ | भुटान | ० | २ | ३ | ५ |
| ८ | माल्दिभ्स | ० | ० | २ | २ |
| जम्मा | ८ देश | १५८ | १५८ | २१६ | ५३२ |

सन् २०१० मा बंगलादेशको ढाकामा ११ औं साग गेम सम्पन्न भयो । २९ जनावरीदेखि फेब्रुअरी ९ सम्म भएको प्रतियोगितामा २३ खेल खेलाइएको थियो । जसमा एथलेटिक्स, बास्केटबल, बक्सिङ, फुटबल, पौडी, भारोत्तोलन, टेबल टेनिस, भलिबल, टेनिस, सुटिङ, आर्चरी, ब्याडमिन्टन, क्रिकेट, साइकलिङ, कराँते, जुडो, गल्फ, उसु, तेक्वान्दो, कबड्डी, ह्यान्डबल, हक्की, स्वास जस्ता प्रतियोगिता थिए । ढाकामा पनि भारत नै विजेता बन्यो भने पाकिस्तान दोस्रो भयो । उक्त प्रतियोगितामा आयोजक बंगलादेश तेस्रो भएको थियो भने नेपाल पाँचौं स्थानमा नै कायम रह्यो ।

## १२ औं साग गेम

| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|---|
| १ | भारत | १८८ | ९० | ३० | ३०८ |
| २ | श्रीलंका | २५ | ६३ | ९८ | १८६ |
| ३ | पाकिस्तान | १२ | ३७ | ५७ | १०६ |
| ४ | अफगानिस्तान | ७ | ९ | १९ | ३५ |
| ५ | बंगलादेश | ४ | १५ | ५६ | ७५ |
| ६ | नेपाल | ३ | २३ | ३४ | ६० |
| ७ | माल्दिभ्स | ० | २ | १ | ३ |
| ८ | भुटान | ० | १ | १५ | १६ |
| जम्मा | ८ देश | २३९ | २४० | ३१० | ७८९ |

१२ औं साग गेमको आयोजना भारतले सन् २०१६ मा गऱ्यो । गुहाहटी र सिलोङमा ५ फेब्रुअरीदेखि १६ फेब्रुअरीसम्म भएको उक्त प्रतियोगितामा २२ खेल भएका थिए । १२ औं सागमा पनि भारत सधैं झैं पहिलो बन्यो भने श्रीलंका दोस्रो भयो । प्रतियोगितामा भारतले ३ सय ८ पदक जित्यो भने श्रीलंकाले १ सय ८६ वटा पदक हात पाऱ्यो । सधैं मध्यम स्तरको प्रदर्शन गर्दै आएको नेपालले यो प्रतियोगितामा झन् १ स्थान तल झरेर छैटौं स्थानमा पुग्यो । यो प्रतियोगितामा नेपालले ३ स्वर्ण, २३ रजत, ३४ कांस्य गरी कुल ६० पदक जितेको थियो ।

# नेपालका स्वर्ण पदक विजेता

नेपालले दक्षिण एसियाली खेलकुद इतिहासमा ७१ स्वर्ण पदक जितेको छ । यसमध्ये तेक्वान्दोका दीपक विष्ट एक्लैले ४ स्वर्ण पदक जितेका छन् भने एथलेटिक्सका वैकुण्ठ मानन्धरको नाममा तीन स्वर्ण पदक रहेको छ । साग प्रतियोगितामा अहिलेसम्म स्वर्ण पदक जितेका खेलाडी र टिमहरु यसप्रकार छन् :

### सन् १९८४

१. वैकुण्ठ मानन्धर, एथलेटिक्स, २. दलबहादुर रानामगर, बक्सिङ ३. पुष्करध्वज शाही, बक्सिङ, ४. पुरुष फुटबल टिम

### सन् १९८५

१. वैकुण्ठ मानन्धर, एथलेटिक्स

### सन् १९८७

१. वैकुण्ठ मानन्धर, एथलेटिक्स, २. दलबहादुर रानमगर, बक्सिङ

### सन् १९८९

१. चित्रबहादुर गुरुङ, बक्सिङ

### सन् १९९१

१. गीता क्षेत्री, सिजरिन शाह, पूजा थापा र नीलम तुलाधर, टेबलटेनिस, २. अनिता श्रेष्ठ, सुटिङ

### सन् १९९३

१. पुरुष फुटबल टिम

### सन् १९९५

१. टीका बोगटी, एथलेटिक्स, २. रमेश बस्नेत, जुडो, ३. वीरबहादुर राना, जुडो, ४. जितबहादुर चौधरी, जुडो

### सन् १९९९

१. प्रकाश थापामगर, बक्सिङ, २. रामचन्द्र थापामगर, बक्सिङ ३. रवि महर्जन, कराँते, ४. दीपक श्रेष्ठ, कराँते, ५. ध्वोजमान मोक्तान, कराँते, ६. सुरेन्द्रलाल श्रेष्ठ, कराँते, ७. राजेश श्रेष्ठ, कराँते, ८. कृष्ण गुरुङ, कराँते, ९. प्रीति डंगोल, कराँते, १०. टिम काता, कराँते, ११. गंगाराम महर्जन (सिंगल काता), कराँते, १२. नीता राई, कराँते, १३. निमा पाठक, कराँते, १४. जुनु राई, कराँते, १५. विनिता चौधरी, कराँते, १६. टिम काता (महिला), कराँते, १७. रुना प्रधान, नयना शाक्या, रुविना प्रधान, स्तुति सिंह, पौडी, १८. संगिना वैद्य, तेक्वान्दो , १९. रेनुका रानामगर, तेक्वान्दो, २०. सविता राजभण्डारी, तेक्वान्दो, २१. प्रमिला थापा, तेक्वान्दो, २२. बन्दना श्रेष्ठ, तेक्वान्दो, २३. रितु जिमी राई, तेक्वान्दो, २४. किशोर श्रेष्ठ, तेक्वान्दो, २५. अशोककुमार लामा, तेक्वान्दो, २६. कोशिस खड्का, तेक्वान्दो, २७. दीपक विष्ट, तेक्वान्दो, २८. रवि उज्वज थपलिया, तेक्वान्दो, २९. कमल क्षेत्री, तेक्वान्दो, ३०. राजकुमार राई, तेक्वान्दो, ३१. सीता राई, तेक्वान्दो

### सन् २००४

१. दीपक श्रेष्ठ, कराँते, २. संगिना वैद्य, तेक्वान्दो, ३. रूपा स्याङ्देन, तेक्वान्दो, ४. दीपक विष्ट, तेक्वान्दो, ५. निर्मल श्रेष्ठ, तेक्वान्दो ६. रेनुका रानामगर, तेक्वान्दो, ७. निरञ्जन श्रेष्ठ, तेक्वान्दो

### सन् २००६

१. कमलबहादुर अधिकारी, भारोत्तोलन, २. विना लामा खड्का, उसु ३. राजकुमार रसाइली, उसु, ४. सुलोचना सिज्वाखा, कराँते, ५. कुशल श्रेष्ठ, कराँते, ६. मनिता शाही, तेक्वान्दो ७ दीपक विष्ठ, तेक्वान्दो

### सन् २०१०

१. दीपक विष्ट, तेक्वान्दो, २. आयशा शाक्य, तेक्वान्दो, ३. विनिता महर्जन, उसु, ४. आङबाबु लामा, उसु, ५. सुनिल लामा, कराँते ६. विनोद शाक्य, कराँते, ७. गंगा अधिकारी, कराँते ८. राजेन्द्र भण्डारी, एथलेटिक्स

### सन् २०१६

१ पुरुष फुटबल टिम, २. निमा घर्ती मगर, उसु, ३. फुपु ल्हामु खत्री, जुडो

13th SOUTH ASIAN GAMES-2019 आवरण

# इतिहास रच्ने १० खेलाडी

दक्षिण एसियाली खेलकुद (साग) नेपाली खेलकुदका लागि एक मात्र यस्तो बृहत् खेल प्रतियोगितामा हो, जसमा बलियो चुनौती पेस गर्न सकिन्छ । त्यो अर्थमा नेपालका लागि सबैभन्दा महत्वपूर्ण अन्तरदेशीय प्रतियोगिता नै यही हो । प्रतियोगिताको ३५ वर्ष लामो इतिहासमा नेपालले केही गर्विला उपलब्धि पनि हात पारेका छन् । सागको इतिहासमा यस्ता उपलब्धिको साक्षी बनेका सबैभन्दा शीर्ष १० नेपाली खेलाडी चिनलाई मान्न सकिनेछ ।




## गीता क्षेत्री र सिजरिन शाह
### टेबल टेनिस

सन् १९९१ मा पाकिस्तानको इस्लामावादमा भएको सागमा नेपालले दुई स्वर्ण जितेकामा दुवै महिला खेलाडीको नाममा थियो । यसमध्ये सबैभन्दा प्रसिद्ध जित रह्यो, टेबल टेनिसमा गीता क्षेत्री र सिजरिन शाहको । उनीहरूले महिला टिम इभेन्ट्समा यो उपलब्धि हात पारेका थिए । यो काममा उनीहरूलाई पूजा थापा र नीलम तुलाधरले पनि साथ दिए । गीता र सिजरिनले यसअघिका सागमा पनि रजत र कांस्य पदक हात पारिसकेका थिए ।





## राजु शाक्य, फुटबल

साग इतिहासमै सर्वाधिक संस्करण खेल्ने खेलाडी हुन्, नेपालका राजु शाक्य । यी फुटबल खेलाडीले पहिलादेखि सन् १९९५ को सातौं संस्करणसम्म नेपालका लागि लगातार खेले । नेपालले काठमाडौंमा स्वर्ण जित्दा उनी टिमका युवा खेलाडी थिए । सन् १९९३ मा नेपालले ढाकामा स्वर्ण जित्दाको अवसरलाई नेपाली फुटबलको सबैभन्दा ठूलो उपलब्धि मानिन्छ । त्यो टिमको नेतृत्व पनि उनले नै गरेका थिए । सन् २०१६ को पछिल्ला सागमा पुरुष फुटबलमै नेपालले स्वर्ण जित्दा उनी त्यसका टिमका प्रशिक्षक थिए ।



## वैकुण्ठ मानन्धर, एथलेटिक्स

नेपाली खेलकुदमा सबैभन्दा चिनिएका अनुहार हुन्, वैकुण्ठ मानन्धर । दक्षिण एसियाली खेलकुदमा उनको सबैभन्दा ठूलो उपलब्धि हो, नेपालका लागि लगातार तीन स्वर्ण जित्नु । उनले काठमाडौं, ढाका र कोलकातामा भएका सागको म्याराथनमा लगातार तीन स्वर्ण जिते । अझ उनले त कोलकातामा कायम गरेको २ घन्टा १५.०३ मिनेटको प्रदर्शन अझै पनि कसैले पनि उछिन्न सकेका छैनन् । इस्लामावादमा भएको चौथो सागमा भने उनी कांस्यमै सीमित भए ।



## दीपक विष्ट, तेक्वान्दो

नेपाली खेलकुद इतिहासकै सबैभन्दा सफल खेलाडी हुन्, दीपक विष्ट । तेक्वान्दोका यी खेलाडीले लगातार चार स्वर्ण जिते र नेपाली खेलकुदकै नम्बर १ खेलाडी रहे । उनले दक्षिण एसियामा कहिले पनि हारको सामना गर्नु परेन् र अनडिफिटेड रहे । सन् १९९९ मा काठमाडौंमा भएको आठौं सागमा पहिलो पटक स्वर्ण जितेका दीपकले सन् २०१० को सागसम्म लगातार स्वर्ण जिते । नेपाली खेलकुदमा यस्तो उपलब्धि हात पार्ने उनी एक्ला खेलाडी हुन् ।

## दलबहादुर रानामगर, बक्सिङ

भनिन्छ, नेपाली बक्सिङले पाएका अहिलेसम्मकै सबैभन्दा राम्रा खेलाडी हुन्, दलबहादुर रानामगर । उनले बक्सिङ खेल्दाको दिन नेपालमा यो खेल निकै लोकप्रिय पनि थियो । उनी जत्तिको खेलाडी नेपाली बक्सिङमा अहिलेसम्म देखिएको छैन । उनले पहिलो सागमा स्वर्ण जिते भने त्यसपछि त्यस्तै सफलता कोलकातामा भएको तेस्रो सागमा पनि दोहोराए । ढाकामा भने उनी कांस्यमै रोकिए । उनले लामो जीवन भने पाएनन्, उनको निधन भइसकेको छ ।

## गणेश थापा, फुटबल

उत्तिकै विवादास्पद व्यक्तित्व भए पनि नेपाली फुटबलका सबैभन्दा ठूला नाम हुन्, गणेश थापा । सन् १९८४ मा नेपालले आफ्नै भूमिमा भएको पहिलो सागमा स्वर्ण जित्दा उनी त्यस टिमका सदस्य थिए । त्यसपछि उनको नेतृत्वमा नेपालले दोस्रो र तेस्रो साग पनि खेल्यो । दोस्रोमा नेपालले कांस्य जित्यो भने तेस्रोमा रजत पदक । कोलकातामा भएको सागमा उनी फुटबलका नायक थिए, उनले भुटानविरुद्धको खेलमा नेपालकै लागि पहिलो अन्तर्राष्ट्रिय ह्याट्रिक पनि गरे ।



## कमल अधिकारी, भारोत्तोलन

साग इतिहासमा नेपालले सबैभन्दा बढी पदक कुनै एक खेलबाट जितेको छ भने त्यो भारोत्तोलनबाट हो । तर, यी पदकको थुप्रोमा एक मात्र स्वर्ण छ र यसको श्रेय जान्छ, कमल अधिकारीलाई । उनले सन् २००६ को कोलम्बो सागमा स्वर्ण जिते र यो भारोत्तोलनबाट प्राप्त एक मात्र स्वर्ण हो । त्यति उनको प्रदर्शन उच्च थियो नै उनलाई धेरै हदसम्म भाग्यले पनि साथ दिएको थियो । लगत्तैको ढाका सागमा भने उनी वासआउटको शिकार बने ।






## दीपक श्रेष्ठ, कराँते

नेपाली कराँतेले पाएका अहिलेसम्मकै सबैभन्दा उत्कृष्ट खेलाडी हुन्, दीपक श्रेष्ठ । यसको प्रमाण रहेको छ, उनले सागमा जितेका दुई स्वर्ण । दीपकले सन् १९९९ को काठमाडौं सागमा स्वर्ण जितेर आफ्नो खेल जीवन सुरु गरेका थिए । त्यसको चार वर्षपछि पाकिस्तानमा पनि उनले यस्तै सफलता दोहराए । त्यति बेला अरु सबै नेपाली खेलाडी कराँतेमा पराजित रहे पनि उनी एक्लैले मात्र स्वर्ण जितेका थिए । लगतै कोलम्बो सागमा उनी पदकविहीन रहे ।




## संगीना वैद्य, तेक्वान्दो

नेपाली तेक्वान्दोकी क्विन खेलाडी मानिन्छिन्, संगीनालाई । उनले पनि सागको इतिहासमा दुई स्वर्ण र एक कांस्य जितेकी छिन् । उनले पनि सबैभन्दा पहिले सन् १९९९ कै सागमा पहिलो स्वर्ण जिते । त्यसपछि त्यस्तै उपलब्धि पाकिस्तानमा भएको सागमा पनि प्राप्त गरे । त्यति बेला नेपाली खेलाडी प्रतिकूल स्थितिबाट गुज्रिनु परेको थियो । त्यस अवस्थामा पनि संगीताले स्वर्ण जितेर आफूलाई अब्बल भएको सावित गरिन् । सन् २००६ को सागमा उनले विरामी भएर पनि खेलिन र कांस्यमै चित्त बुझाइन् ।

# डोपिङबाट बचौं, बचाऔं



प्रतिबन्धित शक्तिवर्द्धक औषधीको प्रयोग विश्व खेलकुदमा कहिले पनि रोकिनेछैन । सफलताको भोक, सफलताले दिने ख्यातिसँगै आर्थिक समृद्धिका कारण डोपिङ गरे खेल्ने खेलाडीहरू कहिल्यै पूर्णतः रोकिने छैनन् । अनि के पनि रोकिनेछैन भने यस्ता खेलाडीलाई रोक्ने अभियान पनि । यो अभियानको सन्देश नै हो, 'डोपिङबाट बचौं, बचाऔं' । डोपिङबाट बच्न सकिन्न, कुनै न कुनै दिन समातिने नै छ । त्योभन्दा ठूलो त के भने डोपिङ गर्ने खेलाडीले कालान्तरमा भयावह स्थिति सामना गर्नुपर्नेछ ।

दक्षिण एसियाली खेलकुद (साग) को १३ औं संस्करण सुरु हुँदा एउटा ठूलो मुद्दाका रूपमा रहनेछ, डोपिङ । सबैभन्दा डोपिङ के हो त ? प्रत्येक वर्ष वर्ल्ड एन्टी डोपिङ एजेन्सी (वाडा) ले यस्ता औषधीको सूची जारी गर्छ, जसले खेलाडीमा अप्राकृतिक रूपमा शक्ति बढाउँछ र यसले खेलाडीको सफलताको सम्भावना बढ्छ, तर यो त चोरबाटो नै भयो । त्यसैले वाडाले त्यस्ता औषधी प्रयोगमा रोक लगाउनेछ । कसैले यस्ता प्रतिबन्धित औषधी प्रयोग गरेर खेल्छ भने त्यो नै डोपिङ भयो । वाडाको एक मात्र उद्देश्य हो, खेलकुदलाई सफा र चोखो राख्ने । यस्तोमा साग पनि त डोपिङबाट मुक्त रहनुपर्ने नै भयो । प्रतियोगितामा सहभागी खेलाडी औसत रूपमा डोपिङ परीक्षणबाट गुज्रिनेछन् । विजेता खेलाडी यस्ता प्रशिक्षणबाट गुज्रिने सम्भावना बढी भयो नै । सम्भवतः दुई सय खेलाडी यो प्रक्रियाबाट गुज्रिनेछन् । डोपिङ परीक्षण गर्ने विशेषज्ञले गुपचुप हल्ला नगरेर काम गर्ने गर्छन् । सकेसम्म उनीहरू मिडियामा पनि आउन चाहँदैन ।

सागमा पनि यही प्रक्रिया लागू हुनेछ । फेरि यो उत्तिकै खर्चिलो मात्र होइन, जटिल प्रक्रिया पनि हो । यसमा निकै धेरै लगानी गर्नुपर्ने हुन्छ । सागकै लागि भने डोपिङका विदेशी विशेषज्ञ आउनेछन्, विशेषतः चीन, जापान र दक्षिण कोरियाबाट । यो काममा सहभागी हुनेको दाबी रहनेछ, कसैले चोर बाटो प्रयोग गरेर शक्तिवर्द्धक औषधी प्रयोग गर्छन् भने त्यो खेलाडी जोगिनेछैन, समातिने नै छ । अझ सीधा अर्थमा यो चेतावनी नै हो, डोपिङ नगरौं भनेर ।

डोपिङमा नेपालमा उपलब्ध विशेषमध्ये अग्रणीमा पर्छन्, डा.सरोज श्रेष्ठ । उनी नेपालमा साग हुने भनेपछि खुबै व्यस्त छन् । उनको सबैभन्दा ठूलो काम हो, प्रतियोगितामा सहभागी हुने नेपाली खेलाडीलाई डोपिङबारे पूर्ण जानकारी दिने । यसबाट कसरी बच्ने, किन बच्नुपर्ने सबै तथ्य उनी खेलाडीलाई प्रशिक्षण दिइरहेका छन् । यसपछाडिको कारण पनि स्पष्ट छ । केहीले जानाजान प्रतिबन्धित शक्तिवर्द्धक औषधी प्रयोग गर्छन् । यो त अपराध भयो नै, तर केही खेलाडीले नजानेर पनि प्रतिबन्धित शक्तिवर्द्धक औषधीको प्रयोग गरेका हुन सक्छन् । सामान्य औषधीमा पनि डोपिङमा फस्न सक्ने तत्व हुन सक्छ । अब त खेलाडीले यस्ता औषधी बोकेका स्थितिमा पनि दोषी हुने नियम आइसकेको छ । फेरि कसैले नियतवश खेलाडीलाई फसाउने काम पनि गर्न सक्छन् । त्यसैले डोपिङबाट बच्ने एक मात्र उपाय भनेको खेलाडी स्वयं यसबाट सचेत हुने नै हो । यो सचेतनामा मिडियाको पनि उत्तिकै ठूलो भूमिका हुन्छ ।

सागको इतिहासमा डोपिङका ठूला-ठूला घटना भएका छैनन् । दुःखले यो प्रतियोगितासँग जोडिएको सबैभन्दा ठूलो काण्डमा मुछिने खेलाडी हुन्, नेपालकै धावक राजेन्द्र भण्डारी । सन् २००६ को कोलम्बो सागमा उनले दुई स्वर्ण जितेर सनसनी मच्चाए । तर पछि थाहा भयो, उनले त प्रतिबन्धित शक्तिवर्द्धक औषधी प्रयोग गरेका थिए । त्यसैले उनीमाथि निश्चित समयको प्रतिबन्ध मात्र लागेन, ती दुवै स्वर्ण खोसिए । राजेन्द्र र देश दुवैको बेइज्जति भयो ।

डोपिङलाई लिएर सबैभन्दा ठोस तथ्य यही हो, यस्ता प्रतिबन्धित औषधी प्रयोग गरेर बच्न सकिन्न । अहिले बच्न नसकिएला, समातिने डर १० वर्षभन्दा बढीसम्म पनि हुन्छ । फेरि डोपिङको परिणाम भयावह छ नै । खेलाडीको स्वास्थ्यमा यसले निकै खराब असर पार्छ । शरीरमा अनौठो परिवर्तन आउँछन् । खेलाडी बिरामी हुने गर्छ अनि ज्यान नै जाने सम्भावना पनि हुन्छ । खेलाडी मानसिक पीडाबाट पनि गुज्रिने हुन्छन् र केहीले त आत्महत्या नै गर्छन् । त्यसैले यसबाट बच्नैपर्छ ।

13th SOUTH ASIAN GAMES-2019 आवरण

# आठ खेल पोखरामा हुने

■ राजाराम पौडेल

मंसिर १५ गतेबाट आयोजना हुने १३ औं दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत पोखरामा ८ वटा खेल हुँदैछ। सागअन्तर्गत पोखरामा महिला फुटबल र क्रिकेट, बिच भलिबल, ह्यान्डबल, भारोत्तोलन, ब्याडमिन्टन, आर्चरी र ट्रायथलन हुने भएको हो। पोखरामा हुने यी ८ खेलमा १ सय ५१ पदकका लागि प्रतिस्पर्धा हुनेछ।

४८ स्वर्ण पदक, ४८ रजत र ५५ वटा कांस्य पदकसहित १ सय ५१ पदकका लागि एकल तथा सामूहिकतर्फ प्रतिस्पर्धा हुने भएको १३ औं साग प्राविधिक समिति पोखराका अध्यक्ष विद्या मर्सानीले बताए।

पोखरामा हुने सागअन्तर्गत सबैभन्दा धेरै भारोत्तोलनतर्फ २० स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ। सामूहिक खेल महिला क्रिकेट, महिला फुटबलतर्फ १/१ स्वर्ण, बिच भलिबल र ह्यान्डबलतर्फ महिला-पुरुष गरी २/२ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ। आर्चरीतर्फ



१० स्वर्ण, ब्याडमिन्टनतर्फ ७ स्वर्ण, ट्रायथलनतर्फ ५ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुने भएको अध्यक्ष मर्सानीले बताए। ब्यान्डमिन्टनतर्फ रजत ७ र कांस्य पदक १४ वटा प्रदान गरिने भएको छ भने अन्य खेलमा स्वर्ण, रजत र कांस्य पदक समान रूपमा प्रदान गरिने भएको उनले जनाए।

१३ औं साग प्राविधिक समिति, पोखराले दिएको तथ्यांकका आधारमा पोखरामा हुने सागमा ३ सय २१ जना पुरुष खेलाडी सहभागी हुने भएका हुन्। पोखरामा हुने सागका खेलमा ४ सय १ जना महिला खेलाडी सहभागी हुनेछन्। उक्त खेलमा खेलाडी, अफिसियलसहितको संख्या भने ९ सय ८ हुने समितिले जनाएको छ।

पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीका अनुसार पोखरामा साग लक्षित सम्पूर्ण भौतिक संरचनाको काम पूरा भएको छ। पोखरामा हुने ८ खेलबाट १८ स्वर्ण पदक ल्याउने आस नेपालले गरेको प्रमुख योगीले बताए।

| | | | नोभेम्बर, २०१९ | | | | डिसेम्बर, २०१९ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रम संख्या | खेल | स्थान | २७ | २८ | २९ | ३० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | उद्घाटन समारोह | दशरथ रंगशाला | | | | | ■ | | | | | | | | | |
| १ | आर्चरी | पोखरा रंगशाला | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | |
| २ | एथलेटिक्स | दशरथ रंगशाला | | | | | | | ■ | ■ | ■ | ■ | ■ | | | |
| ३ | बास्केटबल | कभर्ड हल, त्रिपुरेश्वर | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ |
| ४ | थ्रिएक्स बास्केटबल | कभर्ड हल, त्रिपुरेश्वर | | | | | | | | | | | ■ | ■ | ■ | |
| ५ | ब्याडमिन्टन | कभर्ड हल, पोखरा | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| ६ | बक्सिङ | कराँते हल, सातदोबाटो | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ |
| ७ | क्रिकेट (पुरुष) | काठमाडौं | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| ८ | क्रिकेट (महिला) | पोखरा रंगशाला | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| ९ | साइकिलिङ | गोकर्ण | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | | |
| १० | फेन्सिङ | नयाँ बजार किर्तिपुर | | | | | | | | | | ■ | ■ | ■ | ■ | |
| ११ | फुटबल (पुरुष) | काठमाडौं | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| १२ | फुटबल (महिला) | पोखरा रंगशाला | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| १३ | गल्फ | गोकर्ण | | | | | | | ■ | ■ | ■ | ■ | | | | |
| १४ | ह्याण्डबल | कभर्ड हल, पोखरा | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| १५ | जुडो | आर्मी फिटनेस, लगनखेल | | | | | | | | | | | ■ | ■ | ■ | ■ |
| १६. | कबड्डी | टियू, किर्तिपुर | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| १७. | कराँते | कराँते हल, सातदोबाटो | | | | | ■ | ■ | ■ | ■ | | | | | | |
| १८ | खो-खो | नयाँ बजार, कीर्तिपुर | | | | | | ■ | ■ | ■ | ■ | | | | | |
| १९ | स्विमिङ | सातदोबाटो | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | |
| २० | सुटिङ | सातदोबाटो | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | |
| २१ | स्क्वास | सातदोबाटो | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ |
| २२ | टेबल टेनिस | टिटि हल, लैनचौर | | | | | | | ■ | ■ | ■ | ■ | ■ | | | |
| २३ | टेनिस | सातदोबाटो | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| २४ | तेक्वान्दो | सातदोवाटो | | | | | | ■ | ■ | ■ | ■ | ■ | | | | |
| २५ | ट्राथलन | लेक साइड, पोखरा | | | | | | ■ | ■ | ■ | | | | | | |
| २६ | भलिबल | कभर्ड हल त्रिपुरेश्वर | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | |
| २७ | बिच भलिबल | लेकसाइड, पोखरा | | | | | | | | | ■ | ■ | ■ | ■ | | |
| २८ | भारोत्तोलन | माटेपानी, पोखरा | | | | | | | | | ■ | ■ | ■ | ■ | | |
| २९ | कुस्ती | जनकपुरधाम | | | | | | | | | | ■ | ■ | ■ | ■ | |
| ३० | उसु | आर्मी फिटनेस, लगनखेल | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | |
| | समापन समारोह | दशरथ रंगशाला | | | | | | | | | | | | | | ■ |

खेल तालिका प्राविधिकले परिवर्तन गर्न सक्नेछन्।

13th SOUTH ASIAN GAMES - 2019 आवरण

# जसप्रति आश टिकेको छ

**१३ औं दक्षिण एसियाली खेलकुद (साग) आफ्नै भूमिमा हुन लागेको स्थितिमा घरेलु खेलाडीबाट अपेक्षा हुनु स्वाभाविक पनि हो । यसपल्टको प्रतियोगितामा को-को खेलाडी नेपालका लागि चम्कन सक्नेछन् त ? उनीहरुको खेल हेर्नैपर्ने खेलाडी यस प्रकार छन् ।**

## गौरिका सिंह, पौडी


नेपालले अहिलेसम्म सागको पौडीमा व्यक्तिगत स्वर्ण जित्न सकेको छैन । यसअघि टिम स्पर्धामा प्राप्त स्वर्ण पनि नाम मात्रकै भएको सबैलाई थाहा छ । त्यसैले के नेपालले यसपल्ट कसैले पौडीमा व्यक्तिगत स्वर्ण जित्न सक्नेछ त ? यो प्रश्नको उत्तर टिकेको छ, नेपाली पौडीका सनसनीपूर्ण खेलाडी गौरिका सिंहमा । उनको उद्देश्य नै स्वर्ण पदक जित्नु हो । इंग्ल्यान्डमा रहेर अभ्यास गरिरहेका गौरिकाले यसअघिको सागमा २ रजत पदक जितेकी हुनाले पनि यसपल्ट स्वर्णको सम्भावना बढेको हो ।



## प्रतिभा माली, भलिबल

नेपालले हालै मात्र बंगलादेशमा भएको एभीसी सेन्ट्रल जोनको उपाधि जित्दा नेपाली टिमका लागि सबैभन्दा ठोस योगदान दिने खेलाडी थिइन्– प्रतिभा माली । त्यसैले उनी प्रतियोगिताकै उत्कृष्ट खेलाडी पनि चुनिइन् । ओपनर स्पाइकरका रूपमा प्रस्तुत हुने न्यू डाइमन्ड एकेडेमीकी यी खेलाडी घरेलु नेपाली भलिबलमा अहिलेको पुस्ताका सबैभन्दा ठूलो स्टार हुन् । नेपालले महिला भलिबलमा पदकको आश गर्ने हो भने प्रतिभाले राम्रो नखेलेर सुखै छैन ।






## ज्ञानेन्द्र हमाल, तेक्वान्दो

नेपाली तेक्वान्दो सागमा फर्कने प्रयासमा छ भने त्यसका लागि सबैभन्दा बढी भूमिका खेल्न सक्ने खेलाडी हुन्,– ज्ञानेन्द्र हमाल । नेपालले स्वर्ण पदकका लागि सबैभन्दा बढी आस गर्न सक्ने खेलाडी नै हुन् । यस्तो दाबी गर्नका लागि ठोस कारण पनि रहेको छ । नेपालले भर्खर चीनमा प्रशिक्षण लिने क्रममा माथिल्लो स्तरको प्रतियोगिता खेलेको थियो । त्यसमा नेपालले एक रजत पदक पनि जितेको थियो र सुखद् संयोग हो, यी खेलाडी हुन्– तिनै ज्ञानेन्द्र ।



## सोमबहादुर कुमा, एथलेटिक्स

पछिल्लो समय नेपाली एथलेटिक्सको सबैभन्दा ठूलो समस्या हो, कुनै स्टार खेलाडी नहुनु । त्यस अर्थमा नेपाली एथलेटिक्स ग्ल्यामरविहीन रहेको छ । सम्भवतः यो कमीको पूर्ति हुन सक्छ, ८ सय मिटरका कीर्तिमान धावक सोमबहादुर कुमालबाट । एथलेटिक्समा माथिल्लो स्तरको पदकको सम्भावना बोकेका खेलाडी यिनै हुन् । नेपाली सेनामा प्रवेशपछि उनको खेलमा अझ सुधार आएको छ । राष्ट्रिय कीर्तिमानधारी खेलाडीका रूपमा उनीबाट धेरै अपेक्षा गर्न सकिन्छ ।

## अनु अधिकारी, कराँते

कराँते खेल आफैंले सागमा पुनरागमन गर्दैछ, त्यसमाथि नेपाली कराँते पुराना सबै पीडा भुलेर यसपल्ट राम्रो प्रदर्शन गर्ने विश्वासमा छ । यसका लागि सबैभन्दा भरपर्दो खेलाडी हुन्– महिलातर्फकी अनु अधिकारी । एसियाली पदकबाट केही दूरीले मात्र चुकेकी यी खेलाडीले दक्षिण एसियाली स्तरमा अहिलेसम्म कुनै ठूलो सफलता हात पार्न सकेकी छैनन् । त्यसैले उनलाई युवा खेलाडीसामु यसपल्टको सागमा राम्रो प्रदर्शन गर्ने र नेपाली कराँतेलाई खुसी पार्ने अवसर छ ।



## सुजल श्रेष्ठ, फुटबल

नेपाल पुरुष फुटबलको डिफेन्डिङ च्याम्पियन हो, यस्तोमा यही टिमबाट राम्रो प्रदर्शनको आशा गर्नु स्वाभाविक पनि हो । नेपालको यू-२३ टिम यसपल्ट सुजल श्रेष्ठको नेतृत्वमा ओर्लिंदै छ । नेपाली राष्ट्रिय टिमका पनि नियमित सदस्य रहेका सुजललाई पछिल्लो समय कप्तानीका लागि राम्रो विकल्प मान्न थालिएको छ । मध्यपंक्तिमा खेल्ने यी खेलाडीकै प्रदर्शनमा नेपालको खेल टिक्नेछ । उनी कति आत्मविश्वासी छन् भने भारतलाई हराएर स्वर्ण जित्ने हाम्रो धोको यसपल्ट पूरा हुनेछैन, यसमै दुःख छ ।











## नमिता श्रेष्ठ र सान्टु श्रेष्ठ, टेबल टेनिस

नेपाल टेबल टेनिसमा महिलातर्फ नम्बर १ खेलाडी हुन्– नमिता श्रेष्ठ । पुरुषतर्फ भने नम्बर १ हुन्– सान्टु श्रेष्ठ । संयोगले उनीहरू गुरु-चेला पनि हुन् । नमिताकै रेखदेखमा सान्टु हुर्केका हुन् भन्दा फरक पर्दैन । यसपल्टको सागमा नेपालले मिक्स डबल्समा स्वर्णको अपेक्षा राखेको छ र यसका लागि चुनौती पेस गर्ने जोडीनै हुन् । लामो समयदेखि नमिताले नेपाली टेबल टेनिसमा एकछत्र राज गर्दै आएकी छिन् । अब त्यस्तै प्रदर्शन गर्ने पालो हो, सागमा ।

## सावित्रा भण्डारी, फुटबल

प्रशिक्षक हरि खड्काको भनाइ मान्ने हो भने सावित्रा भण्डारी दक्षिण एसियाली महिला फुटबलकै सर्वाधिक उत्कृष्ट खेलाडी हुन् । यी फरवार्ड एक प्रकारले गोल मेसिन पनि हुन्, उनले नेपालका लागि कीर्तिमान ३१ गोल गरिसकेकी छन् । नेपालले यसपल्ट स्वर्ण जित्ने हो भने धेरै अर्थमा टिमको प्रदर्शन यिनै खेलाडीमा टिक्नेछन् । सावित्राले पनि भनेकी छन्, जति बेलासम्म भारतलाई हराएर नेपाललाई पहिलो बनाउन सकिन्न, त्यति बेलासम्म उनले राहत महसुस गर्ने छैनन् ।

जाँदाजाँदै

# 'समाचार सुनेपछि शून्य भएँ'



**सन् १९७९ मा बौद्धमा जन्मिएका मनोज सिंह अहिले मनोज नेवाको नामले परिचित छन् । आठ वर्षको उमेरदेखि बाँसुरी बजाउँदै आएका उनी ३३ वर्षको निरन्तरतापछि ग्रामी एवार्डका लागि मनोनयनमा पर्ने पहिलो संगीत साधक बनेका छन् । संगीतका लागि विश्वकै सर्वोच्च पुरस्कार मानिने ग्रामी एवार्डमा नेपाली संलग्नता संगीत सिर्जना मनोनयनमा परेको यस एल्बममा गायत्री मन्त्रको भक्ति संगीत सुन्न पाइन्छ । मनोज डेढ दशकभन्दा अघिदेखि अमेरिकाको सानफ्रान्सिस्कोमा बस्दै आएका छन् । नेपालमा रहँदा सुकर्म समूह, १९७४ एडी ब्याण्डसँग बाँसुरीवादकका रूपमा संलग्न थिए, उनी । साप्ताहिकका लागि सिर्जना दुवाल श्रेष्ठले गरेको अनलाइन कुराकानी :**

**ग्रामी एवार्डको मनोनयनको समाचार सुनेपछि कस्तो अनुभव भयो ?**
मलाई देवा र मिनेटले फोन गरेर हामी ग्रामीमा मनोनयन भयौं भनेर सुनाएका थिए । एकपटक त मलाई सपना झैं लाग्यो । विश्वका हरेक संगीतज्ञको सपना हो, ग्रामी । समाचार सुनेपछि एकछिन त शून्य भएँ । त्यसपछि मैले सानैदेखि बजाउने किराँतेश्वर संगीत आश्रमको मञ्चलाई सम्झें ।

**ग्रामी एवार्ड पाउनुभयो भने के गर्नुहुन्छ ?**
मैले कहिले पनि पुरस्कार, सम्मानका लागि संगीतलाई सोचिन । यो एवार्ड पायो भने नेपाली संगीत पनि ग्रामीसम्म पुग्यो भनेर खुसी हुन्छु । नपाउँदा पनि अझैं राम्रो बजाउने कोसिसमा रहनेछु । ग्रामी एवार्डमार्फत धेरै माझ म क्लिक भएँ । यसैमा दंग छु ।

**कसरी ग्रामी एवार्डको मनोनयनसम्म पुग्नुभयो ?**
जर्मनीकी देवा प्रेमल र बेलायतका मिटेनसँगको संयुक्त एल्बम 'देवा' का लागि ग्रामीको 'बेस्ट न्यू एज एल्बम' विधामा छानिएको हो । हामी तीन जनाको संयुक्त सहकार्य नै यसको हकदार हो ।

**देवा प्रेमल र मिटेनसँग लामो सांगीतिक यात्रा गरिरहनुभएको छ । तपाईंहरूको पूर्वीय र पश्चिमी केमेस्ट्री कसरी जम्यो ?**
अमेरिका गएदेखि बाँसुरीवादनलाई निरन्तरता दिइरहें । यसै क्रममा मलाई सान फ्रान्सिस्कोका धेरै ठाउँबाट बासुरी बजाउन निम्तो आउन थाल्यो । सांगीतिक कार्यक्रमकै सिलसिलामा देवा र मिटेनसँग भेट भएको हो । उनीहरूमा पूर्वीय दर्शनप्रति प्रेम र आस्था थियो । उनीहरूले आध्यात्मिक भावले गाएको गीत र मन्त्रले मलाई तान्यो । देवा र मिनटलाई चाहिँ मेरो बाँसुरीको धुन कृष्णको धुनजस्तो मीठो लागेको बताउँदै हाम्रो सामीप्यता बढ्यो र सहकार्य हुन थाल्यो । यो सहकार्य पनि १५ वर्ष भइसकेको छ । उनीहरूमा पूर्वीय दर्शन, चिन्तन यति छ कि मैले बजाउने बाँसुरीसँग ऊर्जात्मक केमेस्ट्री मिलेको अनुभव हुन्छ । यही ऊर्जात्मक केमेस्ट्रीकै परिणाम हो, यस पटकको ग्रामी एवार्डमा मनोनयनमा पर्नु ।

**यस एल्बममा खास कुन खुराक छ जसले यो सफलता हासिल गऱ्यो ?**
आध्यात्मिक र संगीतलाई साधना र पूजाका रूपमा हाम्रो प्रस्तुति नै यसको खुराक भन्न मिल्छ होला । यो एल्बम गायत्री मन्त्रको भक्तिसंगीत हो ।

**सफल हुनुको कारण के ठान्नुहुन्छ ?**
म अमेरिकामा बस्न थालेपछि मनमा एउटै कुरा खेलिरहन्थ्यो । नेपालमा भन्दा म यहाँबाट नेपाली धर्म, संस्कृति र संगीतमा योगदान दिन सक्छु । मलाई पहिलेदेखि लाग्थ्यो संगीत एउटा यस्तो माध्यम हो जसको लागि भूगोलको सीमाले न छेक्छ, न कुनै भाषा, धर्म, संस्कृति र जातकै सीमाभित्र रहन्छ । त्यही भएर मैले अमेरिकामा रहेर नेपाली संगीतलाई नै प्राथमिकता दिँदै लगेँ । साथै मेरो, देवा र मिनटको समूहको निरन्तरता पनि हो । हाम्रो यो सातौं एल्बम हो । जसबाट हामी सफल भएको महसुस हुन थाल्यो ।

**नेपाली संगीत अन्तर्राष्ट्रिय स्तरमा पुग्न सक्छ भन्ने सन्देश पनि हो यो ?**
भारतमै गौण रूपमा पाएको यो एवार्ड नेपालीले पाउँछ भन्ने सोचसमेत राखिएको पाइँदैन तर नेपालको संगीत त्यसमा पनि शास्त्रीय संगीत र वाद्यवादकको कुरा गर्नुपर्दा सक्षम कलाकारहरू धेरै छन् तर पहुँचको कमी जस्तो लाग्छ । संगीतलाई अन्तर्राष्ट्रियकरण गर्दै लानुपर्छ जस्तो लाग्छ ।

**अमेरिका बसाइ कति उपलब्धिमूलक छ ?**
अमेरिकामा सबै देशका संस्कृति छन् र ती सबैलाई सम्मान पनि गरिन्छ । भारतका वरिष्ठ स्रस्टाहरू जाकिर हुसैन, रविशंकरले पनि अमेरिकाबाटै संघर्ष गरे । यहाँ राम्रो र असल चिजको सम्मान हुने रहेछ भन्ने बुझें ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **राजाराम गौतम**